सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० भदौ २०८२, सोमबार (15 Sep 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संकटको समयमा गुप्तचर नेतृत्वविहीन

राष्ट्रिय अनुसन्धान विभागका प्रमुख (मुख्य अनुसन्धान निर्देशक) हुतराज थापाले शनिबारदेखि अवकाश पाएसँगै विभाग प्रमुखविहीन बनेको छ। राजनीतिक संक्रमणकालका कारण निमित्त प्रमुख पनि तोकिएको छैन।

(विस्तृत पृष्ठ २)

खण्डहर बने प्रमुख दलका कार्यालय







- आगजनीबाट कांग्रेस, एमाले, माओवादी कार्यालय ध्वस्त, कार्यकर्ता सरसफाइमा, तत्काल सञ्चालनमा नआउने
- एकीकृत समाजवादीको कार्यालय भवन बच्चो, कागजात र फर्निचर जलाइए

(विस्तृत पृष्ठ ३)

आन्दोलनले दिएको युगान्तकारी परिवर्तनको अवसर



अग्रलेख

- डा. डिबी कट्टेल

जेन-जी आन्दोलनले देशका नेतृत्वकर्ता सही दिशामा हिँडेनन् भने कुनै दिन उनीहरू लखेटिनेछन् भन्ने ठुलो प्रमाण देखाइदिएको छ

(पृष्ठ ४)

सातामै ७०%सम्म महँगियो तरकारी

बेमौसमी उत्पादन र भारतीय आलु, प्याज, गोलभेँडाको भाउ बढ्न थालेको व्यवसायीको भनाइ, स्वदेशी उत्पादनको भने भाउ घट्यो



आगजनीले सर्भर र प्रिन्टर जलेपछि लाइसेन्स छपाइ र वितरण बन्द

(विस्तृत पृष्ठ ६)

NIMB AUTO LOAN @6.29% p.a.

■ सर्वस्वीकार्य टिम खोज्दै प्रधानमन्त्री

पहिलो चरणमा तीन मन्त्री नियुक्त

समाजका सबै पक्षको प्रतिनिधित्व हुने गरी विज्ञहरूसहितको मन्त्रिपरिषद् विस्तार गर्ने प्रधानमन्त्री कार्कीको चाहना

■ नयाँ सरकारमा उपप्रधानमन्त्री नराखिने

■ सविता बनिन् पहिलो महिला महान्यायाधिवक्ता



प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार वरिष्ठ अधिवक्ता सविता भण्डारीलाई महान्यायाधिवक्ता नियुक्त गरेका छन्। २००९ देखि हालसम्म महान्यायाधिवक्ता बनेका ३० जना सबै पुरुष थिए।

कमलराज भट्ट, मिलन विश्वकर्मा

६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन गराउने मुख्य म्यान्डेटसहित गठित नागरिक सरकारका प्रधानमन्त्री सुशीला कार्कीले पहिलो चरणको मन्त्रिपरिषद् विस्तार गरेकी छिन्। शुक्रबार प्रधानमन्त्रीमा नियुक्त कार्कीले आइतबार पदभार सम्हालेपछि तीन मन्त्री नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेकी हुन्। राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रीहरू नियुक्त गरेका छन्। सोमबार उनीहरूको शपथ हुनेछ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले तीनजना मन्त्री नियुक्त भएको

» पृष्ठ २ मा क्रमशः

■ खनाल, घिसिङ र अर्याल नियुक्त, अरू दुई मन्त्री पनि थपेर पाँचजनालाई आज शपथ गराउने तयारी



अर्थमन्त्री

रामेश्वर खनाल

खनाल पूर्वअर्थसचिव हुन्। करछली गर्नेलाई मन्त्रीले कारबाही गर्न नदिएपछि राजीनामा दिएर पदीय स्वच्छता प्रदर्शन गरेर उनले इमान जोगाएका थिए। कर्मचारीतन्त्रमा उनी कुशल प्रशासकका रूपमा चिनिन्छन्। ०६३ साउनमा राजस्वसचिव बनेका खनालले १५ भदौ ०६५ मा अर्थसचिवको जिम्मेवारी पाएका थिए। करछली, नक्कली भ्याट बिल छानबिन, पूरक बजेटलगायत विषयमा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीसँग मतभेद भएपछि उनले १४ चैत ०६७ मा राजीनामा दिएका थिए।

'उज्यालो नायक' घिसिङले विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा देशलाई १८ घण्टासम्मको लोडसेडिङबाट मुक्ति दिलाएका थिए। ०७२/७३ मा आठ अर्ब ८९ करोड नोक्सानीमा रहेको प्राधिकरणलाई उनले ०८१ असारसम्म ४६ अर्ब ४७ करोड सञ्चित नाफामा पुऱ्याएका थिए। उनकै पालामा भारत र बंगलादेशसम्म व्यावसायिक रूपमा विद्युत् निर्यात सुरु भयो। पछिल्लोपटक बक्यौता नतिर्ने उद्योगीबाट रकम उठाउने अभियान सुरु गरेका थिए। तर, तत्कालीन प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले उनलाई पदबाट नै हटाए।



ऊर्जामन्त्री

कुलमान घिसिङ

(सहरी विकास र भौतिक पूर्वाधार मन्त्रालय पनि जिम्मा)



गृहमन्त्री

ओमप्रकाश अर्याल

(कानुन मन्त्रालयको पनि जिम्मा)

कानुन व्यवसायी अर्याल नागरिक सरोकारका विषयमा सर्घै वकालत गरिराखेका हुन्छन्। तत्कालीन केपी ओली नेतृत्वको सरकारले गरेको गिरिबन्धु टी-इस्टेटलाई हदबन्दीभन्दा बढीको जग्गा सट्टापट्टा गर्न दिने निर्णयविरुद्ध सर्वोच्चमा रिट निवेदन दिनेमध्ये एक उनी पनि थिए। जसमा सर्वोच्चले सट्टापट्टा र शोधभर्नाको निर्णय उल्ट्याएको थियो। अर्यालले तत्कालीन प्रधानमन्त्री ओलीले गरेको संसद् विघटनविरुद्ध पनि मुद्दा दायर गरेका थिए। सो मुद्दामा सर्वोच्चले संसद् पुनर्स्थापना गरेको थियो। त्यस्तै, अध्यादेशको बलमा गरिएको ५२ जनाको संवैधानिक नियुक्तिविरुद्ध पनि उनले मुद्दा लडेका थिए। उनी दुई दशकदेखि वकालत पेसामा छन्।

■ कार्यभार सम्हाल्दै प्रधानमन्त्री कार्कीको घोषणा

सत्ता र पदको रसास्वादन गर्न आएकी होइन, ६ महिनाभन्दा बढी बस्दिनँ



कार्यभार सम्हालेपछि सचिवसहितका कर्मचारीलाई सम्बोधन गर्दै प्रधानमन्त्री सुशीला कार्की

नयाँ पत्रिका

अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएको दुई दिनपछि आइतबार पदभार ग्रहण गरेकी सुशीला कार्कीले आफू सत्ता र पदको रसास्वादन गर्न नआएको बताएकी छिन्। आन्दोलनको आवश्यकताले प्रधानमन्त्री बनाएको भन्दै उनले प्राप्त जिम्मेवारी तोकिएको समयमै पूरा गर्ने र ६ महिनाभन्दा बढी पदमा नबस्ने घोषणासमेत गरेकी छिन्।

'जुन परिस्थितिमा म आएँ, कुनै रहरले आएकी होइन। सडकबाट, जतातैबाट सुशीला कार्कीलाई जिम्मा देऊ भनेर आवाज उठ्यो। मैले पनि विवश हुनुपऱ्यो,' सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कार्यभार सम्हाल्दै उनले भनिन्, 'हामी सत्ताको, पदको रसास्वादन गर्न आएको होइन। त्यो मेरो उमेर पनि होइन। ६ महिनाभन्दा बढी अवधि कुनै पनि हालतमा बस्दैनौं। आफ्नो काम गरेर नयाँ आउने संसद् र मन्त्रीहरूलाई जिम्मेवारी र दायित्व सुम्पिने अठोट

» पृष्ठ २ मा क्रमशः

■ आन्दोलनमा ज्यान गुमाएकालाई सहिद घोषणा र परिवारलाई जनही १० लाख दिइने

मृतकका परिवार काठमाडौं बस्दाको खर्च व्यहोर्ने, सम्बन्धित ठेगानामा शव पुऱ्याउन व्यवस्था मिलाउने

■ आन्दोलनमा योजनाबद्ध रूपमै षड्यन्त्र भएको भन्दै अनुसन्धान र कारबाही गर्ने प्रतिबद्धता

■ जेन-जी आन्दोलन

मृतकको संख्या ७२ पुग्यो, अझै १५ जना आइसियूमा

आइतबार प्रधानमन्त्री सुशीला कार्कीको पदभार ग्रहण कार्यक्रममा मुख्यसचिव एकनारायण अर्यालले दिएको जानकारीअनुसार आन्दोलनमा अहिलेसम्म ५९ प्रदर्शनकारी/सर्वसाधारण, १० कैदीबन्दी र तीन सुरक्षाकर्मी गरी ७२ जनाको ज्यान गइसकेको छ। त्यस्तै, १३४ सर्वसाधारण र ५७ सुरक्षाकर्मीसहित १९१ घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।



आन्दोलनका क्रममा २३ भदौमा तनावग्रस्त बानेश्वर क्षेत्र

■ गौशालामा गोली लागेर मारिएका २१ वर्षीय प्रवीण कुलुङकी दिदी अनिता ताम्बुसाको अनुरोध-



जति पनि आमाको काख रित्तिएको छ, जसरी ताकी-ताकी हाम्रो बच्चालाई गोली हानेका छन्, तिनीहरूलाई पनि हान्नुपर्ने ज्वालामुखी फुटेको छ। अपराधी हत्याराहरूलाई खोजेर हदैसम्मको कारबाही होस् भन्ने सम्पूर्ण आमाहरूको तर्फबाट माग गर्न चाहन्छु।

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी प्रदर्शनका क्रममा मृत्यु हुनेको संख्या ७२ पुगेको छ। नेपाल प्रहरीका अनुसार गोली लागेर, आगलागी भएका भवनमा जलेर र कुटपिटबाट उनीहरूको मृत्यु भएको हो। मृत्यु हुनेमा जेन-जी, प्रदर्शनकारी, प्रहरी, कैदीबन्दी र भारतीय नागरिकसमेत छन्।

आन्दोलनको सुरुको दिन २३ भदौमा २१ जना र अर्को दिनको

» पृष्ठ २ मा क्रमशः

सिंहदरबारमा कर्मचारीको चहलपहल सुरु

भवनदेखि, कुर्सी-टेबुल र सवारी व्यवस्थापन गरिँदै







आइतबार ठुलो संख्यामा कर्मचारी सिंहदरबारमा आफू कार्यरत मन्त्रालय तथा कार्यालयमा काम गर्न उपस्थित भएका थिए। तर, काम गर्ने कार्यालयको भवन र संरचनामा क्षति पुगेका कारण उनीहरूले काम गर्न पाएनन्। ठुलो क्षति पुगेका मन्त्रालय तथा कार्यालयमा कर्मचारीले हाजिर गर्ने अवस्थासमेत थिएन। सरसफाइको काम भइरहेको छ।

तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका

सुवास भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा आगजनी र तोडफोड गरिएका सिंहदरबारस्थित मन्त्रालय र कार्यालयहरू सञ्चालनमा ल्याउन हम्मेहम्मे परेको छ। खासगरी नियमित प्रकृतिको सेवा प्रवाह गर्ने कार्यालयमा सेवाग्राही प्रभावित भएका छन्। कर्मचारीहरू पनि कार्यालयमा गएर काम गर्न सक्ने अवस्था छैन। भवन र संरचनामा क्षति पुगेकाले बस्ने र काम गर्ने वातावरण छैन। अझ महत्त्वपूर्ण त कार्यालयका कागजात र अभिलेख नै नष्ट भएका छन्।

आइतबार ठुलो संख्यामा कर्मचारी सिंहदरबारमा आफू कार्यरत मन्त्रालय तथा कार्यालयमा काम गर्न उपस्थित भएका थिए। तर, काम गर्ने कार्यालयको भवन र संरचनामा क्षति पुगेका कारण उनीहरूले काम गर्न पाएनन्। ठुलो क्षति पुगेका मन्त्रालय तथा कार्यालयमा कर्मचारीले हाजिर गर्ने अवस्थासमेत थिएन।


सिंहदरबारमा २२ वटा मन्त्रालय छन्। स्वास्थ्य मन्त्रालयबाहेकका सबै मन्त्रालय सिंहदरबारपरिसरमा छन्। आन्दोलनकारीले सिंहदरबारका प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह, शिक्षा र ऊर्जा मन्त्रालयमा धेरै क्षति पुऱ्याएका छन्। स्वास्थ्य मन्त्रालयले त भन्नै ठुलो क्षति व्यहोरेको छ। यसबाहेक कृषि, भौतिक पूर्वाधार, संघीय मामिला, महिला, बालबालिका मन्त्रालयमा पनि क्षति छ। अर्थ, परराष्ट्र, सञ्चार, सहरी विकास मन्त्रालयमा पनि केही क्षति पुऱ्याइएको छ।

सिंहदरबारपरिसरभरि रहेका

» पृष्ठ २ मा क्रमशः

सत्ता र आन्दोलनकारीको चेपुवामा परेको प्रहरी

डढेको भवन त बन्ला ! जलेको मन ?



बौद्धस्थित प्रहरी वृत्त



प्रदर्शनकारीले आगो लगाएको गौशालास्थित प्रहरी वृत्तको कार्यालय

टेकराज थामी/नयाँ पत्रिका

२४ भदौको अपराह्न जेन-जीको आवरणमा उत्तेजक भिडले आक्रमण गरेपछि महाराजगन्ज वृत्तका प्रहरी सकेसम्म कार्यालय जोगाउने प्रयत्नमा थिए। तर, भिड रोक्न प्रहरीको जोड चलेन। भवन त के ज्यानै जोगाउन सकस

» पृष्ठ २ मा क्रमशः

यसरी उठ्छ प्रहरीको मनोबल

- **हेमन्त मल्ल**

पूर्वडिआइजी, नेपाल प्रहरी



सबैभन्दा ठुलो क्षति नेपाल प्रहरीले व्यहोरेको छ। मनोबल पनि उनीहरूकै गिरेको छ। गिरेको मनोबल माथि नउठाई शान्तिसुरक्षाको काम हुन सक्दैन। त्यसैले नवगठित सरकारको पहिलो काम प्रहरीको मनोबल उठाउनेतर्फ केन्द्रित हुनुपर्छ। घाइते प्रहरीलाई अस्पतालका बेडमै पुगेर भेट्न जरुरी छ। जलेका भग्नावशेष अवलोकनमा खटिनु जरुरी छ। पहिलो चरणमा प्रहरीलाई घेराबन्दी गर्ने, कुटपिट गर्ने, ज्यान मार्ने, आगजनी गर्ने, हतियार लुट्ने, बर्दीको दुरुपयोग गर्ने धन्दामा संलग्न अभियुक्तलाई तत्काल पक्राउ गरी देखिने गरी कारबाही गर्न आवश्यक छ। सुरुवाती चरणमा यति काम गर्न सके केही मात्रामा भए पनि सुरक्षाकर्मीको मनोबल उठाउन सकिन्छ।

जेन-जी आन्दोलनका सहिद परिवारलाई प्रधानमन्त्रीको उपेक्षा

भेटका लागि दिनभर बालुवाटारमा कुरे, राति निकालिएपछि धर्नामा बसे



काठमाडौं/ जेन-जी आन्दोलनका सहिद परिवारले प्रधानमन्त्री सुशीला कार्कीले उपेक्षा गरेको गुनासो गरेका छन् । दिनभर कुराएर भेट नदिएको तथा माग सम्बोधनमा चासो नदिएको भन्दै उनीहरू आइतबार राति प्रधानमन्त्रीको सरकारी निवासबाहिर धर्नामा बसेका छन् । आफूहरूलाई बेवास्ता गरी प्रधानमन्त्री कार्की सत्ताको खेलमा लागेको गुनासो उनीहरूको छ ।

प्रधानमन्त्री कार्कीले प्रतिबद्धताबमोजिम आफूहरूको माग पूरा नगरेको र दिनभर कुराएर भेटसमेत नदिएको उनीहरूको आरोप छ । भेट नदिई बालुवाटारबाट निकालेको भन्दै आक्रोशित उनीहरू प्रधानमन्त्री निवासको गेटमा राति धर्ना बसेका हुन् । धर्नामा जेन-जी समूहको नेतृत्व गरिरहेका सुधन गुरुङ आफ्नो टिमसहित पुगेका थिए । उनले सहिद परिवारको कुरा बालुवाटारभित्र पुर्‍याउने प्रयास गरेपछि सम्भव भएन ।

सहिद परिवारका सदस्यले पाँचवटा माग अघि सारेका छन् । मृतकलाई राष्ट्रिय सहिद घोषणा गर्ने, उनीहरूको राजकीय अन्त्येष्टि र शव यात्रा गरिदिने पहिलो माग छ । दोस्रोमा परिवारलाई उचित क्षतिपूर्तिका साथै रोजगार, बिमा, शिक्षाको प्रबन्ध गर्नुपर्ने माग छ । तेस्रोमा अब बन्ने विभिन्न समितिहरूमा सहिद परिवारको प्रतिनिधित्व हुनुपर्ने माग छ । चौथोमा विमानस्थलमा फोटोहरू राखेर सहिदप्रति सम्मान दिनुपर्ने र पाँचौं माग सालिकसहित एउटा सहिद पार्क बनाइदिनुपर्नेछ ।

प्रधानमन्त्री कार्कीले शनिबार सहिद परिवारसँगको भेटमा मागहरू सम्बोधन गर्ने मौखिक प्रतिबद्धता जनाएकी थिइन् । आइतबार बालुवाटार आमन्त्रण गरेकी थिइन् । प्रधानमन्त्रीको आमन्त्रणअनुसार ८ बजे नै बालुवाटार पुगेका सहिद परिवारले रातिसम्म पनि प्रधानमन्त्री भेट्न पाएनन् । १० बजेपछि सेनाले उनीहरूलाई बाहिर निकालेपछि गेटमा धर्ना दिएका हुन् ।

'हिजो हामीलाई तपाईंहरूको सम्पूर्ण माग पूरा हुन्छ, बिहान ९ बजे आउनु भन्नुभएको थियो,' धर्नामा बसेका सहिद परिवारका सदस्य कमल सुवेदीले भने, 'दिनभरि झुलाइदिए । हुन्छ-हुन्छ भनेर बालुवाटारमा कुराएर राखे । १० बजे राति निस्केर जाऊ भने ।' आन्दोलनमा भान्जा रोशन न्यौपाने गुमाएका सुवेदी प्रधानमन्त्रीले सहिद परिवारको भावनासँग खेलबाड गरेको गुनासो गरे । आफूहरूले जायज माग नै राखेको उनको भनाइ छ । 'माग खासै ठुला थिएनन् । तर, गर्ने भन्दाभन्दै हाम्रै भावनासँग खेलियो,' उनले भने, 'हाम्रै बलिदानबाट बनेको सरकारले हामीमाथि खेलबाड गरिदिँदा दुःख लागेको छ । बलिदानीबाट बनेको प्रधानमन्त्रीसँग आस थियो ।'

पहिलो चरणमा...

पृष्ठ १ बाट क्रमशः

बताए । उनका अनुसार गृह र कानुन मन्त्रालयको जिम्मेवारी अधिवक्ता ओमप्रकाश अर्यालले पाएका छन् । जेन-जी आन्दोलनपछि अर्यालले संसद् विघटन र अन्तरिम सरकार गठनमा सहजकर्ताको भूमिका खेलेका थिए । उनी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहका कानुनी सल्लाहकार पनि हुन् ।

यसैगरी, अर्थमन्त्रीमा रामेश्वर खनाल नियुक्त भएका छन् । खनाल पूर्वअर्थसचिव हुन् । यसैगरी, नेपाल विद्युत् प्राधिकरणका पूर्वनिर्देशक कुलमान घिसिङ ऊर्जामन्त्री बनेका छन् । उनलाई भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयको जिम्मेवारी पनि दिइएको छ । नयाँ सरकारमा उपप्रधानमन्त्री भने नराखिने भएको छ ।

प्रधानमन्त्री कार्कीले समाजका सबै पक्षको प्रतिनिधित्व हुने गरी मन्त्रिपरिषद् विस्तार गर्न खोजेको स्रोत बताउँछ । चुनाव गराउनुपर्ने जिम्मेवारी र यसका लागि सर्वस्वीकार्य टिम चाहिने धारणा प्रधानमन्त्रीको कार्कीको रहेको निकट स्रोतको भनाइ छ ।

प्रधानमन्त्री कार्कीले दुर्गा प्रसाईं समूहको सिफारिसमा एकजना, जेन-जी समूहबाट एकजना र अन्य पक्षसँग सम्बन्धित उपयुक्त व्यक्तिलाई पनि मन्त्री बनाउने तयारी गरेको बालुवाटारनिकट स्रोत बताउँछ ।

प्रधानमन्त्रीनिकट स्रोतका अनुसार आइतबार पाँचजना मन्त्री नियुक्त गर्ने तयारी थियो । तर, नाम नटुंगिएपछि सरेको स्रोतको भनाइ छ । स्रोतका अनुसार काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको सिफारिसमा महानगर प्रहरी बल प्रमुख राजु पाण्डे र नेपाली सेनाको तर्फबाट पूर्वरथी बालानन्द शर्मा तथा सुन्दरध्वज थापामध्ये एकजनालाई मन्त्री बनाउने तयारी थियो ।

सविता बनिन् पहिलो महिला महान्यायाधिवक्ता

पहिलो महिला प्रधानमन्त्रीसँगै देशले पहिलो महिला महान्यायाधिवक्ता पनि पाएको छ । प्रधानमन्त्री सुशीला कार्कीले वरिष्ठ अधिवक्ता सविता भण्डारीलाई महान्यायाधिवक्तामा रोजेकी छिन् । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले भण्डारीलाई आइतबार महान्यायाधिवक्तामा नियुक्त गरेका छन् ।

महान्यायाधिवक्ताले सरकारको कानुनी सल्लाहकारका रूपमा काम गर्दछन् । यसअघि केपी ओली सरकारमा रमेश बडाल महान्यायाधिवक्ता थिए । उनले आइबार नै राजीनामा दिएका थिए । नवनियुक्त महान्यायाधिवक्ता भण्डारी वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीकी छोरी हुन् । उनको तीन पुस्ता नै कानुन व्यवसायीको पेसामा छ । २००९ सालदेखि हालसम्म ३० जना महान्यायाधिवक्ता बनेका सबै पुरुष थिए । भण्डारीले पहिलो महिला महान्यायाधिवक्ताका रूपमा इतिहास रचेकी छिन् ।

● रामेश्वर खनाल

अर्थशास्त्रीसमेत रहेका रामेश्वर खनाल पूर्वअर्थसचिव हुन् । करछली गर्नेलाई मन्त्रीले कारबाही गर्न नदिएपछि राजीनामा दिएर पदीय स्वच्छता प्रदर्शन गरेर उनले इमान जोगाएका थिए । कर्मचारीतन्त्रमा कुशल प्रशासकका रूपमा उनी अहिले पनि चर्चामै छन् । ०६३ साउनमा राजस्वसचिव बनेका उनले १५ भदौ ०६५ मा अर्थसचिवको जिम्मेवारी पाएका थिए ।

करछली, नक्कली भ्याट बिल छानबिन, पूरक बजेटलगायत विषयमा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीसँग मतभेद भएपछि उनले १४ चैत ०६७ मा राजीनामा दिएका थिए । उनले करछली गर्नेलाई कारबाही गर्न खोजेका थिए । तर, एमाले मन्त्री अधिकारीले सहयोग नगरेपछि राजीनामा दिएका थिए । यो विषयले त्यतिवेला राष्ट्रिय राजनीतिमै व्यापक चर्चा पाएको थियो ।

अर्थसचिवबाट राजीनामापछि पनि आर्थिक समृद्धिका लागि उनले विभिन्न समयमा बनेका सरकारलाई अर्थशास्त्रीको हैसियतमा सुझाव-सल्लाह दिँदै आएका छन् । डा. बाबुराम भट्टराई प्रधानमन्त्री छँदा आर्थिक सल्लाहकारको जिम्मेवारी सम्हालेका उनले पछिल्लोपटक ०८१ मा सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अध्यक्ष भएर काम गरे । अर्थतन्त्रमा गर्नुपर्ने सुधारका लागि विभिन्न सिफारिस ०८१ चैतमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेललाई बुझाएका थिए, जुन अहिले कार्यान्वयनको चरणमा छ । खनाल सार्वजनिक वित्त व्यवस्थापन, बजेट, कर नीति र वैदेशिक सहायतामा विज्ञ मानिन्छन् ।

● कुलमान घिसिङ

१८ घण्टासम्म लोडसेडिङले आक्रान्त देशलाई उज्यालो बनाएको श्रेय कुलमान घिसिङलाई जान्छ । उनी नेपाल विद्युत् प्राधिकरणमा दुई कार्यकालसम्म कार्यकारी निर्देशक भए । पछिल्लो कार्यकाल केही महिना मात्रै बाँकी छँदा निवर्तमान प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले ११ चैतमा उनलाई बर्खास्त गरेका थिए । १० मंसिर ०२७ मा रामेछापमा जन्मिएका घिसिङ पहिले प्राधिकरणकै कर्मचारी थिए । ११औं तहमा कार्यरत छँदा पहिलोपटक २९ भदौ ०७३ मा प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । चार वर्ष कार्यकाल पूरा गरेर ०७७ भदौमा बिदा भएका उनी दोस्रोपटक २५ साउन ०७८ मा पुनः कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । उनको कार्यकाल २५ साउनसम्म थियो ।

कुलमानले ०७३ कात्तिकमा घरायसी र ०७५ वैशाखमा औद्योगिक क्षेत्रमा लोडसेडिङ अन्त्य गरेका थिए । त्यस्तै, ०७३ असारमा विद्युत् पहुँचलाई ५८ बाट ९९ प्रतिशत पुर्‍याएका थिए । लोडसेडिङ अन्त्य र विद्युत्को पहुँच विस्तार मात्रै होइन, घाटामा रहेको प्राधिकरणलाई नाफामा पुर्‍याउन सफल भएका थिए । उनी कार्यकारी निर्देशक नियुक्त हुनुअघि ०७२/७३ मा आठ अर्ब ८९ करोड नोक्सानीमा रहेको प्राधिकरणले ०७३/७४ मा एक अर्ब ५० करोड नाफा कमाएको थियो । त्यस्तै, सञ्चित नोक्सानी ३४ अर्ब ६१ करोडबाट २८ अर्ब ४२ करोडमा सीमित भएको थियो । त्यसयता प्राधिकरण निरन्तर नाफामा छ । ०८१ असारसम्म प्राधिकरणको सञ्चित नाफा ४६ अर्ब ४७ करोड छ ।

कुलमानकै पालामा ०७८ कात्तिकदेखि भारत र ०८१ कात्तिकदेखि बंगलादेशमा व्यावसायिक रूपमा विद्युत् निर्यात सुरु भएको थियो । उनले विद्युत् चुहावट नियन्त्रण, प्रसारणलाइन निर्माण र प्राधिकरणको संस्थागत विकासमा नमुना काम गरे । बर्खास्तीपछि पनि उनले आर्थिक समृद्धिका लागि 'उज्यालो नेपाल अभियान' चलाइरहेका थिए ।

● ओमप्रकाश अर्याल

जनसरोकारका तीन महत्त्वपूर्ण रिटमा सफलता पाएसँगै चर्चामा आएका अर्याल गुल्मीनिवासी हुन् । उनले संवैधानिक कानुन र मानव अधिकार विषयमा एलएलएम गरेका छन् । हाल उनी संवैधानिक कानुन व्यवसायी मञ्चको अध्यक्ष छन् । अर्याल सार्वजनिक सरोकारको विषयमा रिट हालेर सामाजिक न्यायका लागि लड्दै आएका छन् ।

विद्यार्थीकालदेखि अखिल हुँदै एमालेको राजनीति गरेका अर्याल विवेकशील साझा पार्टी गठन भएपछि उज्ज्वल थापासँग गएका हुन् । तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन गरेपछि उनी राजनीतिमा सक्रिय थिएनन् । त्यसपछि काठमाडौंका मेयर बालेन्द्र शाहको कानुनी सल्लाहकार नियुक्त भएका थिए ।

अर्यालले दायर गरेका केही रिटमा ऐतिहासिक फैसला भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिविरुद्ध अर्यालले दायर गरेको रिटमा नियुक्ति बदर भएको थियो ।

यसैगरी निवर्तमान प्रधानमन्त्री ओली जोडिएको गिरिबन्धु टी-इस्टेट सट्टापट्टाको निर्णयविरुद्ध एक निवेदक अर्याल थिए । यो रिटमा सर्वोच्चले सट्टापट्टा र शोधभर्ना निर्णय उल्ट्याएको थियो । अर्यालले ओलीले गरेको संसद् विघटनविरुद्ध पनि मुद्दा दायर गरेका थिए । सो मुद्दा सर्वोच्चले उल्ट्याइदिएको थियो । अर्यालले ५२ जनाको संवैधानिक नियुक्तिविरुद्ध पनि मुद्दा लडेका थिए । अर्याल दुई दशकदेखि वकालत पेसामा छन् । अर्यालकी पत्नी पनि अधिवक्ता हुन् । उनी हाल सर्वोच्च अदालत बार एसोसिएसनको पदाधिकारी छिन् ।

संकटको समयमा गुप्तचर नेतृत्वविहीन

काठमाडौं/ विषम परिस्थितिमा सक्रिय हुनुपर्ने देशको एक मात्र गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभाग नेतृत्वविहीन बनेको छ । विभागका प्रमुख (मुख्य अनुसन्धान निर्देशक) हुतराज थापाले शनिबारदेखि अवकाश पाएसँगै विभाग प्रमुखविहीन बनेको हो । राजनीतिक संक्रमणकालका कारण निमित्त प्रमुख पनि तोकिएको छैन ।

विभागका अतिरिक्त मुख्य निर्देशक ओम जोशी र टेकेन्द्र कार्की प्रमुख हुने प्रतिस्पर्धामा छन् । प्रधानमन्त्री सुशीला कार्कीले दुईमध्ये कसैलाई पनि निमित्तको जिम्मेवारी दिएकी छैनन् । मन्त्रिमण्डल बनेपछि मन्त्रिपरिषद्बाटै निर्णयको तयारी रहेको स्रोत बताउँछ । मुख्यसचिव एकनारायण अर्यालले दुवै अतिरिक्त मुख्य निर्देशकलाई आ-आफ्नो जिम्मेवारीमा खटिन निर्देशन दिएको प्रधानमन्त्री कार्यालय स्रोत बताउँछ । तर, संकटको समयमा विभागलाई नेतृत्वविहीन राख्दा झन् समस्या आउन सक्ने जोखिम छ । परिवर्तित अवस्थामा विभागलाई चुस्त बनाउन सक्ने नेतृत्व चयन हुनुपर्ने माग उठेको छ ।

सुमनाले छोडिन् रास्वपा

काठमाडौं/ रास्वपा नेतृ एवं निवर्तमान सांसद सुमना श्रेष्ठले पार्टी परित्याग गरेकी छिन् । रास्वपाले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको भन्दै पार्टी परित्याग गरेकी हुन् । यो प्रवृत्तिको विगतदेखि नै आलोचना गर्दै आएको, तर सुनुवाइ नभएको उनको भनाइ छ ।

'कहिल्यै गल्ती नस्विकार्ने । गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने ? पार्टीभित्र आलोचना गर्नेहरूका विरूद्धमा मिडिया ट्रायल गर्ने,' उनले भनेकी छिन्, 'जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति वेलादेखि नै आलोचना गर्दै आएको हुँ । तर, त्यसले कत्ति पनि फरक पारेन । अझ उल्टै मिडिया ट्रायल हुन थाल्यो । यो स्वीकार्य छैन । अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएकी छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नुहोला । आई क्विट, मैले पार्टी छोडेँ ।'

श्रेष्ठले कांग्रेस, एमालेलगायतका पार्टीका तेस्रो पुस्ताका नेताहरूलाई सोच्न अपिल गरेकी छिन् । 'आजको दिनको परिस्थिति आउन तपाईंहरूको भन्दा बढी तपाईंहरूको नेतृत्वको बहिरोपनले हो । त्यो किन बोकेर बस्नुहुन्छ ? अहिले सही समय आएको छ । आफ्ना नेताहरूलाई पूजा गर्न बन्द गर्नुहोस् । कि हटाउनुहोस्, कि हट्नुहोस्,' उनले भनिन् ।

मृतकको संख्या...

पृष्ठ १ बाट क्रमशः

प्रदर्शनमा थप केहीको मृत्यु भएको थियो । त्यसयता कतिपय घाइतेको मृत्यु र आगलागी भएका भवनमा भेटिएका शव र केही जिल्लामा कारागारमा भएको तनावमा गोली चल्दासमेत मृतकको संख्या बढ्दै गएको हो । नेपाल प्रहरीका प्रवक्ता विनोद घिमिरेले अझै शव र कंकाल भेटिने क्रम जारी रहेकाले मृतकको संख्या थपिन सक्ने बताए । 'कतिपय शव जलेको अवस्थामा भेटिएका छन् । जलेका भवनहरू खोजी गर्दा शवहरू भेटिएकाले मृतकको संख्या थपिन सक्छ,' उनले भने, 'आइतबार पनि चुच्चेपाटीको भाटभटेनीमा ६ जना मृत अवस्थामा भेटिएका छन् । कतिपयको भागदौडका कारण मृत्यु भएको देखिन्छ ।'

गोली लागेर गम्भीर घाइते भएका थप दुईजनाको मृत्यु भएको छ । वीर अस्पतालमा आइसियूमा उपचार गराइरहेका बैतडी घर भएका १८ वर्षीया दीपक साउद र नुवाकोटका २७ वर्षीय शुभराज बलामी श्रेष्ठको मृत्यु भएको छ । उनीहरू दुवैजनाको टाउकोमा गोली लागेको थियो । अधिकांश मृत्यु हुनेमा प्रहरीको गोली लागेका छन् । उनीहरूको छाती, घाँटी र टाउकामा बढी गोली लागेको छ । अस्पताल लगिएका घाइतेको पनि टाउको, छाती, खुट्टा र हातमा गोली लागेको छ । २३ भदौमा प्रहरीको गोलीले ४५० भदा बढी घाइते भएका थिए ।

सत्ता र पदको...

पृष्ठ १ बाट क्रमशः

गरेका छौं । यसमा यहाँहरूको साथ आवश्यक छ ।' जेन-जीले गरेजस्तो आन्दोलन संसारमा अन्त कतै नदेखिएको भन्दै कार्कीले आफूलाई पनि अचम्म लागेको बताइन् । '२७ घन्टाको आन्दोलनले कायापलट गरेको मलाई थाहा छैन,' उनले भनिन्, 'आन्दोलनले भ्रष्टाचारको अन्त्य, सुशासन, आर्थिक समानताको माग गरेको र युवाको सोचबमोजिम नै काम गर्नुपर्ने चुनौती छ ।'

प्रधानमन्त्री कार्कीले आन्दोलनमा मृत्यु भएकाहरूलाई सहिद घोषणा गर्ने निर्णयमा हस्ताक्षर गरेकी छिन् । मृतकका परिवारलाई जनही १० लाख रुपैयाँ दिने निर्णय पनि गरेकी छिन् । आन्दोलनमा घाइतेलाई उपचार र राहत दिनेबारे पनि उनले निर्णय गरेकी छिन् । मृतकका परिवारको काठमाडौंमा बस्दाको खर्च व्यहोर्ने र शवलाई सम्बन्धित ठेगानामा पुर्‍याउन व्यवस्था मिलाउने घोषणा पनि प्रधानमन्त्रीले गरेकी छिन् । आन्दोलनबाट घाइते भएर कोही अपांगताको परिभाषामा पर्न आए उनीहरूलाई उपचारको व्यवस्था घोषणा गर्ने निर्णयसमेत भएको छ ।

प्रधानमन्त्री कार्कीले आन्दोलनमा योजनाबद्ध रूपमै षड्यन्त्र भएकाले अनुसन्धान र कारबाही गर्ने बताइन् । राज्यका महत्त्वपूर्ण निकायहरूमा छानीछानी प्रहार भएको उनको भनाइ छ । 'सुरक्षा निकाय, प्रहरी बिट, सर्वोच्च अदालत, सिंहदरबारसमेत आगोमा बीभत्स तरिकाले जलेर गयो । भौतिक भवनको क्षतिले त केही हुँदो रहेनछ । तर, यहाँ रेकर्ड, प्रमाण, फाइल, विवरणहरू सबै नष्ट भएको छ । हामी शून्यमा पुगेका छौं । यसले ठुलो समस्या निम्त्याएको छ । नेपाली नै भएर यो काम गरेको हो भने तिनलाई नेपाली कसरी भन्ने ?' उनले भनिन्, 'यो त योजनाबद्ध तरिकाले षड्यन्त्रै भएको हो कि भन्ने मलाई लाग्छ । अनुसन्धान गर्न त बाँकी छ । अनुसन्धान गरेर यसरी प्रहार गर्ने, नोक्सान गर्नेहरूलाई छोड्नुपर्ने अवस्था छैन । यो कारबाही हुनुपर्ने अवस्था छ । खोजबिन तलास हुनुपर्ने अवस्था छ ।'

सुरक्षाकर्मीहरूको देहावसान भएको, सम्पूर्ण प्रहरी कार्यालय र सवारीसाधनमा क्षति पुगेकामा पनि प्रधानमन्त्रीले चिन्ता जनाइन् । मुलुकविरुद्ध आइपरेको यो चुनौतीलाई सबैले मिलेर एकताको भावनाले सामना गर्नुपर्ने उनको भनाइ छ । आन्दोलनबाट निजी क्षेत्र, उद्यम र व्यवसायले समेत क्षति व्यहोरेको भन्दै त्यसलाई उकास्न प्रयास गर्ने आश्वासन दिएकी छिन् । व्यक्तिगत क्षति पुगेकालाई पनि राज्यले विचार गर्ने उनको भनाइ छ । क्षतिको मूल्यांकन गरेर आगामी कार्ययोजना बनाउने प्रधानमन्त्रीको भनाइ छ ।

सिंहदरबारमा...

पृष्ठ १ बाट क्रमशः

सवारीसाधनमा आन्दोलनकारीले तोडफोड र आगजनी गरेका छन् । महँगा मूल्यका सवारीसाधनमा क्षति पुगेको छ । जसकारण कर्मचारीले प्रयोग गर्ने सवारी पाएका छैनन् । सिंहदरबार मात्र होइन, बाहिर अदालत, सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय र केन्द्रीय निकाय तथा विभागहरूमा पनि क्षति पुगेको छ ।

भवन र संरचनामा क्षति पुगेपछिको अन्योलबिच सर्वोच्च अदालतले भने आइतबारदेखि परिसरमा टेन्ट टाँगेर काम सुरु गरेको छ । आक्रमणकारीको निसानामा परेर सर्वोच्च भवन तहसनहस भएको छ । भवनभित्रबाट काम गर्ने अवस्था नभएपछि सर्वोच्च प्रशासनले अस्थायी व्यवस्थापनका लागि टेन्ट टाँगेर सेवा प्रवाह थालेको हो ।

आफ्नो भवन आगजनीले खण्डहर भएपछि प्रधानमन्त्री कार्यालय गृह मन्त्रालयको भवनमा सरेको छ । हठात् विपत् निम्तिएपछि गृह मन्त्रालय सर्न ठिक्क परेको नयाँ भवनमा कार्यालय सरेको हो । आइतबार प्रधानमन्त्री सुशीला कार्कीले यही भवनबाट पदभार ग्रहण गरिन् । प्रधानमन्त्री कार्यालयले अब यही भवनबाट कार्य सुचारु गर्ने गरी तयारी गरिरहेको छ ।

ठुलो क्षति निम्तिएपछि गृह मन्त्रालय पनि अर्को भवनमा सरेको छ । परराष्ट्र मन्त्रालयका लागि तयार गरिएको भवनमा गृह सरेको छ । उद्योग मन्त्रालयको पछाडिपट्टिको भवनमा गृह सरेको छ । आइतबार गृह मन्त्रालयका कर्मचारीले नयाँ भवनबाट सेवा सुचारु गर्ने गरी आवश्यक तयारी थालेका छन् ।

अर्को ठुलो क्षति व्यहोरेको शिक्षा मन्त्रालय पनि अन्तै सर्दै छ । यो मन्त्रालय लैनचौरको केशरमहलस्थित सार्वजनिक खरिद अनुगमन कार्यालयमा सर्न लागेको छ । आफ्नो भवनबाट काम गर्न नसक्ने अवस्था भएपछि मन्त्रालय सर्न लागेको हो । सामान्य क्षति भएका मन्त्रालयहरूले काम सुरु गर्ने गरी तयारी थालेका छन् ।

ठुलो क्षति निम्तिएको र नियमित रूपमा सेवाग्राहीको चाप हुने काठमाडौं जिल्ला प्रशासनको अवस्था झनै टिठलाग्दो छ । आगलागीले यो कार्यालय तहसनहस भएको छ । कार्यालय कहिलेदेखि खोल्ने भन्ने टुंगो लाग्न सकेको छैन । काठमाडौं जिल्ला अदालतको पनि यही हालत छ । यसको असर सेवाग्राहीलाई पर्न सुरु भइसकेको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित : २०८२/०५/३०

यस अस्पतालले अस्पताल फार्मेसी तथा अस्पतालको लागि आवश्यक औषधी तथा औषधीजन्य सामान, सर्जिकल सामानहरू, स्टेशनरी तथा छपाईका सामानहरू र ल्याव केमिकल आपूर्ति गर्ने सम्वन्धी कार्यका लागि विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरेकोमा विद्युतीय माध्यमबाट पेश भएका बोलपत्रहरू मध्ये देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ अनुसार सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील :

सि. न.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कुल कबोल अंक (भ्याट बाहेक)
१.	BHB/G/NCB -1/082-83	Procurement of General Medicine For Hospital Pharmacy	Sigma Pharma Pvt .Ltd. कागेश्वरी मनोहरा काठमाडौं	रु १,०४,९५,४३४।-
२	BHB/G/NCB -2/082-83	Procurement of Cardiac, Hypertensive, COPD and Cardic Injection For Hospital Pharmacy	Sigma Pharma Pvt .Ltd. कागेश्वरी मनोहरा काठमाडौं	रु १,६२,०१,४६८।-
३	BHB/G/NCB -6/082-83	Procurement of Stationery and Office Supplies	Durgaam Pioneer Trading Corporation बबरमहल काठमाडौं	रु ३०,८४,०९९।५८
४	BHB/G/NCB -7/082-83	Procurement of Surgical Goods	Durgaam Pioneer Trading Corporation बबरमहल काठमाडौं	रु ५३,५६,९६०।८४
५	BHB/G/NCB -8/082-83	Procurement of Lab Chemical	Sagarmatha Trade Link नयाँ बानेश्वर, काठमाडौं	रु ११,३५,२३३।–

नि.अस्पताल निर्देशक

डढेको भवन...

पृष्ठ १ बाट क्रमशः

भएपछि उनीहरूले बर्दी उतारेर सुरक्षित हुने बाटो रोजे । भाग्दै गरेका प्रहरीको पछिपछि भिड पनि दौडियो । वृत्तमा कार्यरत प्रहरी जवान उत्तम थापा अराजक भिडको घेरामा परे । भिडले उनलाई वृत्त प्रमुख डिएसपी निरन्जन थापा ठानेर धन्दाधुन्ध मुक्का र लात्ती बर्साए । हात जोडेर बिन्ती गर्दा पनि आक्रमण रोकिएन । प्रहार थेग्न नसकेका उनी सडक छेउमै थुचुक्कै परे । अर्धचेत अवस्थामा केहीबेर भित्ताको अढेस लगाएका उनको त्यहीँ प्राण गयो ।

बानेश्वर वृत्त त प्रदर्शनको इपिसेन्टर नै थियो । आक्रोशित भिडले कार्यालय परिसरमा इँटा र पेट्रोल बम प्रहार गरे । कोही मूलगेट फोडेर त कोही पर्खालको काँडेतार नाघेर कार्यालय परिसरमा छिरे । कार्यालयको चोटाकोठा चहार्दै आगो लगाए । हातहतियार नियन्त्रणमा लिए । त्यही हतियार प्रहरीतर्फ सोझ्याएर बर्दी उतार्न लगाए । हात खडा गर्न लगाएर सडकमा मार्च गराए । आक्रमणकारी यतिमै रोकिएनन् । प्रहरीलाई अर्धनग्न अवस्थामा बागमती करिडोरबाट दौडाउँदै नदीमा खसाले । ज्यान जोगाउन खोलाखोलै भाग्दै गरेका प्रहरीमाथि भिडले ताकीताकी ढुंगा प्रहार गरिरहे । प्रहरीले खेपेको अत्याचारमा कतिपयले ताली पिट्दै मनोरञ्जन लिए ।

महाराजगन्ज र बानेश्वर वृत्तमा मात्रै होइन, मुलुकका अधिकांश प्रहरी कार्यालय आक्रमणमा परे । प्रहरीका बर्दी प्रदर्शनकारीले नै लगाएर रमिता देखाए, हतियार बोकेर सडकमा विजयोत्सव मनाए । त्यसरी खोसिएका कतिपय हतियार अझै आक्रमणकारीकै कब्जामा छन् । ध्वस्त भएका प्रहरी चौकीको भग्नावशेष अझै हटाउन सकिएको छैन । कैयौं सम्पर्कविहीन प्रहरी हीनताबोधका कारण अझै संगठनको सम्पर्कमा आउन सकेका छैनन् ।

यो जटिल परिस्थितिबिच प्रहरी प्रधान कार्यालयले मातहतका सुरक्षाकर्मीलाई यथाशक्य चाँडो कमान्ड सम्हाल्न निर्देशन दिएको छ । 'ध्वस्त भएका प्रहरी कार्यालयको कमान्ड सम्हाल्न निर्देशन भएको छ । सुरक्षाकर्मी कमान्ड सम्हाल्न कार्यालय उपस्थित भइसकेका छन्,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले भने । प्रधान कार्यालयको निर्देशनपछि कार्यालयको खरानी पन्छाउँदै कतिपय कमान्डर फिल्ड गइसकेका छन् । समुदायले पनि उनीहरूलाई फूलमालाले स्वागत गरेर पुनर्स्थापनामा सहयोग गरेका छन् । तर, उनीहरूका मुहारमा कुनै चमक छैन, न काम गर्ने उत्साह नै । कारण हो, कार्यालयसँगै जलेको उनीहरूको मनोबल ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल ध्वस्त भएका प्रहरी कार्यालयसँगै सुरक्षाकर्मीको मनोबल पनि जलेको बताउँछन् । उनी भन्छन्, 'प्रहरीलाई लघारी-लघारी कुटपिट भएको छ । चोटका कारण उनीहरूको मृत्यु भएको छ । प्रहरीका हतियार लुटिएका छन् । त्यही हतियार तेर्स्याएर बर्दी उतार्न लगाइएको छ । सडकमा मार्च गर्न लगाइएको छ । नदीमा समेत लखेटी-लखेटी आक्रमण गरिएको छ । यसले प्रहरीको मनोबल गिराएको छ ।'

काठमाडौं उपत्यकासहित मुलुकभरका १७ कारागार यति वेला खाली छन् । विभिन्न अपराधमा कारागारमा सजाय भाग्दै आएका ११ हजार कैदी/बन्दी भागेर सहरका गल्ली र गाउँका बस्तीमा खुलेआम हिँडिरहेका छन् । चोरीका घटना प्रत्येक दिन बढेका छन् । समुदायको सक्रियतामा घटनामा संलग्नलाई पक्राउ गरे पनि जिम्मा लिएर कारबाही गर्ने प्रहरी कार्यालय छैन । सम्पर्क गर्दा प्रहरीको फोन विगत ६ दिनदेखि उठेको छैन ।

भक्तपुरको पुरानो ठिमीस्थित प्रहरी वृत्तको मर्मत कार्यमा संलग्न स्थानीय अनिश बैद्यले भने, 'प्रहरी वृत्त खाली छ । अहिले टोलमा कुनै अपराध भयो भने अनुसन्धान गर्ने निकाय छैन । न जाहेरी दिने कुनै ठाउँ छ ।'

मध्यपुर ठिमीस्थित प्रहरी वृत्तमा जलेका संरचना हटाएर नयाँ सिसा जडान हुँदै छन् । केही दिनभित्रै रंगरोगन पनि हुनेछ । यसका लागि स्थानीयले चन्दा संकलन गरेका छन् । दुई दिनमै चार लाखभन्दा धेरै जुटिसकेको छ । स्थानीय आफैं प्रहरी वृत्त पुनर्निर्माणमा लागिरहँदा, प्रहरीको उपस्थिति कहीँ देखिँदैन । त्यस्तै, महाराजगन्ज प्रहरी वृत्तमा पनि जलेका भग्नावशेष निकालेर मर्मत हुँदै छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले प्रहरीका लागि अत्यावश्यक सामग्री उपलब्ध गराएको छ । वृत्तको रंगरोगन र विद्युत् जडानमा अर्कै समूह जुटेको छ । संघले मात्रै मातहतका पाँच प्रहरी चौकी मर्मत गर्ने जिम्मा लिएको छ । तर, जलेका संरचना पुनर्निर्माण भइरहँदा पनि प्रहरीमा भने कुनै उत्साह छैन । कारण हो, भवनसँगै जलेको मनोबल । खस्किएको मनोबल उकास्न कुनै अर्थपूर्ण प्रयास भएको देखिँदैन ।

कमान्डरको निर्देशन अस्वीकार गर्ने छुट प्रहरीलाई छैन । त्यसो हुँदा भारी मन लिएरै भए पनि प्रहरी फिल्डमा त खटिएका छन् । तर, कमान्ड सम्हाल्ने जाँगर उनीहरूमा छैन । यतिसम्म कि स्वस्फूर्त सहयोग गर्न अघि सरेका टोलका स्थानीयलाई भेट्ने हिम्मतसमेत उनीहरूले जुटाउन सकिरहेका छैनन् । उनीहरू पीडा व्यक्त गर्न पनि सकिरहेका छैनन् । केही सुरक्षाकर्मीले भने गुम्सिएको पीडा सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने हिम्मत गरेका छन् ।

महाराजगन्जमा कार्यरत नेपाल प्रहरीकी एक असइले रुँदै सामाजिक सञ्जालमार्फत भनेकी छिन्, 'महाराजगन्जका प्रहरीलाई डिएसपी ठानेर कुटीकुटी मारे । मरेको लासलाई पनि आक्रमण गर्न छाडेनन् । प्रहरीलाई आत्मसमर्पण गर्न लगाए । बागमती नदीमा हाम फालेर ज्यान जोगाउन हिँडेका प्रहरीलाई पनि चारैतिर घेरा हालेर आक्रमण गरियो । गाउँलेलाई अहिले प्रहरी चाहियो रे । जेलबाट सबै अपराधी निकालेका छौं । अनि सुरक्षा हुन्छ ? प्रहरीलाई माला लगाएर त स्वागत भएको छ । तर, उनीहरूको अनुहारमा खुसी छैन । प्रहरीको चौकी त बन्ला । तर, प्रहरीको जलेका मन कसले बनाइदिने ?'

सामाजिक सञ्जालमै नेपाल प्रहरीकी अर्की एक जवानले आँखाभरि आँसु पार्दै लेखेकी छिन्, 'गल्ती अरू कसैले गरे । सजाय अरू कोहीले भोग्दै छन् । अब त खुसी भएका हौला, हैन नेपाली ?' आफैँलाई धिक्कार्दै उनले थप लेखेकी छिन्, 'कुन दिन जागिर खान पुगेछु, दैव ।'

खण्डहर बने प्रमुख दलका कार्यालय

आगजनीबाट कांग्रेस, एमाले, माओवादी कार्यालय ध्वस्त, कार्यकर्ता सरसफाइमा, तत्काल सञ्चालनमा नआउने



२४ भदौमा प्रदर्शनकारीले सानेपास्थित कांग्रेस कार्यालयमा लगाएको आगो । आगजनीबाट पार्टी कार्यालय पूरै ध्वस्त भएको छ ।



आन्दोलनकारीले आगो लगाएपछि खण्डहर बनेको ललितपुरको च्यासलस्थित एमाले कार्यालय । ध्वस्त भएको कार्यालय कहिले सञ्चालनमा आउने भन्ने अन्योल छ ।



पेरिसडाँडास्थित माओवादीको कार्यालयका झ्याल–ढोका र फर्निचरदेखि कागजातसम्म सबै खरानीमा परिणत भएका छन् ।

प्रेम गौतम/नयाँ पत्रिका
तस्बिर : संजित परियार

लोकतन्त्रमा दलहरूलाई जनता र राज्यबिचको पुलका रूपमा हेरिन्छ । दल बलियो हुनु भनेको जनताको विश्वास, राज्यको स्थायित्व र लोकतन्त्रको दीर्घायु सुनिश्चित हुनु हो । तर, जेन-जी आन्दोलनको उग्रताले व्यवस्थापिका, कार्यपालिका र न्यायालयसँगै राजनीतिक दलहरूलाई पनि प्रभावित पाऱ्यो । प्रमुख दलका पार्टी कार्यालयमा आगजनी भयो भने नेतृत्वमाथि भौतिक आक्रमणको प्रयाससमेत गरियो ।

जेन-जी आन्दोलनको उग्र रूपले दलका कार्यालयसँगै र नेताहरूका घरसमेत खरानी भएका छन् । आगजनी र तोडफोडका ती दृश्यले राजनीतिक क्षेत्र मात्र होइन, स्थानीय बस्ती र आममानिसको मन पनि स्तब्ध बनाएको छ । जेन-जीले प्रमुख दलका नेताहरूले भ्रष्टाचार गरेर सम्पत्ति आर्जन गरेको तथा उनका सन्तानले तिरको करको पैसामा मोजमस्ती गरेको आरोप लगाएका छन् ।

ललितपुर च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा भएको आगजानी र तोफोडले भवनहरू भग्नावशेषमा परिणत भएका छन् । कार्यालयमा रहेका सबै भौतिक सामग्री लुटपाट भएको छ भने पुस्तकालयसहित अभिलेख रहने स्टोर शाखाहरूमा गरिएको आगजनीले फर्निचरसहितका अन्य भौतिक सामग्री सबै जलेर नष्ट भएका छन् ।

एक सातादेखि केन्द्रीय कार्यालयमा कर्मचारीहरू गएका छैनन् । बर्सेनि बाढीले ल्याउने डुबानको समस्या झेल्दै आएको एमाले कार्यालय तत्काल सञ्चालनमा आउने सम्भावना न्यून देखिएको छ । क्षतिको निरीक्षण र अवलोकनका लागि केन्द्रीय स्तरका नेताहरू औपचारिक रूपमा कोही पुगेका छैनन् । कतिपय नेता-कार्यकर्ता भने अनौपचारिक अवलोकनका लागि गएर फेरि पूर्वावस्थामै कार्यालयलाई फर्काउन लागेको भन्दै सामाजिक सञ्जालमार्फत सन्देश दिइरहेका छन् ।

■ एकीकृत समाजवादीको कार्यालय भवन बच्यो, कागजात र फर्निचर जलाइए

एकीकृत समाजवादीको मीनभवनस्थित केन्द्रीय कार्यालय पनि आन्दोलनकारीको निसाना बन्यो । ढोका-झ्याल फुटेका छन् । कागजात र फर्निचर सडकमा जलाइएको छ । एक करोडबराबरको क्षति भएको अनुमान छ । यसअघि पनि राजावादी आन्दोलनले एकीकृत समाजवादी कार्यालयलाई निसाना बनाएको थियो । कार्यालय सचिव रामकुमार भट्टराई जेन-जी आन्दोलनका क्रममा भएको तोडफोडमा एक करोडबराबरको क्षति भएको बताउँछन् । 'एक करोडबराबरको क्षति भएको अनुमान छ । तोडफोडबाट कार्यालयमा पूरै क्षति पुऱ्याए । आगजनी भने गरेनन्,' उनले भने । उनका अनुसार कार्यालय सञ्चालनमा ल्याउन अझै केही समय लाग्छ । यसअघि राजावादी आन्दोलनका क्रममा आगजनी हुँदा करिब ६२ लाखबराबरको क्षति भएको थियो । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनालको घरमा पनि आगजनी गरेका छन् । दुवै घरमा बस्ने अवस्था छैन । दुवै नेता सेनाको सुरक्षामा छन् । घर मर्मतसम्भारको काम सुरु भएको छैन ।

सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालय पनि आगजानीले पूरै ध्वस्त भएको छ । आगलागीले भौतिक सामग्री जलेर नष्ट भएका छन् । जसले गर्दा नियमित रूपमा कार्यालय सञ्चालन हुन सकेको छैन । कांग्रेसका वक्तव्य जारी गर्नेदेखि अनौपचारिक बैठकहरू कार्यालयबाहिरैबाट भइरहेका छन् । कार्यालय सञ्चालन र पछिल्लो अवस्थाबारे जानकारी दिने विषयमा केन्द्रीय कार्यालय सचिव कृष्णप्रसाद पौडेल सम्पर्कमै आउन चाहेनन् । शनिबार बेलुका पार्टी कार्यालय पुगेर खण्डहर कार्यालयको निरीक्षण गरेका महामन्त्री गगन थापाले भावुक बनेर आफूसँग वर्णन गर्ने कुनै शब्द नै नभएको बताएका छन् । 'पार्टी कर्यालय आएर अवलोकन गर्दा मसँग भन्ने धेरै शब्द नै छैन, सबै जलेर ध्वस्त भएको छ । अस्ति भर्खर कति दुःख गरेर, सबै साथीहरूबाट पैसा उठाएर पुस्तकालय सुरु गरियो, तर अहिले जलेर ध्वस्त भएको छ । धेरै मिहिनेत गरेर, साथीहरूसँग पैसा मागेर बनायौं । तर, सबै पुस्तक जलेर खरानी भएको छ,' थापाले भिडियो पोस्ट गर्दै भनेका छन्, 'हाम्रो शरीर त ढालिएको छ, तर मन दह्रो छ । हामी फेरि खरानीबाट उठ्छौं ।'

थापाले विपत्का वेला सबैलाई सहयोग गर्न कार्यकर्तालाई अपिल पनि गरेका छन् । 'धेरै रिस नराखौं, हामीले नै सम्हाल्नुपर्छ, समुदायलाई हामीले फेरि जोड्नुपर्छ । दुःखका वेला अरूलाई सहयोग गर्ने हो । जसको घर जलेको छ, सक्दो गएर मद्दत गर्नुहोला । सार्वजनिक सम्पत्ति पुनर्स्थापनामा सहयोग पुऱ्याउन अपिल गर्दछु,' उनले भने ।

कोटेश्वर पेरिसडाँडास्थित माओवादीको केन्द्रीय कार्यालय आगोको भयानक लप्काले जलेर खण्डहरमा परिणत भएको छ । भित्ता मात्र उभिएका छन् । झ्याल-ढोका र फर्निचरदेखि कागजातसम्म सबै खरानीमा परिणत भएका छन् । पार्टी कार्यालयबाट काम गर्ने अवस्था छैन । त्यसकारण कार्यालय सचिवसहित कर्मचारी कार्यालयमा भेटिएनन् । कार्यालय सचिव गणेशमान पुन टेलिफोन सम्पर्कमा समेत आएनन् । तर, जलेको कार्यालयको भग्नावशेषबिच माओवादी कार्यकर्ताले आफ्नै भन्डा फहराइराखेका छन् । उनीहरू चउरमा उभिएर 'हामीले आफ्नो घर जोगाउन सकेनौं' भन्ने पीडा सुनाउँदै थिए ।

कति क्षति भयो भन्ने यकिन छैन । 'हामीले आफ्नो कार्यालयको रक्षा गर्न सकेनौं । भ्रष्टाचार अन्त्य, सुशासनको नारासहित अभियान चलाएको माओवादीको कार्यालयमा भ्रष्टाचारविरोधी अभियान चलाएका जेन-जीले आगजनी गर्छन् भन्ने सोचिएन । यसले राम्रो पाठ सिकाएको छ,' एक कार्यकर्ताले भने । ती कार्यकर्ताका अनुसार सुरुमा थोरै संख्यामा आएर तोडफोडको प्रयास गरेका थिए । उनीहरूलाई कार्यालयमा रहेका कार्यकर्ता र कर्मचारीले फर्काउने प्रयास गर्दै थिए । 'लगत्तै सयौंको संख्यामा आएर आगजनी गर्न थालेपछि केही सिप चलेन,' ती कार्यकर्ताले भने । माओवादी कार्यालयसँगै जोडिएको एक सर्वसाधारणको घरमा पनि क्षति पुगेको छ ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको खुमलटारस्थित निवास आगजनीबाट बस्नै नमिल्ने गरी ध्वस्त भएको छ । सुरुमा सानो समूह आएर ढुंगामुढा गरेको थियो । त्यसपछि अर्को समूह आएर आगजनी गरेको स्थानीय बताउँछन् । प्रचण्डकी छोरी गंगा दाहालको घरमा पनि आगजनी भएको छ ।

कैलालीका १२० सरकारी कार्यालय र सय गाडीमा आगजनी

धनगढीमा **तेजराज भट्ट**

जेन-जीको आन्दोलनका क्रममा २४ भदौमा कैलालीमा १२० भन्दा बढी सरकारी कार्यालयमा आगजनी गरिएको छ । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले स्थानीय तहका कार्यालय, वडा कार्यालय र प्रहरी बिटसमेत गरी तीनवटै सरकारका करिब १२० वटा सरकारी कार्यालय तथा पार्टी कार्यालय र निजी गरी थप १५ वटा भवनमा आगजनी भएको प्रारम्भिक विवरण आएको जानकारी दिए ।

जिल्लाभरि ५५० वटा सरकारी मोटरसाइकल र सयहाराहारीमा चारपाग्रे सवारीसाधनमा आगजनी तथा तोडफोड भएको उनले बताए । सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीमा रहेका लगभग सबैजसो सरकारी कार्यालयमा आगजनी गरिएको छ । प्रदेश सभा, मुख्यमन्त्री कार्यालय, प्रदेश प्रमुखको कार्यालयसहित सातवटै मन्त्रालयमा आगजनी गरिएको थियो ।

तालुकवाला निकायसँग समन्वय गरेर सकेसम्म चाँडो सेवा सुचारु गर्न कार्यालयहरूलाई भनिएको प्रशासन कार्यालयले जनाएको छ । 'कतिपय कार्यालयहरू जलेर पूरै नष्ट भएका छन्, शून्यबाट काम सुरु गर्नुपर्ने अवस्थाले समय लाग्ने देखिन्छ,' लम्सालले भने । आगलागीबाट भएको क्षतिको आकलन हुन सकेको छैन । काठमाडौं उपत्यकापछि सम्भवतः सबैभन्दा बढी कैलालीमा सरकारी निकायमा आगजनी भएको सुरक्षा अधिकारीहरूको आकलन छ ।

दैनिक सयौं सेवाग्राहीको भिड हुने मालपोत कार्यालय धनगढी आइतबार सुनसान थियो । आजगनीले खण्डहर बनेको कार्यालयमा कर्मचारीहरू सरसफाइ गर्दै थिए । कागजपत्र, कम्प्युटर, टेबुल, कुर्सीलगायत सबैजसो सामान जलेर नष्ट भएकाले कार्यालयले सेवा दिन सकेको छैन । 'लिखत, म्रेस्ता, मिसिल, कम्प्युटरहरू सबै जलेका छन् । १५ भन्दा बढी कम्प्युटर छैनन्, केही जलाइएका छन्, केही लगिएका छन्,' कार्यालय प्रमुख प्रेमबहादुर दौल्यालले भने, 'तत्काल सेवा सुरु गर्न सक्ने अवस्थै छैन ।' उनले कम्तीमा दसैंअघि सेवा सुचारु गर्न सकिने अवस्था नरहेको बताए । मालपोतका दुई पुराना र एक नयाँ गाडी जलाइएका छन् ।

सेवाग्राहीको चाप रहने जिल्ला प्रशासन कार्यालय पनि आगलागीले ध्वस्त बनेको छ । कर्मचारीहरू आइतबार दिउँसो जलेका सामान बाहिर फालेर कार्यालय सरसफाइ गर्दै थिए । प्रशासनका सूचना अधिकारी शिवराज जोशीले कर्मचारीको ल्यापटप र विद्यालयले सहयोगस्वरूप दिएको कम्प्युटरबाट आइतबार एकजनालाई नागरिकता वितरण गरिएको बताए ।

संक्षेप

'हामी नेपाल'सँग कुनै सम्बन्ध छैन : बारबारा फाउन्डेसन

काठमाडौं/ बारबारा फाउन्डेसनले जेन-जी आन्दोलनमा आफ्नै कुनै संलग्नता नरहेको दाबी गरेको छ । जेन-जी आन्दोलनमा संलग्न 'हामी नेपाल' नामक संस्थासँग जोडिएको भन्दै फान्डेसन अहिले विवादमा छ । सोही विषयमा आइतबार पत्रकार सम्मेलन गर्दै फाउन्डेसनले 'हामी नेपाल' नामक संस्थासँग कुनै सम्बन्ध नरहेको स्पष्ट पारेको हो । 'जेन-जीको आन्दोलनसँग जोडेर फाउन्डेसनको अनर्गल प्रचार गरियो । हामी नेपाल नाम संस्थासँग फाउन्डेशनको कुनै संलग्नता छैन,' फाउन्डेसनका अध्यक्ष डा. सन्दुक रुइतले भने । कोभिड कालमा भने फाउन्डेसनले 'हामी नेपाल' नामक संस्थासँग सहकार्य गरेको थियो । यो तथ्यलाई फाउन्डेसनले भने स्वीकार गरेको छ । त्यसयता भने उक्त संस्थासँग फाउन्डेसनको कुनै सम्बन्ध नरहेको रुइतले बताए । हामी नेपाल नामक संस्थाका अध्यक्ष सुदन गुरुङ हुन् । २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनको उनले नेतृत्व गरेका थिए ।

धानुक मृत्यु प्रकरण : जनप्रतिनिधिसहित चार पक्राउ

कञ्चनपुर/ कञ्चनपुरको वेदकोट नगरपालिका- ४ बैतडाका २७ वर्षीय नरेश धानुक मृत्यु प्रकरणमा एक जनप्रतिनिधिसहित चारजना पक्राउ परेका छन् । शुक्रबार राति धानुकले आफ्नै घरको कोठामा फेसबुक लाइभ गरेर जनप्रतिनिधिसहितको नाम लिएर झुन्डिएर प्राण त्यागेका थिए । धानुकले वेदकोट नगरपालिका- ४ का वडासदस्य अमर बोहरा, भोजराज पन्त, खेम बोहरा, जनक धानुकसहितको नाम लिँदै उनीहरूले आफूलाई नांगै बनाएर कुटपिट गरेको विषय उल्लेख गर्दै झुन्डिन बाध्य भएको बताएका थिए । उनले फेसबुकमा गरेको लाइभकै आधारमा परिवारले प्रहरीमा आत्महत्या दुरुत्साहनमा किटानी जाहेरी दिएका थिए । सोही आधारमा चारैजनालाई पक्राउ गरिएको कञ्चनपुर प्रहरीले जनाएको छ । कञ्चनपुर प्रहरी प्रवक्ता सागर बोहराले किटानी जाहेरीका आधारमा वडासदस्यसहित चारजनालाई पक्राउ गरिएको बताए । धानुकले फेसबुक लाइभमै आएर आफ्नै कोठामा झुन्डिएको भिडियो सामाजिक सञ्जालमा भाइरल छ । झुन्डिनुअघि उनले काग्रेस नेता एवं वेदकोट- ४ का वडासदस्य अमर बोहराले जेन-जी आन्दोलनमा गएको भन्दै कुटपिट गरेपछि मर्न बाध्य भएको र बोहरा समूहले जेन-जी आन्दोलनमा जान्छस् भन्दै टाउकोमा प्रहारदेखि नांगै बनाएर कुटपिट गरेपछि झुन्डिन बाध्य भएको बताएका थिए ।

'जेन-जी'को प्रदर्शन भड्काउने गरी फेसबुकमा स्टाटस लेख्ने वडाध्यक्ष पक्राउ



अच्युत तिवारी

कास्की/ २४ भदौको जेन-जीको प्रदर्शन भड्काउने र उग्र बनाउनेसँगै घृणा फैलाउने गरी फेसबुकमा स्टाटस लेखेको आरोपमा एक वडाध्यक्ष पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्वतको फलेबास नगरपालिका- ४ का वडाध्यक्ष अच्युत तिवारी रहेको जिल्ला प्रहरी कार्यालय पर्वतका सूचना अधिकारी प्रहरी निरीक्षक रामप्रसाद सापकोटाले बताए । प्रहरीले तिवारीलाई आइतबार पक्राउ गरेको हो । तिवारीलाई विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ गरिएको र सोही ऐनअनुसार कारबाही प्रक्रिया अघि बढाइने सापकोटाले बताए । तिवारीले २४ भदौमा आफ्नो फेसबुकमा जिल्ला प्रहरी कार्यालय पर्वतका प्रमुख प्रहरी नायब उपरीक्षक रविन विष्टको नाम नै लेखेर प्रदर्शनलाई भड्काउने गरी स्टाटस लेखेकाले पक्राउ गरेको उनको भनाइ छ । काग्रेसबाट निर्वाचित तिवारी नगरपालिकाका प्रवक्तासमेत हुन् । 'फलेबासका बालुवा तस्करहरू, तस्करका संरक्षकहरू र कारबाही गरिपाऊँ भनी पत्र बुझाउन जाँदा नबुझ्ने डिएसपी रविन विष्टलगायत केही भ्रष्ट नेता तथा केही भ्रष्ट कर्मचारी, यी भ्रष्टाचारीलाई समेत जेन-जीले कारबाही गरिदिन्छ कि भन्ने आशा गरेको छु, प्रहरीले कारबाही नगर्ने भएपछि ? प्रहरी दुर्गाबहादुर महतले गरेको सहयोगको प्रशंसा पनि गर्दछु (सबै प्रहरी तस्करको संरक्षक हुँदैनन्, उहाँ उदाहरणीय हुनुहुँदोरहेछ),' तिवारीले फेसबुकमा लेखेका थिए ।

मधेशमा नयाँ सरकार गठनको तयारी

जनकपुरधाम/ मुख्यमन्त्री सतिशकुमार सिंहले २४ भदौमै सामाजिक सञ्जालमार्फत राजीनामा दिएका थिए । सिंहको कदमको आलोचना भइरहेका वेला जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशकुमार यादवले शनिबार साँझ प्रदेश प्रमुख कार्यालयको मेलमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको तथा मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई फिर्ता बोलाएको भनेर पत्राचार गरेका छन् । 'शनिबार साँझ जनमतका संसदीय दलका नेता महेश यादवले सरकारलाई दिएको समर्थन फिर्ता तथा मन्त्रीहरूलाई फिर्ता बोलाइएको पत्र सचिवालयमा पठाउनुभएको छ । प्रदेश प्रमुखज्यू सोमबार काठमाडौंबाट आउनुहुन्छ । त्यसपछि नयाँ सरकार गठनको विषयमा प्रक्रिया अगाडि बढ्छ,' प्रदेश प्रमुख कार्यालयका निमित सचिव शत्रुधन यादवले भने ।

जेन-जी आन्दोलनकारीले प्रदेश प्रमुखको कार्यालयमा समेत आगजनी गरेका छन् । आगजनीमा कार्यालयका भौतिक संरचना तथा केही कागजातसमेत जलेर नष्ट भएको उनको बताए । प्रदेश प्रमुख निवासमा सेनाको सुरक्षा रहेकाले जोगिएको उनले बताए ।

● **रामचन्द्र मण्डल**, सभामुख, मधेश प्रदेश



प्रदेश सभामुख रामचन्द्र मण्डल काठमाडौं छन् । मुख्यमन्त्री सिंहले राजीनामा दिइसकेपछि प्रदेश प्रमुखबाट अब नयाँ सरकार गठनका लागि आह्वान हुने उनले बताए । त्यसपछि संविधानको धारा १६८ को उपधारा २ (१) बजोजिम प्रदेश सभमा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलका समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्ने उनको भनाइ छ ।

'प्रदेश सभाको पनि भौतिक संरचना पूर्ण रूपमा जलेको छ । तैपनि नयाँ सरकार गठन गर्नुपर्ने भएकाले प्रदेश सभापरिसरमै सभा चलाउने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ,' सभामुख मण्डलले भने ।

सुत्केरी बलात्कार आरोपमा पक्राउ

हेटौंडामा **पोष्टराज अधिकारी**

मकवानपुरमा एक पुरुषले श्रीमानूलाई घरको थाममा बाँधेर सुत्केरी बलात्कार गरेको खुलेको छ । घटना गत शुक्रबार रातिको भए पनि शनिबार मात्र आफूहरूलाई खबर आएपछि वडाध्यक्ष प्रताप चेपाङले स्थानीयको सहयोगमा घटनास्थलबाट उद्धार गरिएको बताए । आइतबार जिल्ला प्रहरी कार्यालय हेटौंडाको महिला सेलमा उजुरी दिएपछि प्रहरीले राक्सिराङ गाउँपालिका-१ का ४२ वर्षीय अन्तरे थिङलाई पक्राउ गरेको हो । स्थानीयका अनुसार पीडित दुईमहिने सुत्केरी हुन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालका अनुसार मादक पदार्थ सेवन गरेर नांगै आएका थिङले श्रीमान्लाई घरको थाममा बाँधेर २३ वर्षीया महिलालाई बलात्कार गरेका थिए । 'पीडित र उहाँका श्रीमान् प्रस्टसँग बोल्न नसक्ने हुनुहुँदोरहेछ । पीडितसँगको सोधपुछ गर्दा मादक पदार्थ सेवन गरेर नांगै आएका अन्तरे थिङ भनिने व्यक्तिले श्रीमान्लाई घरको थाममा बाँधेर आफूमाथि बलात्कार गरेको बताउनुभएको छ । थिङलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएका छौं । घटनास्थल सदरमुकामबाट टाढा भएकाले ल्याउन ढिलाइ भएको हो । आरोपीलाई जिल्लामा ल्याएर सोधपुछपछि अझ धेरै कुरा थाहा हुन्छ,' उनले भने ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लका अनुसार घटनापछि पीडितका श्रीमान्ले प्रहरी चौकी राक्सिराङमा खबर गरेका थिए । पीडित परिवारले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उपस्थित भएर पीडकविरुद्ध जाहेरी दिएपछि जिल्ला र इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले थिङलाई राक्सिराङ गाउँपालिका- १ बाट पक्राउ गरेको हो । पीडित महिलालाई अहिले हेटौंडास्थित सेफहाउसमा सुरक्षित राखिएको डिएसपी अर्यालले बताए ।

आपत्कालमा नेतृत्व गर्ने मन्त्रालय नै ध्वस्त, स्वास्थ्य सेवा र समन्वय प्रभावित

देशैभरका अस्पताल र अन्य स्वास्थ्य संस्थाको नेतृत्व गर्ने मन्त्रालय खरानी हुँदा बैठक बस्ने, योजना तय गर्ने र औषधि तथा उपकरण खरिदजस्ता महत्त्वपूर्ण प्रक्रिया अघि बढाउन समस्या

■ १२ वटा एम्बुलेन्स तोडफोड

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशको समग्र स्वास्थ्य प्रणालीकै नेतृत्व गर्ने जिम्मा रहेको स्वास्थ्य मन्त्रालय नै खरानी बनेपछि विषम परिस्थितिमा रणनीति निर्माणदेखि सेवा प्रवाहसम्ममा गम्भीर प्रभाव परेको छ । जेन-जी प्रदर्शनका क्रममा स्वास्थ्य मन्त्रालयसहित ३७ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको छ । हाल क्षतिको यथार्थ विवरण संकलन र मुचुल्का तयार गर्ने काम भइरहेको छ ।

सचिव डा. विकास देवकोटाका अनुसार देशैभरका अस्पताल र अन्य स्वास्थ्य संस्थाको नेतृत्व गर्ने मन्त्रालय खरानी हुँदा बैठक बस्ने, योजना तय गर्ने र औषधि तथा उपकरण खरिदजस्ता महत्त्वपूर्ण प्रक्रिया अघि बढाउन समस्या भएको छ । सरकारले घाइतेको निःशुल्क उपचार गर्ने घोषणा गरेको छ, तर मन्त्रालय ध्वस्त हुँदा समन्वयमा कठिनाइ भएको छ ।

मन्त्रालयका सचिव डा. देवकोटाले मन्त्रालयभित्र रहेको कुनै पनि सामग्री बाँकी नरहेकाले समन्वयमा समस्या भइरहेको बताए । उनका अनुसार हाललाई नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) को भवनबाट सेवा प्रवाह गर्ने तयारी भइरहेको छ । मन्त्रालयको पछाडि रहेको एनएचआरसीको भवनमा जोगिएको छ । 'मन्त्रालयको कुनै पनि चिज बाँकी छैन । सबै जलेर खरानी भएको छ । मन्त्रालय नभए पनि बाहिरबाटै समन्वयात्मक काम भइरहेको छ,' उनले भने, 'टेकुस्थित स्वास्थ्य विभागको भवनमा क्षति नभएकाले देशभरि हुने स्वास्थ्य क्रियाकलाप विभागबाट भइरहेका छन् । अहिलेलाई नजिकै रहेको एनएचआरसीको भवनबाट सेवा प्रवाह गर्ने तयारी भइरहेको छ ।'



प्रदर्शनकारीले प्रत्यक्ष रूपमा अस्पतालहरूमा प्रहार नगरेपछि स्वास्थ्यसँग सम्बन्धित भवन तथा प्रशासनिक कार्यालयहरू तोडफोड र आगजनी भएको सचिव डा. देवकोटाले बताए । उनका अनुसार मुख्य गरी बागमती र कोशीका स्वास्थ्य संस्थामा क्षति पुऱ्याइएको छ । मन्त्रालयका अनुसार स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग र प्रादेशिक स्तरमा रहेका हेल्थ इमर्जेन्सी अपरेसन सेन्टर (एचइओसी)हरूका क्षति पुगेको छ । औषधि व्यवस्था विभागको अगाडिको भागमा तोडफोड भएको छ । हरेकजसो आपत्कालमा रणनीतिक नेतृत्व, समन्वय केन्द्र, स्रोत व्यवस्थापन, अन्तर्राष्ट्रिय सहकार्य, विश्वसनीयताका कारण स्वास्थ्य मन्त्रालय महत्त्वपूर्ण मानिन्छ । मन्त्रालय ध्वस्त वा निष्क्रिय हुँदा आपत्कालीन स्वास्थ्य प्रणाली असर पर्ने विज्ञहरू बताउँछन् ।

● **डा. विकास देवकोटा**, सचिव, स्वास्थ्य मन्त्रालय



मन्त्रालयको कुनै पनि चिज बाँकी छैन । सबै जलेर खरानी भएको छ । मन्त्रालय नभए पनि बाहिरबाटै समन्वयात्मक काम भइरहेको छ, टेकुस्थित स्वास्थ्य विभागको भवनमा क्षति नभएकाले देशभरि हुने स्वास्थ्य क्रियाकलाप विभागबाट भइरहेका छन् । अहिलेलाई नजिकै रहेको एनएचआरसीको भवनबाट सेवा प्रवाह गर्ने तयारी भइरहेको छ ।

यति मात्र होइन, जेन-जी आन्दोलनका क्रममा १२ एम्बुलेन्स तोडफोड गरिएको छ भने पाँचवटामा एम्बुलेन्समा आगजनी गरिएको छ । प्रदर्शनका क्रममा अराजक समूहले एम्बुलेन्समा प्रहार गरेको थियो । त्यस्तै, कतिपय नेताहरूलाई एम्बुलेन्समा समेत सुरक्षा दिन थालिएको भन्दै एम्बुलेन्समा प्रहार भएको थियो । मन्त्रालय अझै देशभरको क्षति विवरण आउन बाँकी रहेको छ ।

आन्दोलनले दिएको युगान्तकारी परिवर्तनको अवसर

जेन-जी आन्दोलनले देशका नेतृत्वकर्ता सही दिशामा हिँडेनन् भने कुनै दिन उनीहरू लखेटिनेछन् भन्ने ठुलो प्रमाण देखाइदिएको छ



● डा. डिबी कट्टेल

अग्रलेख



यो एउटा पोखिनुपर्ने आक्रोश थियो- पोखियो। ०४६ पछि धेरै वितृष्णा थिए। म पनि तिनै वितृष्णा र बिचमा निस्किएका द्वन्द्वसँगै हुर्किएको एउटा नेपाली नागरिक हुँ। ठुलो परिवर्तन हुनु आवश्यक थियो, भयो। तर, यो पनि भुल्नुहुन्न कि यो परिवर्तन ०४६ को परिवर्तनकै देन हो। आजको लोकतन्त्र नै हो ०४६ को देन हो भन्दा फरक पर्दैन।

ठुला-ठुला परिवर्तनमा मानवीय र भौतिक क्षति हुनु अस्वाभाविक होइन, तर निर्दोष दर्जनौँ बालक र युवा मारिनु भने तत्कालीन राज्य नेतृत्वकर्ताको क्रूरता र बर्बरता नै हो। र, अर्कातर्फ नेतृत्व गरिरहेकाहरूले घुँडा टेकिसकेपछि यति धेरै राष्ट्रिय सम्पत्ति ध्वस्त पारिनु, दस्तावेजलाई निमिट्यान्न गरिनुचाहिँ अत्यन्त दुःखद हो। यस घटनाले मुलुक कहीँ कतै गलत दिशातर्फ डोरिने त होइन भन्ने शंका पनि उब्जाएको छ। किनकि राज्यसञ्चालनका लागि अत्यावश्यक महत्त्वपूर्ण सम्पदा ध्वस्त भएका छन्।

मेरा दुई सन्तान पनि यही जेनेरेसनका हुन्। पटक-पटक सोध्छन्- तपाईं कुनै पार्टीसँग सम्बद्ध त हुनुहुन्न नि ? यदि हुनुहुन्छ भने छाडिहाल्नुस्, वकालत नगर्नुस्। मैले उनीहरूलाई जवाफ दिएको छु- म विदेशमा काम गरिरहेको एक नेपाली अनुसन्धानकर्ता हुँ। म कुनै पार्टीको कार्यकर्ता होइन। विगतलाई मैले सम्झन थालेँ, हाम्रो समयमा जेनेरेसन वर्गीकारण थिएन। मैले खोज्दै जाँदा म जेनेरेसन 'एक्स'मा पर्दोरहेछु। हामीले पनि परिवर्तन देख्यौँ। पञ्चायती व्यवस्था, राजासहितको बहुदलीय प्रजातन्त्र र पछि आएर गणतन्त्र। यिनै परिवर्तनबिच यो पंक्तिकार हुर्किएको हो।

विज्ञानको विद्यार्थी भएर पनि प्रविधिको प्रयोग भने हाम्रा लागि नितान्त सपना थियो। मैले १९९९ मा एमएस्सी सकुन्जेल कम्प्युटर छुन पाएको थिइनँ। इन्टरनेट प्रणाली के हो, सुनिएको थियो तर प्रयोग गर्ने अवसर मिलेको थिएन। हामी कल्पना गर्थ्यौँ कुनै वेला, मानिसको हातहातमा मोबाइल हुन्छ। मोबाइल आयो, हामी कल्पन्थ्यौँ, कुनै दिन मानिसले आफ्नो अनुहार हेरेरै मोबाइलमा कुरा गर्छन्।

उति वेला हाम्रा सपना पनि अलग थिए। प्रविधिसँगको पहुँच हामीसँग थिएन। विश्व सञ्जालमा हामी जोडिन सकेका थिएनौँ। विज्ञान, प्रविधि र सञ्चारको प्रभाव हामीसँग दुर्लभ थियो। यो अवस्था यही जेनेरेसनका मेरा छोराछोरीलाई सुनाउँदा, अचम्म मान्छन्, दन्त्यकथाझैँ ठान्छन्। समय अहिले यति द्रुतगतिमा बदलिएको छ कि आहिलेका जेनेरेसनको सोच र आशा नै हामीभन्दा धेरै फरक छ। उनीहरूको सम्बन्ध स्मार्ट प्रणालीसँग गाँसिएको छ। एआईसँग जोडिएको छ। अन्तरिक्ष युगवरिपरि घुमेको छ।

राज्य नेतृत्व गरेको पुरानो पुस्ताले अहिलेको द्रुत परिवर्तनलाई नजिकबाट बुझेका छैनन्। हाम्रो पुस्ता भने परिवर्तनको साक्षी हो, तर परिवर्तनसँगै हुर्किएको पुस्ता भने होइन। यो आन्दोलनमा सहभागी भएको पुस्ता स्मार्ट र एआई प्रविधिको विकाससँगै हुर्किएको पुस्ता हो, यसैकारण पनि उनीहरूको सपना हाम्रोभन्दा अलग छ, फरक छ।

विश्वले काँचुली फेरिसक्यो। विज्ञान र प्रविधिको विकास त परै छाडौँ, भविष्य निर्धारण गर्ने सन्दर्भमा समेत हाम्रो शिक्षा प्रणाली पनि आसलाग्दो छैन। हामी अझै कैयौँ दशकअघिकै परिस्थितिमा रुमल्लिइरहेका छौँ। म विज्ञानमा अभिरुचि भएको मान्छे, आफ्नो सपना पूरा गर्ने आधार उति वेला पनि बन्न सकेन, अहिले पनि उही अवस्थामा छ भने यो समयका युवाले त पक्कै सहने भएनन्। भला, सीमित परिवर्तन भए होलान्, तर कटु यथार्थ यही हो।

मेरै पुस्ता पनि विगत तीन दशकयतादेखि पटक-पटक राज्यसञ्चालनमा देखिएका एउटै अनुहार र उही कार्यशैलीबाट वाक्कदिक्क भएको हुनुपर्छ। आसैआसमा हामीले पनि लामो समय बिताएका छौँ। तर, आजसम्म मुलुकमा भएका परिवर्तनलाई नकारात्मक रूपमा भने हेरिनुहुन्न। सकारात्मक पक्ष पनि छन् तिनका।

लोकतान्त्रिक व्यवस्थामा पार्टी महत्त्वपूर्ण हो, प्रजातन्त्रको सही अभ्यासका लागि। हरेक पार्टी र तिनका नेता जनतासामु उत्तरदायी हुनुपर्छ। राष्ट्र र राष्ट्रियताका लागि सदैव अघि सर्नुपर्छ भन्ने मेरो बुझाइ हो। राज्यको नेतृत्व गर्न युवापुस्ता अनिवार्य सहभागी हुनुपर्छ, त्यसका लागि पार्टी 'प्लाटफर्म' हुन सक्छ, तर नेतृत्वमा गएपछि राजनीति मुलुकको हितमा हुनपर्छ न कि राजनीतिक प्रतिशोध, पद टिकाउ र पार्टीको हितका लागि। तर, राजनीति राष्ट्रका लागि कहिल्यै देखिएन। यसको अर्थ यो होइन- नेताहरू सबै खराब छन्। प्रणाली सही छ, तर अभ्यास गलत भयो।

अर्को प्रसंग के छ भने, नेपाली नेतृत्व वर्ग विदेश भ्रमणमा आउँदा हेपिने गर्छन्, अपमानित हुने गर्छन्, यसको मुलभूत कारण हो आफ्नो पदीय गरिमा र 'प्रोटोकल' भुल्नु। हामी कूटनीतिक रूपमै कमजोर छौँ। विदेश नीति विशेषज्ञताको अभाव छ। छिमेकी मित्र र अलि परका मित्रसँग कस्तो कूटनीतिक व्यवहार गर्ने, कस्तो सम्बन्ध राख्ने र कसरी फाइदा लिने भन्ने स्पष्ट नीति छैन।

> अब पनि मुलुकको राजनीतिलाई स्थिर बनाएर, समृद्धिको गति नपक्रने हो भने र पुरानै अवस्था सिर्जना गरेर नेतृत्वमा पुरानै पद्धति सुरु भयो भने त्यो मुलुकका लागि दुर्भाग्य साबित हुनेछ

मुलुकमा समयले ल्याएका परिवर्तनबाहेक अन्य अनुभव हामीले गर्न पाएका छैनौँ। दक्ष जनशक्तिको ठुलो हिस्सा विदेशितिरै छ। परिश्रमी हातहरू खाडीमा पसिना बगाउन बाध्य भएका छन्। गाउँघर रित्तिएका छन्। जग्गा-जमिन बाँझो हुँदै गएका छन्। रह्यो विकासको कुरा, सडक आउनु, सञ्चार क्षेत्रमा परिवर्तन हुनु, ठुल्ठुला हस्पिटल बन्नु मेरो बुझाइमा विकास होइन। यो त समयसँगै आएको परिवर्तन हो। मुलुक त्यो वेला समृद्ध हुन्छ जब एउटा सामान्य नागरिकले उपचार नपाई अकालमा मर्नुपर्दैन, तिनका सन्तानले सहज रूपमा गुणस्तरीय शिक्षा पाउँछन् र जीविकोपार्जनका लागि रोजगारी सहज हुन्छ। बलात्कार र हत्याका घटना बढ्दो क्रममा रहेको बारम्बार सुनिन्छन्। नागरिक सुरक्षाको प्रत्याभूति अझै हुन सकेको छैन।

मुलुकमा आशाभन्दा निराशाले जकडेको अवस्था छ। अर्को कुरा, विदेशलाई गन्त्यव्य बनाउनेको संख्यामा सायद आहिले जेनेरेसन जेडकै युवा ज्यादा होलान्। विश्वका विभिन्न मुलुकको यात्राका क्रम यो पंक्तिकारले यही अनुभव गरेको छ। आवश्यक योजना, नीति र अवसरको निर्माण उनीहरूलाई ध्यानमा राखेर तर्जुमा गर्नुपर्ने थियो, त्यो हुन सकेन।

किनकि मुलुकमै रहेर उनीहरूले आफ्ना सपना पूरा गर्ने अवसर अझै देखेका छैनन्। यसैले भर्खरै भएको युवाको आन्दोलन चरम निराशाको भयानक विस्फोटन होभन्दा अत्युक्ति नहोला।

दर्जनौँ युवाको सहादतबाट भर्खरै भएको परिवर्तन नेपालको इतिहासमा अविस्मरणीय उदाहरण हो, नमेटिने क्षण हो, किनकि नेतृत्वकर्ता सही दिशामा हिँडेनन् भने कुनै दिन उनीहरू लखेटिनेछन् भन्ने ठुलो प्रमाण पनि हो। ठुलो परिवर्तनका लागि सहादत र क्षतिले नै योगदान पुऱ्याएको हुन्छ, उनीहरूलाई सम्मान दिन र कदर गर्न हामीले कहिल्यै भुल्नुहुन्न।

ठुल्ठुला क्षति भएका छन्। भएका दस्तावेज खरानी भएका छन्। अमूल्य राष्ट्रिय सम्पदा ध्वस्त भएका छन्, त्यसको जिम्मेवारी कसले लिने ? उत्तर सहज छैन। राष्ट्रिय सम्पत्तिमा भएको क्षतिको घाटा पनि हामीले नै व्यहोर्नुपर्छ। कानुनभन्दा माथि कोही पनि छैनन्। क्षति पुऱ्याउनेहरूलाई कारबाही पनि गरिनुपर्छ।

घटनाक्रमले मुलुकलाई बर्बर बनाउन कसैले अप्रत्यक्ष रूपमा फाइदा लिइरहेको शंका पनि नगरी रहन सकिँदैन। किनकि ध्वस्त गरिएका सम्पदाले त्यसतर्फ नै इंगित गरेको छ। अहिले मुलुकका हरेक क्षेत्रमा बेथिति छन्। जसले जे गरे पनि हुने अवस्था छ। प्राज्ञिक, वैज्ञानिक र शैक्षिक सबै क्षेत्रको अवस्था चुनौतीपूर्ण छ। यो परिस्थितिबाट मुलुकमा आमूल परिवर्तन हुन सक्छ, तर अवस्था त्यति सहज छैन। अर्को कुरा सही परिवर्तनका लागि सहिद भएका र होमिएका युवाको आवाज कतै ओझेलमा त पर्ने होइन- त्यसतर्फ पनि युवावर्ग सचेत हुनु उत्तिकै आवश्यक छ।

मुलुक अझै शून्य अवस्थामा छ। जनमानसमा दुवै अवस्था छ, आशाको पनि र शंकाको पनि, राज्यको नेतृत्व कसरी जान्छ भनेर। सँगसँगै ठुल्ठुला चुनौती पनि उत्तिकै छन्। मुलुकलाई गति दिन युवा सहभागिता पनि उत्तिकै आवश्यक छ, र परिपक्व वर्गको पनि। मात्र खाँचो रह्यो कुशल र परिपक्व नेतृत्वको। अब पनि मुलुकको राजनीतिलाई स्थिर बनाएर, समृद्धिका लागि गति नपक्रने हो भने र पुरानै अवस्था सिर्जना गरेर नेतृत्वमा पुरानै पद्धति सुरु भयो भने मुलुकका लागि पक्कै हितकर हुनेछैन। यो अवसरको सही सदुपयोग हुनु जरुरी छ। यसैले सचेत युवाको निर्णयले नै अब मुलुकको भविष्य निर्धारण गर्छ। उनीहरूले पक्कै सोच्नेछन्। यसैले मुलुकलाई गति दिन अलमलिने अवस्था छैन, त्यसैले समुन्नतिका लागि प्रतिबद्ध, दूरदर्शी, र स्वच्छ छवि भएकाहरूले अब नेतृत्व सम्हाल्नुपर्छ- यो नै अहिलेको आवश्यकता हो। दर्जनौँ युवाको बलिदान र संघर्षबाट प्राप्त यो अवसर भोलिको इतिहासमा बलियो पाठ बनेर अंकित हुनेछ। युवाको सपना पूरा हुने आधार खडा हुनेछन्। हामीले यही आशा गर्नुपर्छ।

(डा. कट्टेल चाइना एकेडेमी अफ साइन्स, बेइजिङका वैज्ञानिक हुन्। यो उनको निजी विचार हो।)

---

३ प्रश्न

होटेल एसोसिएसन अफ नेपाल (हान) का अध्यक्ष **विनायक शाह**लाई



'जेन-जी' आन्दोलनबाट होटेल व्यवसायमाथि कस्तो प्रभाव पर्न सक्छ ?

प्रभाव त ठुलै पर्न सक्छ। यतिखेर नेपाल आइसकेका पर्यटक कति छन्, तिनको नेपाल बसाइ र आगमनको उद्देश्य पूरा भयो कि भएन, उनीहरूको पदयात्रा, तीर्थाटन या साइट सिन सहज भयो कि भएन, सबै पाटो बुझेर सहजीकरण गरिदिनुपर्छ। साथै, सुरक्षित वातावरणमा शान्तिपूर्वक घर फर्काउने प्रबन्ध मिलाउन सके उनीहरूबाट नेपालको शान्ति सुरक्षाको अवस्थाबारे सही सन्देश जान्छ र पर्यटक आगमनमा सकारात्मक प्रभाव पर्न सक्छ।

आन्दोलनले समग्र पर्यटन क्षेत्रमाथि चाहिँ कस्तो प्रभाव पारेको छ ?

नेपाल घुम्न आउने जुनसुकै प्रकारका पर्यटकमा पनि यहाँ आउँदा आफू सुरक्षित भएको महसुस गराउन सक्नुपर्छ। विगतमा माओवादी जनयुद्धलगायत कुनै पनि आन्दोलनमा हामीकहाँ पर्यटकमाथि कुनै आक्रमण भएको छैन। त्यसबाट पनि नेपालबारे सकारात्मक सन्देश गएको छ। अहिले पनि हामीले त्यसैलाई आधार मानेर बुकिङ क्यान्सिल नगर्न अनुरोध गरिरहेका छौँ। पर्यटन बोर्डले नेपालस्थित एम्बेसीमार्फत हाम्रो पक्षमा सकारात्मक सन्देश दिन अनुरोध गरेको छ। गैरआवासीय नेपाली संघमार्फत पनि संसारभर नेपालको सकारात्मक अवस्थाबारे सन्देश प्रवाह गर्न अनुरोध गरिएको छ। यसले गर्दा पनि हामी त्यति धेरै निराश छैनौँ, आशावादी नै छौँ।


पर्यटन व्यवसायलाई उकास्न नयाँ सरकारले के गर्नुपर्ला ?

यसबारे पर्यटन बोर्डमार्फत प्रस्ट योजना बनाइएको छ। नेपाल आउँदा यहाँ ढुक्क हुन सकिने वातावरण भएकोबारे विश्व समुदायलाई आश्वस्त पार्न सक्नुपर्छ। साथै, ११ असोजमा विश्व पर्यटन दिवस मनाउने तयारी छ। यसमा नेपाल सरकारका तर्फबाट प्रधानमन्त्रीबाटै सन्देश दिने परम्परा छ। यसपटक पनि नयाँ प्रधानमन्त्रीज्यूबाट सन्देश प्रवाह गर्ने व्यवस्था मिलाइनेछ। साथै, विमानस्थलको इमिग्रेसनमा हुने ढिलासुस्तीमा सुधार गर्नुपर्छ। स्थानीय तहहरूले पनि ट्राभल एजेन्टमार्फत आआफ्नो क्षेत्रको सम्पदा भ्रमणको निम्तो पठाउने व्यवस्था मिलाउन सकिएमा पर्यटकमा सकारात्मक प्रभाव पर्न सक्छ।

प्रेरक प्रसंग

स्टिभ जब्स र कर्मचारी

स्टिभ जब्सलाई मानिसहरू भिजन र उद्यमशीलताका लागि निकै लामो समयसम्म सम्झिरहनेछन्। केही मानिस उनलाई मन पराउँदैनन् पनि। किनकि, व्यक्तिगत जीवनमा उनी त्यति राम्रा मानिस थिएनन्। एप्पल कम्पनीका सर्वेसर्वा भएका नाताले उनी निकै निर्मम मालिक थिए। उनका साथमा काम गर्नु निकै कठिन थियो। ससाना गल्तीमा आफ्ना मिहिनेती कर्मचारीको जागिर खोस्न उनलाई कुनै संकोच लाग्दैनथ्यो। 'बेस्टसेलर' किताब 'रिच ड्याड, पुअर ड्याड'का लेखक रिचर्ड कावासाकीले पनि कुनै समयमा जब्ससित एप्पलमा काम गरेका थिए। जब्ससित काम गर्दाको उनको अनुभव यस्तो छ :



एक दिन जब्स मेरो क्याबिनमा कोही अपरिचित व्यक्तिका साथ आए। उनले ती व्यक्तिसित मेरो परिचय नगराईकनै सोधे– नोवेयर कम्पनीबारे तिम्रो के राय छ ? मैले जब्सलाई भनेँ- त्यस कम्पनीका उत्पादन खराब, दिक्क लाग्दा र अत्यन्त साधारण छन्। तिनमा केही यस्तो विशेषता छैन, जससित एप्पलको कुनै चासो या साइनो हुन सकोस्। यो कम्पनी बेकारको छ। एकछिन मेरो बकबक सुनिसकेपछि जब्सले भने- उहाँसित चिनजान गर, उहाँ हुनुहुन्छ, नोवेयरका सिइओ आर्ची म्याक्गिल। उफ्, यो तपाईंले के गर्नुभयो स्टिभ ? मैले मनमनै आर्फैंसित भनेँ।

यस घटनामा खास कुरा के थियो त ? मैले जब्सको 'आइक्यु टेस्ट' पास गरेर देखाएँ। मैले त्यस कम्पनीबारे राम्रो कुरा बताएको भए, जब्सलाई थाहा हुने थियो कि मलाई केही पनि थाहा छैन। र, त्यो नै एप्पलमा मेरो अन्तिम दिन हुने थियो। जब्सका साथमा काम गर्नु निकै कठिन थियो। उनी आफूमातहत काम गर्ने कर्मचारीमा यस्तो कुशलता चाहन्थे, जुन दुर्लभ हुन्छ। तपाईं यस खेलमा माथिल्लो स्थानमा रहनुभएन भने गायब हुनुहुन्थ्यो। मैले अन्य स्थानमा काम गर्दाको समयमा यति धेरै सिक्न पाइनँ वा सकिनँ, जे मैले एप्पल म्याकिन्टोसमा सिकेँ। यस अनुभवले मलाई परिणामको चिन्ता नगरीकनै साँचो बोल्नुपर्छ भन्ने पाठ सिकायो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रधानमन्त्रीज्यूलाई बधाई !

हार्दिक बधाई तथा नयाँ कार्यकालको शुभकामना छ प्रधानमन्त्रीज्यू। अब यथाशीघ्र एउटा छानबिन आयोग गठन गरी २०४७ सालदेखि उच्च पदमा कार्यरत र अवकाश पाएका सरकारी कर्मचारीलाई सम्पत्ति शुद्धीकरणमार्फत छानबिन गरी स्रोत नखुलेका सम्पूर्ण चल-अचल सम्पत्तिलाई राष्ट्रियकरण गर्ने कार्य गरिदिनुहुन आमनेपाली जनता र जेन-जी हार्दिक अनुरोध गर्दछौँ।

● दिपु खड्का

नयाँ सरकारले अबका दिनमा गर्नैपर्ने काम : १. संसद् टिघटन, २. संविधान संशोधन र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख जनताबाट सीधा निर्वाचित हुने व्यवस्था। ३. सबै क्षेत्रमा पार्टी कोटाको नियुक्ति खारेज। ४. न्यायाधीशहरूको पदमुक्ति। दक्षताका आधारमा नियुक्ति, पार्टीको कोटामा होइन। ५. राजदूत दक्षताका आधारमा नियुक्ति। ६. सांसद संख्या मात्र ७६, एक जिल्लाबाट एकजना मात्र। ७. राष्ट्रिय सभा र प्रदेश सरकार खारेज, स्थानीय सरकार मात्र रहने व्यवस्था। ८. आजसम्मका सबै भ्रष्टाचारका फाइल खोली कठोर कारबाही। ९. भ्रष्ट, हत्यारा, गुन्डा र बलात्कारीलाई सीधा फाँसीको कानुन। १०. पूर्वनेता र कर्मचारीलाई दिएको सुरक्षा खारेज। ११. संसद्को काम कानुन बनाउन मात्र। मन्त्री विज्ञताका आधारमा नियुक्त गर्ने। १२. आधुनिक कृषिक्रान्ति। १३. प्राविधिक शिक्षा। १४. नेताहरूको सुरक्षामा ९९ प्रतिशतसम्म कटौती। १५. हरेक विदेशी भूमिबाट हुन्डी कारोबार गर्नेलाई आजीवन कारावास सजाय। यति गरे नेपाल सिंगापुर बन्न केही समय लाग्दैन।

● मुपुचा बायुङ रुम्दाली

आजकै दिन नयाँ मन्त्रिपरिषद्ले कम्तीमा यी पाँच निर्णय गरेको देख्न र सुन्न पाइयोस् : १) स्विस बैंकमा जम्मा गरिएको सबै नेपालीको सम्पत्ति सरकार प्रमुखका तर्फबाट राज्यको खातामा दाखिला गराउन आवश्यक पहल गर्ने। २) २०४६ सालयताका नेता र सार्वजनिक पदमा रहने सबैको सम्पत्ति छानबिन गरेर शुद्धीकरण नभएकोजति सम्पत्ति राज्यको खातामा जम्मा गराउने। ३) वैदेशिक रोजगारीमा जाने वा त्यहाँ रहेका हरेक नेपालीको आम्दानी वा तलब नेपालमा पठाउँदा बैंकिङ च्यानलबाट मात्र पठाउन अनिवार्य गर्ने र त्यसको सहजताका लागि रेमिट्यान्स एजेन्टलाई नेपाली भएका हरेक ठाउँमा विस्तार हुन निर्देशन दिने, जसले गर्दा हुन्डीद्वारा नेपाली पैसा बाहिरिनबाट रोकिनेछ। ४) आइएनजिओलाई तत्काल पूर्ण प्रतिबन्ध लगाइहाल्ने र सकेसम्म सर्तसहितका वैदेशिक अनुदान, सहयोग र ऋण नलिने। ५) ध्वस्त भएका पूर्वाधारको पुनर्निर्माण र निर्वाचन गराउन राष्ट्रिय रूपमा श्रमदान र आर्थिक सहयोग गर्न अपिल गर्ने।

● रामबहादुर सुयल

तीन दलको राजनीतिक सेन्डिकेटबाट देशले मुक्ति पाएको छ। केही मुद्दामा असमझदारी भए पनि दम्भ त्यागी लचकता देखाउँदै आउने चुनावमा तालमेल गर्दै वैकल्पिक शक्ति राप्रपा/रास्वपा, बालेन, हर्कसहितका जेनजी साथीहरूलाई पनि यसैमा मिलाएर मिलेर चुनावमा गए सायद देशले निकास पाउनेछ।

● अमित अधिकारी

प्रधानमन्त्रीज्यू, हजुरले अर्थव्यवस्था सुधारमा ध्यान दिनुभएन भने राज्यव्यवस्था असफलतातर्फ जान्छ, बेलैमा सचेत रहनुहोला।

● किशोर

प्रदेश खारेज र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था, ५०० र १००० को नोटबन्दिको घोषणा क्याबिनेटको पहिलो बैठकले गर्न सक्नुपर्छ।

● नरेशराज खतिवडा

नेपालमा संसदीय व्यवस्था पटक-पटक फेल भइसक्यो। यो आन्दोलनले संसद् विघटन गरेर मात्र हुँदैन। संसदीय व्यवस्था खारेज गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी शासन व्यवस्था स्थापित हुनुपर्छ। खर्चिलो प्रदेशको संरचना खारेज गर्नुपर्छ।

● नवीन विष्ट

भ्रष्टाचारका फाइल खोल्न सुरु भयो भन्नुस्। ४६ सालपछि सबै उच्च ओहोदामा बसेका सबैको सम्पत्ति छानबिन गर्ने भनेर आजै निर्णय गर्न जरुरी छ।

● कृष्ण श्रीष

पुरानो सरकारले गरेको बर्बर दमनका कारण सहिद हुने जेन-जीको संख्या ७२ पुगिसकेको छ। सहिदको सपनाअनुसार काम गर्नुहोला, प्रधानमन्त्रीज्यू।

● उद्धव सापकोटा

(नयाँ पत्रिका फेसबुक पेजबाट)

फेरि भयो संविधानको उल्लंघन

प्रतिनिधिसभा विघटन जेन-जी आन्दोलनको माग नभए पनि वार्ताको टेबुलमा घुसपैठ गरेर आन्दोलनको मागविपरीत विघटन गराइयो



● डा. बेदुराम भुसाल

हाम्रो संविधानको फेरि उल्लंघन भएको छ। यसअघि तानाशाहहरूले संविधान उल्लंघन गर्थे, तर आज आफूलाई विधिको शासनका पक्षपाती हौँ भन्नेहरूले र आफूलाई नयाँ युगका प्रतिनिधि हौँ भन्नेहरूले नै संविधान उल्लंघन गरेका छन्। सन्दर्भ सुशीला कार्कीलाई नेपालको प्रधानमन्त्रीमा नियुक्तिको हो। उनलाई नेपालको संविधानको धारा ६१ अनुसार प्रधानमन्त्रीमा नियुक्त गरिएको भनिएको छ। धारा ६१ मा राष्ट्रपतिले संविधान र संघीय कानुनबमोजिम आफ्नो कर्तव्य पालना गर्ने, राष्ट्रिय एकता प्रवर्द्धन गर्ने र संविधानको पालना र संरक्षण गर्ने भन्ने उल्लेख छ। त्यहाँ प्रधानमन्त्री नियुक्तिको प्रसंग छैन। प्रधानमन्त्रीको नियुक्तिसम्बन्धी प्रबन्ध संविधानको धारा ७६ मा छ। त्यसअनुसार प्रतिनिधिसभा सदस्य रहेको व्यक्ति मात्रै मुलुकको प्रधानमन्त्री हुन सक्छ। संविधानको यस प्रावधानविपरीतको नियुक्ति संवैधानिक हुन सक्दैन। त्यसैले, कार्कीको नियुक्ति असंवैधानिक छ। यसरी नियुक्ति गर्दा संविधान उल्लंघन भएको छ।

हरेक कामको नियम हुन्छ, विधि हुन्छ। परिवर्तनको पनि नियम हुन्छ। क्रान्तिको पनि नियम हुन्छ। त्यसैले परिवर्तनकारी वा क्रान्तिकारीले पनि विधिको पालना गर्छन्। विजेताले विधिको पालना गर्छन्। हाम्रो इतिहासले यही पुष्टि गर्छ। २००७ सालको क्रान्तिमा क्रान्तिकारीहरू विजयी भएका थिए, राणाशासक पराजित। त्यो एउटा ठुलो क्रान्ति थियो। त्यसले हुकुमी शासन अन्त्य गऱ्यो। त्यसले सामन्ती शासकको स्वेच्छाचारी शासन अन्त्य गरी नागरिक शासनको सुरुवात गरेको थियो। संविधान बनाएर त्यसैअनुसार शासन सञ्चालन गर्ने निर्णय भएको थियो। त्यत्रो ठुलो परिवर्तन हुँदा पनि तत्काल सरकार गठन गर्दा विधिको उल्लंघन गरिएको थिएन, परम्परा तोडिएको थिएन। त्यसवेलाको नियम र परम्पराअनुसार राजा त्रिभुवनले नै प्रधानमन्त्री नियुक्ति र सरकार गठन गरेका थिए।

०४६ मा राजाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा चल्दै आएको पञ्चायती व्यवस्था ढलेको थियो। राजाले हारेका थिए र पञ्चायतविरोधी क्रान्तिकारीले जितेका थिए। पञ्चायती संविधान खारेज गरी नयाँ संविधान बनाउने तय गरिएको थियो। नयाँ संविधान बनाउने र चुनाव गराउने कामका लागि अन्तरिम सरकार गठन गरिएको थियो। अन्तरिम सरकारको गठन र त्यसका प्रधानमन्त्रीको नियुक्ति तत्कालीन संविधानको प्रावधानअनुसार राजा वीरेन्द्रले गरेका थिए। नयाँ सरकार गठन गर्दा पुरानो विधिलाई तोडिएको थिएन। ०६२/६३ को परिवर्तन नेपालको अर्को ठुलो परिवर्तन हो। त्यसले २५६ वर्षदेखि शासन गर्दै आएको शाहवंशीय राजतन्त्र अन्त्य गर्ने तय गरेको थियो। त्यत्रो ठुलो परिवर्तन हुँदा पनि विघटित प्रतिनिधिसभा पुनर्स्थापना गरी तत्कालीन संविधानअनुसार राजा ज्ञानेन्द्रले नै प्रतिनिधिसभा सदस्य गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री नियुक्त गरेर उनको सिफारिसमा नयाँ सरकार गठन गरेका थिए। यी घटनाबाट स्पष्ट हुन्छ, ठुला परिवर्तनपछि पनि अझै भनौँ नयाँ संविधान बनाउनुपर्ने परिवर्तनपछि पनि नयाँ विधान नबन्दासम्म पुरानै विधि विधानअनुसार काम गर्नुपर्छ। तब मात्रै गरिएको कामले वैधता प्राप्त गर्छ। असंवैधानिक ढंगले बनेको सरकारले गर्ने काम कसरी वैध मान्न कसरी सकिएला ?

नेपालको वर्तमान संविधान कुनै तानाशाहको हुकुमप्रमांगीबाट आएको होइन। यो त जनताको



रगतले लेखिएको संविधान हो। जनताले आफ्ना प्रतिनिधिमार्फत आफैँ लेखेको संविधान हो। जनताले धेरै लामो समयसम्म कठोर संघर्ष गरेर प्राप्त गरेको उपलब्धि हो। आजका जेन-जीहरूजस्ता धेरै युवाको बलिदानको प्रतिफल हो। यसमा कमी छन् होला, तर यो पूरै खराब छैन। यसको कार्यान्वयनमा कमजोरी भयो होला, तर त्यसको दोषी यो होइन। त्यसको दोष कार्यान्वयनकर्तालाई लाउनुपर्छ। कार्यान्वयन गर्ने पात्र खराब भए भन्दैमा त्यसको दोष संविधानलाई दिनु गलत हुन्छ। अर्कातर्फ, जेन-जीहरूको माग भनेर प्रतिनिधिसभा विघटन गर्दा पनि संविधान उल्लंघन भएको छ। हाम्रो संविधानले प्रतिनिधिसभा विघटन गर्ने अधिकार कसैलाई नदिएको हुँदा प्रतिनिधिसभा विघटन असंवैधानिक हो भनेर सर्वोच्चको संवैधानिक इजलासले दुई-दुईपटकसम्म भनिसकेको छ। प्रतिनिधिसभा विघटन जेन-जी आन्दोलनको माग थिएन। जसरी जेन-जीको विरोध प्रदर्शनमा घुसपैठ गरेर जेन-जीको मान्यताविपरीत विध्वंश मच्चाइयो, त्यसैगरी वार्ताका टेबुलमा पनि घुसपैठ गरेर जेन-जी आन्दोलनको मागविपरीत प्रतिनिधिसभा विघटन गराइएको हो कि भन्ने भान हुन्छ। दुवै सन्दर्भमा लोकतन्त्रविरोधी तत्त्वले जेन-जीको आन्दोलनमा घुसेर आफ्नो स्वार्थ सिद्ध गर्न खोजेको देखियो। प्रतिनिधिसभामा गएका व्यक्ति खराब होलान्, तर ती जनताबाट निर्वाचित भएर गएका हुन् भन्ने तथ्य भुल्नु हुन्थ्यो, जे भयो गलत भयो।

विगतमा निरंकुश शासकले संविधान र सम्झौता उल्लंघन गर्ने गरेका थिए। उदाहरणका लागि राजा त्रिभुवनले दिल्ली सम्झौताअनुसार गरिएको २००७ साल फागुन ७ को सम्झौता उल्लंघन गरे। २०१७ सालमा राजा महेन्द्रले २०१५ सालको संविधान उल्लंघन गरे। २०५९ सालमा राजा ज्ञानेन्द्रले २०४७ को संविधान उल्लंघन गरे र २०७७ सालमा केपी ओलीले अहिलेको संविधान उल्लंघन गरी प्रतिनिधिसभा विघटन गर्न सिफारिस गरेका थिए। यसपटक अलि फरक ढंगले संविधान उल्लंघन भयो। जसरी भएको भए पनि संविधानको उल्लंघन हुनु गलत हो। इतिहासमा यो गलत घटनाकै रूपमा दर्ज हुनेछ।

(डा. भुसाल एकीकृत समाजवादीका वरिष्ठ नेता हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुस र युक्रेन दुवैलाई मान्य हुने सम्झौतामा पुग्न के गर्नुपर्छ ?

शान्ति-सम्झौतामा पुग्न युक्रेनले आफ्ना केही भूभाग परित्याग गर्न तयार हुनुपर्ने र रुसले सैन्यीकृत तटस्थ युक्रेनलाई स्वीकार गर्नुपर्ने हुन सक्छ





● थोमस ग्राहम

ग्राहम काउन्सिल अफ फरेन रिलेसन्सका प्रतिष्ठित सदस्य हुन् ।

'समाधानको सबैभन्दा कठिन विषय युद्धको अन्त्यमा हाम्रो नियन्त्रणमा नरहेका युक्रेनी भागको स्थिति कस्तो हुने भन्ने छ,' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच गत फेब्रुअरीमा रुस-युक्रेन युद्ध समाधान गर्न वार्ता सुरु भएको केही समयपछि क्रेमलिनका एक वरिष्ठ अधिकारीले भनेका थिए । निश्चित रूपमा उनी सही छन् । अहिले, युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा रुस र अमेरिका पूर्ण रूपमा विपरीत अडान लिएर बसेका छन् ।

क्रेमलिन युक्रेनलाई पनि बेलारुसजस्तै आफ्नो सार्वभौमिकताबाट वञ्चित गरेर आफ्नो कक्षमा घुम्ने देश बनोस् भन्ने चाहन्छ । संयुक्तराज्य अमेरिकाले भने एक सुरक्षित, पूर्ण सार्वभौम र स्वतन्त्र युक्रेन चाहेको छ, जुन बिस्तारै पश्चिमी विश्वमा समाहित हुनेछ । ट्रम्पले यो लक्ष्य कहिल्यै स्पष्ट रूपमा नभनेका भए पनि उनका उपराष्ट्रपति र अन्य वरिष्ठ अधिकारीहरूले पनि जाहेर गरिरहेका हुन्छन् । दुई विपरीत अडानको मिलनविन्दु भेट्नु असम्भवजस्तो देखिन्छ । तर, फेरि बिचको मिलनविन्दु नभई कुनै स्थायी समाधान हासिल पनि हुनेछैन ।

> युक्रेनलाई पनि बेलारुसजस्तै आफ्नो सार्वभौमिकताबाट वञ्चित गरेर आफ्नो कक्षमा घुम्ने देश बनोस् भन्ने क्रेमलिन चाहन्छ । संयुक्तराज्य अमेरिकाले भने एक सुरक्षित, पूर्ण सार्वभौम र स्वतन्त्र युक्रेन चाहेको छ, जुन बिस्तारै पश्चिमी विश्वमा समाहित हुनेछ । ट्रम्पले यो लक्ष्य कहिल्यै स्पष्ट रूपमा नभनेका भए पनि उनका उपराष्ट्रपति र अन्य वरिष्ठ अधिकारीहरूले भने जाहेर गरिरहेका हुन्छन् ।

पछिल्लो समय युद्धभूमिमा जित हासिल भइरहेको पुटिनको आत्मविश्वास नयाँ चुनौतीको रूपमा आएको छ । तथापि, वार्ताको टेबलबाटै आफ्नो लक्ष्य हासिल भए उनी खुसी नै हुनेछन् । यसविपरीत, संयुक्तराज्य अमेरिकाले युक्रेन सम्बन्धमा लिएका उद्देश्य भने वार्ताको टेबलबाट मात्र हासिल हुन सक्छ । युक्रेनी नेताहरू पनि रुसी सेनालाई हराउन नसक्ने र रुसको कब्जामा गएका आफ्नो सबै भूमि फिर्ता लिन नसक्ने स्विकार्छन् । तर, युक्रेनी फौजले युद्धमोर्चामा रुसी प्रगति रोक्न सके मात्र पुटिन कुनै खालको सम्झौताका लागि आउलान् । त्यसैले वार्तामार्फत हुने समाधानका लागि समेत युक्रेनलाई निरन्तरको अमेरिकी सहायता अत्यावश्यक छ । युद्ध रेखामा रुसी फौज रोक्नु युक्रेन सम्बन्धमा घनिभूत वार्ता सुरु गर्ने पहिलो कदम हुनेछ ।

राम्रोसँग तयारी गर्ने हो भने सद्भावपूर्ण वार्ता भयो भने पनि न्यून उपलब्धि हासिल हुनेछ । यससम्बन्धमा दुई अन्तर्दृष्टि आवश्यक छ । पहिलो, सार्वभौमिकताको मुद्दा निःसन्देह दुवै पक्षका लागि सुरक्षाको विषय हो भन्ने स्वीकारोक्ति । युक्रेनीहरू भविष्यमा फेरि रुसी आक्रमण नदोहोरिने बलियो ग्यारेन्टी चाहन्छन् । त्यस्तै, रुसीहरू आफ्नो भूमिमाथि हुन सक्ने नेटो आक्रमणको आधार युक्रेन कहिल्यै पनि नबनोस् भन्ने विश्वसनीय आश्वासनको माग गरिरहेका छन् ।

दोस्रो, रुस-युक्रेन मुद्दा समग्र 'युरोपेली सुरक्षा'को वृहत्तर प्रश्नसँग गहिरो रूपमा गाँसिएको छ भन्ने स्वीकारोक्ति । रुसले महादेशको सुरक्षा 'अविभाज्य' रहेको भन्ने गर्छ । अर्थात्, कुनै एक देशको अर्कोलाई असुरक्षित राखेर सुरक्षित हुन नसक्ने उसको भनाइ छ । युरोपेलीलाई युक्रेनमा सम्भावित रुसी विजयले पुटिनलाई थप अरू युरोपी छिमेकी देशमाथि आक्रमणका लागि प्रोत्साहित गर्न सक्ने डरले आक्रान्त बनाएको छ । यस्तोमा एउटा सूत्र तयार गर्नुपर्छ, जसले सार्वभौम युक्रेनको भावी सुरक्षा ग्यारेन्टी प्रदान गर्नुका साथै, रुसलाई सार्वभौम युक्रेनबाट उसको सुरक्षामाथि खतरा नहुने प्रत्याभूति दिलानुपर्छ । त्यस्तो सूत्र कस्तो होला त ?

व्यापक रूपमा भन्दा, भावी शान्ति-सम्झौतामा युक्रेनको सशस्त्र तटस्थता र रुस-युक्रेन सीमालाई स्थिर राख्न रुस-पश्चिमबिचको सम्झौता समावेश हुनुपर्छ । ब्यारेन्ट्स सागरदेखि कृष्णसागरसम्म फैलिने यो सीमाक्षेत्र हालको युद्धविराम रेखा हुन सक्छ । रुस र युक्रेन (यसका पश्चिमी समर्थक)ले कठोर त्यागका लागि तयार रहनुपर्नेछ । उदाहरणका लागि, युक्रेनले नेटोमा सामेल हुने आफ्नो महत्त्वाकांक्षा परित्याग गर्दै असंलग्न, गैरआणविक राज्यको हैसियत स्वीकार गर्नुपर्नेछ । नेटोले पनि औपचारिक रूपमा युक्रेनका लागि आफ्नो ढोका बन्द गर्नुपर्नेछ । युक्रेनमा मात्र होइन, अन्य विगतमा सोभियत संघको प्रभाव क्षेत्र रहेका मुलुकमा पनि यसले थप विस्तारको लक्ष्य त्याग्नु पर्नेछ ।

यसले रुसी सुरक्षाको माग सम्बोधन गर्छ । र, सत्य भन्नुपर्दा, यो त्यति कष्टसाध्य काम पनि होइन । किनकि व्यावहारिक रूपमा नेटो वा कम्तीमा संयुक्तराज्य अमेरिका र जर्मनीजस्ता यसका मुख्य सदस्यले थप पूर्वतिर विस्तार गर्ने कुनै मनसाय राखेको देखिँदैन ।

बदलामा, रुसले युक्रेनको निशस्त्रीकरणसम्बन्धी आफ्नो जिद्दी त्यागनुपर्छ । एक तटस्थ राज्यको रूपमा, युक्रेनसँग क्षेत्रीय अखण्डता रक्षाका लागि आवश्यक सेना निर्माण गर्ने अधिकार हुनुपर्छ । रुसले कुनै पनि नेटो सदस्य राष्ट्रका सेना युक्रेनमा नबसोस् वा ती देशका सेनासँग संयुक्त अभ्यास नगरोस् भन्न पाउँछ, तर उसले पश्चिमी राज्यबाट सुरक्षा सहायता प्राप्त गर्न पाउँदैन वा अहिले रुससँग लड्दा सिकेका पाठ आफ्ना युरोपेली साझेदारहरूसँग साझा नगर भन्न सक्दैन ।

युक्रेनी सेनाको आकार र क्षमतालाई लिएर कायम रुसको चिन्तालाई रुस-पश्चिमी सीमालाई स्थिर गर्ने र त्यसपछि तनाव कम गर्ने व्यापक प्रयासको एक हिस्साको रूपमा सम्बोधन गर्न सकिन्छ । यो शीतयुद्धको अन्तिम समयमा भएको प्रक्रियाजस्तै हुनेछ । सन् १९७५ को हेलसिंकी सम्झौताबाट सुरु भएको तत्कालीन प्रक्रियाले युरोपका क्षेत्रीय यथास्थितिलाई सबल बनाएको थियो । 'कन्भेन्सनल आर्म्ड-फोर्सेस इन युरोप(सिएफई)' सम्झौतासँगै अन्त्य भएको सो प्रक्रियाले नेटो-वार्सा प्याक्ट देशको सीमाक्षेत्रमा सेना तैनाथीलाई नियमन गरेको थियो ।

अब हुने सम्झौताको अन्तिम प्रावधानमा, स्थायी युद्धविरामका बुदाको रुसी कार्यान्वयनसँग रुसमाथिको आर्थिक प्रतिबन्ध हटाउने पश्चिमको प्रतिबद्धता समावेश हुनेछ । अहिले युक्रेन वा रुस दुवैले त्यस्तो सम्झौता स्वीकार गर्ने सम्भावना कमजोर छ । युक्रेनीहरूले अझै पनि अमेरिकी समर्थनमा युरोपले युक्रेनमा सानो प्रतिरोधी सेना तैनाथ हुनेछ भन्ने आशा गरेका छन् । तथापि, त्यस्तो सम्भावना न्यून छ । रुसीहरूले पहिले नै यस्तो योजना अस्वीकार गर्ने स्पष्ट बताइसकेको छ । त्यस्तो कदममा अघि बढ्ने युरोपेली देशहरूले रुससँग युद्धको जोखिम लिन तयार हुनपर्ने हुन्छ ।

रुसले युद्धभूमिमा जितिरहेको छु भन्ने विश्वास गरिरहेसम्म कुनै सम्झौता स्विकार्नेछैन । र, त्यो दृष्टिकोण तब मात्र परिवर्तन हुनेछ, जब संयुक्तराज्य अमेरिकाले युद्धमोर्चामा रुसको प्रगति रोक्न युक्रेनलाई आवश्यक सबै मद्दत गर्न तयार हुनेछ । तर, युक्रेनीहरूको त्याग र संयुक्तराज्य अमेरिकाको दृढ सन्देशले धेरै पर्यवेक्षकले अनुमान गरेको भन्दा छिट्टै द्वन्द्वको अन्त्य गर्न सक्छ ।

नेसनल इन्ट्रेस्टबाट

इतिहासमा आज

सेप्टेम्बर १५



सन् २०२२ : टेनिस खेल इतिहासकै महान् खेलाडीमध्ये एक मानिने रोजर फेडेररले ४१ वर्षको उमेरमा व्यावसायिक खेलजीवनबाट सन्न्यासको घोषणा गरे ।

सन् १८२१ : ल्याटिन अमेरिकी देश कोस्टारिका, एल सल्भाडोर, ग्वाटेमाला, होन्डुरस र निकारागुवाले स्पेनिस उपनिवेशबाट स्वतन्त्र भएको घोषणा गरे ।

सन् १९१७ : फोर्ब्स पत्रिका आजकै दिन स्थापना भएको थियो ।

सन् १९२८ : स्कटिस वैज्ञानिक एलेक्जेन्डर फ्लेमिङले एन्टिबायोटिक औषधि पेनिसिलिन पत्ता लगाए ।

सन् १९३५ : जर्मनीले देशका यहुदीहरूलाई नागरिकताबाट विमुख गर्ने र स्वस्तिकलाई देशको आधिकारिक चिह्न बनाउने कानुन ल्यायो ।

सन् १९५० : कोरियाली द्वन्द्वका क्रममा अमेरिकी नौसेना दक्षिण कोरिया पुग्यो ।

सन् १९७१ : प्रभावशाली वातावरणवादी समूह 'ग्रिनपिस' आजकै दिन स्थापना भएको थियो ।

सन् १९८१ : स्यान्ड्रा डे ओ' कोनोर अमेरिकी सिनेटको न्यायिक समितिबाट स्वीकृत भएसँगै देशको सर्वोच्च अदालतकी पहिली महिला न्यायाधीश बनिन् ।

सन् १९८३ : इजरायली प्रधानमन्त्री मेनचेम बेगिनले देशको प्रधानमन्त्री पदबाट राजीनामा दिए ।

सन् १९८४ : बेलायतका राजा चार्ल्स तृतीयका दोस्रा छोरा राजकुमार ह्यारीको आजकै दिन जन्म भएको थियो । उनी अहिले बेलायत राजगद्दीका चौथो वरीयताका हकदार हुन् ।

सन् १९९७ : गुगल डट कम डोमेन नाम दर्ता भयो ।

सन् २००८ : 'लेम्यान ब्रदर' नामक वित्तीय सेवाप्रदायक फर्मले 'टाट पल्टिएको' निवेदन दर्ता गऱ्यो । सो फर्म टाट पल्टिएसँगै एकपछि अर्को घटनाले सन् १९२९ पछिकै ठुलो विश्वव्यापी वित्तीय संकट आएको थियो ।

सन् २०२१ : अमेरिका, बेलायत र अस्ट्रेलियाबिच त्रिपक्षीय सुरक्षा साझेदारी 'ओकस'को घोषणा भयो । यो साझेदारी प्रशान्त महासागरमा चीनको बढ्दो प्रभावलाई चुनौती दिन बनाइएको विश्वास गरिन्छ ।

विश्व संक्षेप

दक्षिण चीन सागरमा फिलिपिन्सको उत्तेजना अस्वीकार्य : चीन

बेइजिङ / चीनको सेनाले तनावग्रस्त दक्षिण चीन सागरमा कुनै पनि उत्तेजनाविरुद्ध फिलिपिन्सलाई चेतावनी दिएको छ । बेइजिङले यस क्षेत्रको आफ्नो नियन्त्रणलाई सुदृढ पार्न गस्ती र अग्रिम योजना सुरु गरिरहेकै बेला फिलिपिन्सलाई चेतावनी दिएको हो । चिनियाँ सेनाको दक्षिणी थिएटर कमान्डका प्रवक्ताले फिलिपिन्सलाई निर्देशित एक विज्ञप्ति जारी गरे जसमा तीन ट्रिलियन डलरभन्दा बढी वार्षिक व्यापार बोक्ने प्रमुख जलमार्गमा संयुक्तराज्य अमेरिका र जापानसँग संयुक्त अभ्यासलाई उल्लेख गरिएको छ । 'हामी फिलिपिन्स पक्षलाई दक्षिण चीन सागरमा उत्तेजक घटना तुरुन्तै बन्द गर्न र तनाव र उत्तेजना बढाउने तत्त्वविरुद्ध कडा चेतावनी दिन्छौं,' प्रवक्ताले भने । 'समस्या निम्त्याउने वा स्थितिलाई बाधा पुऱ्याउने कुनै पनि प्रयास सफल हुनेछैन ।'



फिलिपिन्सको समुद्री तथा सैन्य अधिकारीहरूले कुनै टिप्पणी गरेका छैनन् । अमेरिकी एसिया प्रशान्त कमान्डले एक विज्ञप्तिमा भनेको छ कि क्षेत्रीय सहयोगलाई सुदृढ पार्न र स्वतन्त्र र खुला एसिया प्रशान्त क्षेत्रलाई समर्थन गर्न जापान, फिलिपिन्स र अमेरिकाले बिहीबारदेखि शनिबारसम्म फिलिपिन्सको विशेष आर्थिक क्षेत्रमा संयुक्त समुद्री अभ्यास गरेका छन् । 'अमेरिका, हाम्रा सहयोगी र साझेदारहरूसँग मिलेर, समुद्र र अन्तर्राष्ट्रिय हवाई क्षेत्रको नेभिगेसन र ओभरफ्लाइटको स्वतन्त्रता र अन्य कानुनी प्रयोगको अधिकारलाई समर्थन गर्दछ, साथै अन्तर्राष्ट्रिय कानुनअन्तर्गत समुद्री अधिकारको सम्मान गर्दछ,' यसले भन्यो । चीनको राज्य परिषद्ले बुधबार दक्षिण चीन सागरमा चीन र फिलिपिन्स दुवैले दाबी गरेको विवादित क्षेत्र स्कारबोरो सोलको विवादित टापुमा ३,५०० हेक्टर (८,६५० एकड) फैलिएको प्रकृति आरक्ष स्थापना गर्ने आफ्नो मनसाय प्रकट गरेको केही दिनपछि यो चेतावनी आएको हो ।

गाजा हमलामा ४८ को मृत्यु

गाजा सिटी / गाजा सहरमा इजरायली सेनाले गरेको तोपखाना र गोलीबारीका साथै डुंगाबाट भएको गोलाबारीका कारण कम्तीमा ४८ जनाको मृत्यु भएको छ । दोहामा इजरायलको 'कायर' आक्रमणपछि कारबाहीको योजना बनाउन कतारले आइतबार र सोमबार अरब र मुस्लिम नेताहरूको शिखर सम्मेलन आयोजना गरिरहेको छ । संयुक्तराज्य अमेरिका कतारमा हमासमाथि इजरायलको हवाई आक्रमणबाट 'खुसी नभएको' विदेशमन्त्री मार्को रुबियोले बताए ।



अक्टोबर २०२३ देखि गाजामा इजरायलको युद्धमा कम्तीमा ६४,८७१ जनाको मृत्यु भएको छ र १ लाख ६४ हजार ६१० जना घाइते भएका छन् । हजारौँ थप भग्नावशेषमुनि रहेको विश्वास गरिन्छ । अक्टोबर ७ मा भएको आक्रमणमा इजरायलमा कुल ११ सय ३९ जना मारिएका थिए र लगभग २०० जनालाई बन्धक बनाइएको थियो । यसैबिच, कतार समाचार एजेन्सीले कतारको राजधानी दोहामा अरब र मुस्लिम देशका विदेशमन्त्रीबिचको बन्द कोठामा बैठक सुरु भएको रिपोर्ट गरेको छ ।

गत हप्ता दोहामा इजरायलले गरेको आक्रमणको औपचारिक प्रतिक्रियाबारेमा छलफल गर्न क्षेत्रभरका नेताहरू कतारको राजधानीमा भेला हुँदै छन्, जुन हमास नेतृत्वलाई लक्षित गरिएको र मध्यपूर्व र बाहिर प्रतिध्वनित भएको बताइएको छ । भेलामा ५७ सदस्यीय इस्लामिक सहयोग संगठन (ओआइसी) र २२ सदस्यीय अरब लिगका नेताहरू उपस्थित हुनेछन् । इरानका राष्ट्रपति मसुद पेजेस्कियान, पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफ र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम उपस्थित हुने पुष्टि भएको छ ।

भारतले मौन समर्थन जनाउनुपर्छ नेपालको संक्रमणकाललाई

सामान्य अवस्थातर्फको कठिन यात्रामा नेपाललाई सहयोग गर्ने आफ्नो जिम्मेवारीबाट भारत पन्छिन सक्दैन, तर भारतीय समर्थन शान्त हुनु राम्रो हुन्छ । नेपाललाई आफ्ना युवाहरूको आकांक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने नवीन नीति बनाउन पनि मद्दत गर्नुपर्छ ।



● के भी राजन



● अतुल के ठाकुर

नेपालका लागि भारतका पूर्वराजदूत केभी राजन र नीतिगत पेशेवर अतुल के ठाकुर 'काठमाडौं क्रोनिकल : रिक्लेमिङ इन्डिया-नेपाल रिलेसन'का लेखक हुन्



नयाँ पत्रिका फाइल तस्बिर

नेपालमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीको रूपमा घोषणाले अशान्त नेपालमा सामान्य अवस्था पुनर्स्थापितलाई सहयोग गर्न सक्छ । देश ३५ वर्षमा तेस्रो जनआन्दोलनको बिचमा छ, जहाँ भ्रष्टाचारविरुद्धको जनआन्दोलनको नेतृत्व युवा पुस्ताले गरेको छ । प्रदर्शनकारी छनोट गरेका कार्कीले स्थिरताका लागि विश्वसनीय सेतु प्रदान गर्न सक्छिन् वा सक्दिनन् भन्ने कुरा काठमाडौंमा मात्र नभई नयाँदिल्लीमा पनि नजिकबाट हेरिनेछ । गहिरो चिन्तित हुनुको भारतसँग औचित्य छ । बंगलादेशमा पहिले नै कमजोर राजनीतिक वातावरण, पाकिस्तानसँगको सम्बन्ध कमजोर विन्दुमा र चीनले नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोजिरहेको अवस्थामा भारतका लागि छिमेकीको अवस्था रणनीतिक महत्त्वको कुरा हो ।

नेपालका अघिल्ला दुई जनआन्दोलनमध्ये १९९० को जनआन्दोलनले राजा वीरेन्द्रको भूमिकालाई संवैधानिक राजाको भूमिकामा सीमित पाऱ्यो र बहुदलीय लोकतन्त्रको सुरुवात गऱ्यो । त्यस्तै, २००८ को जनआन्दोलनले राजतन्त्रलाई पूर्ण रूपमा समाप्त गऱ्यो । यी दुवै जनआन्दोलन फरक थिए किनभने त्यहाँ स्पष्ट, प्राप्त गर्न सकिने उद्देश्य र जिम्मेवारी लिनका लागि आन्दोलनका पहिचानयोग्य नेताहरू थिए । दुवै आन्दोलनलाई भारतको समर्थन थियो । पहिलो संक्रमणकालमा भारतले राजतन्त्र र बहुदलीय लोकतन्त्र दुवैलाई समर्थन गर्ने नीति अपनायो । दुवै देशमा सरकार परिवर्तन भए तापनि सम्बन्ध फस्टाउँदै गए र नेपालमा अन्तरदलीय समर्थनसँगै प्रमुख सम्झौतामा हस्ताक्षर र अनुमोदन गरियो । दोस्रो संक्रमण माओवादी विद्रोह र राजा ज्ञानेन्द्रले उनीहरूविरुद्ध सेना परिचालन गरेर र लोकतान्त्रिक संरचनालाई ध्वस्त पारेर पूर्ण शक्ति हातमा लिने प्रयास गरेपछि भएको थियो । भारतले फेरि नयाँ लोकप्रिय आन्दोलनलाई समर्थन गऱ्यो, जसले अन्ततः राजतन्त्रको अन्त्य र माओवादीलाई एउटा लोकतान्त्रिक पार्टीको रूपमा मूलधारमा ल्यायो ।

तर दुर्भाग्यवश, नयाँ र समावेशी नेपालको सपना भ्रमपूर्ण साबित भयो । त्यसको सट्टा भ्रष्टाचार, राजनीतिकरण गरिएका संस्थाहरू र नातावाद तथा कृपावादले गर्दा देश दीर्घकालीन अस्थिरतामा फस्यो । गरिबी, असमानता र बेरोजगारी झन् गहिरिँदै गयो, जसले गर्दा निराश युवा विभिन्न देशमा निरन्तर पलायन हुन बाध्य भए । र नेपाल २००८ मा औपचारिक रूपमा संघीय लोकतान्त्रिक गणतन्त्र बने पनि वास्तविक अर्थमा यो भिजन अधुरो रह्यो ।

जनआन्दोलन-३ पुरानो व्यवस्थाप्रतिको अस्वीकार हो । र अब अन्तरिम प्रधानमन्त्री कार्कीले संक्रमणको निरीक्षण गर्ने अपेक्षा गरिएको छ । र, भारतले देशको भविष्यको बाटो तय गर्ने जिम्मेवारी नेपालका राजनीतिक दलहरू, नागरिक समाज र विशेषगरी युवाहरूलाई सुम्पनुपर्छ । नयाँ लोकतान्त्रिक संस्थाभित्रबाटै विकसित भएमा मात्र तिनीहरू स्थापित हुन सक्छन् । सामान्य अवस्थातर्फको कठिन यात्रामा नेपाललाई सहयोग गर्ने आफ्नो जिम्मेवारीबाट भारत पन्छिन सक्दैन, तर भारतीय समर्थन हल्लाखल्ला नगरी शान्त भएर विस्तार गर्नु राम्रो हुन्छ । भारतले नेपाललाई आफ्ना युवाहरूको आकांक्षालाई प्रत्यक्ष रूपमा सम्बोधन गर्ने नवीन नीति बनाउन पनि मद्दत गर्नुपर्छ । विशेषगरी, विकासका लागि नयाँ दृष्टिकोण अप्नाउन आवश्यक छ जसले बृहत राजनीतिक र नागरिक समाजलाई आकर्षित गर्न र ठुलो मात्रामा रोजगारी सिर्जना गर्न सक्छ । वास्तवमा, भारतसँगको आर्थिक एकीकरण समयको आवश्यकता हो । नेपालको निरन्तरको राजनीतिक अस्थिरता (१७ वर्षमा १४ वटा सरकारहरू) व्यापक भ्रष्टाचारसँगै विदेशी र स्वदेशी दुवै लगानीका लागि यसअघि नै गम्भीर अवरोध बनेको छ । नेपालमा भारतीय लगानीकर्ताको विश्वास पुनर्स्थापित गर्न गाह्रो हुनेछ, तर यो एक आवश्यकता हो ।

तर त्यहाँ अन्य जटिल विषय पनि छन् । पूर्वप्रधानमन्त्री केपी ओली र अन्य समान विचारधारा भएका वामपन्थीको कारणले गर्दा पछिल्ला वर्षहरूमा चीनको प्रभाव विस्तार हुँदै गएको छ । यसको मनसाय धेरै स्पष्ट छ- भारतको लागतमा नेपालमा आफ्नो उपस्थितिलाई गहिरो बनाउने । चाखलाग्दो कुरा के छ भने, चरम वामपन्थीको पुनरुत्थानसँगै अति दक्षिणपन्थी शक्तिबाट बढ्दो रूपमा बलियो आवाज पनि उठिरहेको छ, जसले राज संस्था र नेपालको हिन्दू पहिचानको पुनर्स्थापनाका लागि आह्वान गरिरहेका छन् । राजतन्त्रको अन्तय र माओवादीहरूको मुलधारको राजनीतिमा समर्थन गर्ने निर्णय गरेपछि भारतले नेपाली कांग्रेसजस्ता परम्परागत रूपमा भारत समर्थक दलहरूको धेरै सद्भाव गुमाएको छ । नियन्त्रण नगरिएको, निरन्तर अस्थिरताले तेस्रो देशहरू र उनीहरूका गैरसरकारी साझेदारहरूद्वारा नेपालबाट भारत-लक्षित दुष्कर्मको ढोका खोल्न सक्छ । भारतले यी नयाँ रणनीतिक चुनौतीहरूलाई ध्यानमा राखेर आफ्नो नेपाल नीतिलाई पुनर्संरचना गर्नुपर्छ । नेपालको जेन-जीको सन्दर्भमा छनोट प्रस्ट छ - कार्की सरकारअन्तर्गत राष्ट्रिय दिशामा सहमति जनाउने वा राज्यलाई कमजोर बनाउने अव्यवस्थाको जोखिम लिने ।

द टाइम्स अफ इन्डियाबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ३० भदौ ०८२

आगजनीले सर्भर र प्रिन्टर जलेपछि लाइसेन्स छपाइ र वितरण बन्द

२० लाखभन्दा बढी लाइसेन्स छाप्न बाँकी, लगभग आठ लाख कार्ड जलेर नष्ट, इम्बोस्ड नम्बर प्लेटको काम पनि बन्द

मिलन विश्वकर्मा/नयाँ पत्रिका



२३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा बानेश्वरको मीनभवनस्थित यातायात व्यवस्था विभागको केन्द्रीय कार्यालयमा भएको तोडफोड तथा आगजनीले सर्भर र मास प्रिन्टर क्षतिग्रस्त भएपछि लाइसेन्सको छपाइ तथा वितरण अनिश्चितकालीन रूपमा स्थगन गरिएको छ। विभागले आइतबार एक सूचना जारी गर्दै सवारीचालक अनुमतिपत्रको छपाइ तथा वितरणसम्बन्धी सेवा अनिश्चितकालीन रूपमा बन्द भएको जानकारी गराएको हो।

सूचना प्रविधिसम्बन्धी सम्पूर्ण प्रणाली तथा सेवा प्रवाह पनि बन्द हुने सूचनामा उल्लेख छ। त्यस्तै, इम्बोस्ड नम्बर प्लेटसम्बन्धी सेवा पनि अर्को सूचना नआउने वेलासम्म बन्द हुने बताइएको छ। '२३ र २४ भदौमा भएको प्रदर्शनका क्रममा यातायात व्यवस्था विभागको संरचनामा तोडफोड, आगजानी तथा चोरी-लुटपाटबाट इलेक्ट्रोनिक उपकरण, छपाइ मेसिन तथा सर्भर प्रणालीमा पूर्ण रूपमा क्षति पुग्न गई सवारीचालक अनुमतिपत्र तथा विद्युतीय सवारीसाधन दर्ता तथा इम्बोस्ड नम्बर प्लेटसम्बन्धी सेवा अवरुद्ध हुन पुगेकाले अर्को सूचना जारी नभएसम्मका लागि सवारीचालक अनुमतिपत्र छपाइ तथा वितरणलगायतका सूचना प्रविधिसम्बन्धी सम्पूर्ण प्रणाली तथा सेवा प्रवाह बन्द रहने व्यहोरा जानकारीका लागि अनुरोध छ,' सूचनामा भनिएको छ।

अहिले २० लाखभन्दा बढी लाइसेन्स छाप्न बाँकी छ। ट्रायल पास गरेको दुई-तीन वर्ष बितिसक्दा पनि चालकले लाइसेन्स पाउन सकेका छैनन्। आगजनीमा परेर सर्भर र प्रिन्टर जलेपछि यससम्बन्धी सेवा बन्द गरिएपछि लाइसेन्स छपाइ तथा वितरण सेवा थप प्रभावित हुने देखिएको हो।

सत्ता ढाल्ने गरी २३ र २४ भदौमा भएको आन्दोलनका क्रममा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतसहितका सरकारी भवन तथा निकायहरू तोडफोड तथा आगजनी गरिएको थियो। आन्दोलन भइरहेको स्थान नजिकै पर्ने मीनभवनस्थित विभागको कार्यालय पनि तोडफोड तथा आगजनी गरिएको थियो। त्यसले विभागलाई नमज्जाले प्रभावित बनाएको त्यहाँ कर्मचारीहरू बताउँछन्। प्रदेशबाट लाइसेन्स छाप्ने नीति त्याए पनि कार्यान्वयन भइसकेको थिएन। विभागसँग एउटा मात्रै मास प्रिन्टर थियो, साउन ७६ मा उक्त प्रिन्टर ल्याइएको थियो। नयाँ प्रिन्टर ल्याउने विषयमा विभागले निर्णय गरिसकेको छैन।

अहिले दैनिक नयाँ लाइसेन्सको माग सात हजार हाराहारी छ

विभागका एक अधिकारीका अनुसार अहिले २० लाखभन्दा बढी लाइसेन्स छाप्न बाँकी थियो। त्यसमा लाइसेन्सका रूपमा प्रिन्ट हुनका लागि तयारी अवस्थामा रहेका झन्डै आठ लाख कार्ड विभागको कार्यालयमा थियो, त्यो पनि आगजनीले नष्ट भएको छ। त्यसमा प्रिन्ट भइसकेका लाइसेन्ससमेत छन्।

अहिले दैनिक नयाँ लाइसेन्सको माग सात हजार हाराहारी छ। त्यसमा प्रिन्टरले दैनिक चार हजारदेखि पाँच हजारसम्म लाइसेन्स छाप्न सक्ने थियो। पछिल्लो समय अत्यावश्यक प्रयोजनका लागि मात्रै लाइसेन्स छाप्ने गरिएको थियो। फलस्वरूप छाप्न बाँकी लाइसेन्सको संख्या बढ्दै गएको थियो। अब लाइसेन्स छपाइ गर्न सर्भर निर्माण, प्रिन्टर खरिद र कार्ड पनि खरिद गर्नुपर्ने हुन्छ। आन्दोलनका क्रममा भएको आगजनीबाट नमज्जाले प्रभावित भएको विभागले यो सेवा तत्काल खुलाउन चुनौतीपूर्ण हुने कर्मचारीहरू बताउँछन्।

इम्बोस्ड नम्बर प्लेटको पनि सर्भर र प्रिन्टर क्षतिग्रस्त

इम्बोस्ड नम्बर प्लेट प्रिन्ट तथा जडान सेवा पनि पनि अनिश्चितकालीन रूपमा बन्द गरिएको छ। आगजनीका कारण इम्बोस्ड नम्बर प्लेटसम्बन्धी सर्भर र विभागसँग भएका दुई प्रिन्टर जलेर नष्ट भएका छन्। त्यसपछि यससम्बन्धी सेवा पनि अनिश्चितकालीन रूपमा बन्द गरिएको हो।



विभागमा बाँकी रहेका ६ लाखभन्दा बढी प्लेट पनि जलेर नष्ट भएका छन्। यो सेवा सुरु गर्न पनि सर्भर निर्माण, प्रिन्टर खरिद र प्लेट ल्याउनुपर्नेछ। यसका लागि पनि समय लाग्ने कर्मचारीहरू बताउँछन्।

टेन्ट बनाएर आइतबारदेखि आंशिक सञ्चालनमा

आगजनीले क्षतिग्रस्त यातायात व्यवस्था विभागको केन्द्रीय कार्यालय आइतबारदेखि सञ्चालनमा आएको छ। विभागको प्रांगणमै टेन्ट बनाएर सेवा सञ्चालनमा ल्याइएको हो। भवनमा काम गर्न सक्ने अवस्था नभएर प्रांगणमै टेन्ट टागेर सेवा सुरु गरिएको छ। यद्यपि, यसका सेवा आंशिक छन्।

सडक विभाग चाकुपाटबाट सञ्चालनमा

आन्दोलकै क्रममा भएको तोडफोड र आगजनीले क्षतिग्रस्त भएको सडक विभाग चाकुपाटबाट सञ्चालनमा ल्याइएको छ। भूकम्पले प्रभावित भएपछि सडक विभाग ललितपुर चाकुपाटबाट सञ्चालन भइरहेको थियो। पुनर्निर्माण सकेर दुई वर्षअघि मात्रै सडक विभाग काठमाडौं बबरमहलबाट सञ्चालनमा आएको थियो। तर, गत साताको दुईदिने आन्दोलनले सडक विभागमा तोडफोड गरेर आगजनी गरेका थिए। त्यहाँ बसेर काम गर्न सक्ने अवस्था नभएपछि सडक विभागलाई आइतबारदेखि चाकुपाटबाट सञ्चालनमा ल्याइएको छ। बुधबारदेखि कार्यालय पूर्ण क्षमतामा सञ्चालनमा आउने विभागका प्रवक्ता ई. प्रभातकुमार झाले जानकारी दिए।

सातामै ७०%सम्म महँगियो तरकारी

बेमौसमी उत्पादन र भारतीय आलु, प्याज, गोलभेँडाको भाउ बढ्न थालेको व्यवसायीको भनाइ, स्वदेशी उत्पादनको भने भाउ घट्यो



● **विनय श्रेष्ठ**, सूचना अधिकारी
कालीमाटी बजार

तरकारी आपूर्तिमा कुनै समस्या छैन। शनिबार कालीमाटी बजारमा आठ सय ५० टन तरकारी भित्रिएको थियो। आइतबार दिउँसोसम्म चार सय ५० टन आइसकेको थियो। रातिसम्म करिब नौ सय टनसम्म आइपुग्ने व्यापारीले जानकारी दिएका छन्। मागअनुसार नै तरकारी आइरहेको छ। अधिकांशको भाउ पनि स्थिर नै छ। भन्सारमा भएको समस्याले भारतबाट आउने आलु, गोलभेँडालगायतमा केही कमी छ, त्यसैले भाउमा असर परेको हो। अहिले आलुको भाउ बढ्ने सिजन पनि हो। आउँदो दिनमा अब आलुको भाउ उकालो लाग्छ।



● **खोमप्रसाद घिमिरे**, निवर्तमान अध्यक्ष, तरकारी तथा फलफूल व्यवसायी महासंघ

बेमौसमी तरकारीको भाउमा सामान्य वृद्धि भएको छ। भारतीय आलु र गोलभेँडासमेतको भाउ गत वर्षको दाँजोमा कम छ। केही सीमित हरियो तरकारीको भाउ बढेको छ। यद्यपि, ठुलो अन्तरले बढेको छैन। अन्य तरकारीको भाउ भने स्थिर वा घट्दो क्रममा छ। दसैं-तिहारसम्म तरकारीको भाउमा खासै असर पर्दैन। आन्तरिक उत्पादन राम्रो छ, त्यसैले चाडपर्वका वेला मूल्यमा अन्तर पर्दैन। आलुको भाउ भने केही बढ्छ।



अजित अधिकारी/नयाँ पत्रिका

हरियो तरकारीको भाउ बढ्न थालेको छ। पछिल्लो एक साताभा करिब दुई दर्जन तरकारीको भाउ बढेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ। सबैभन्दा बढी चिचिन्डो साताभा प्रतिकिलो १७ रुपैयाँबाट २९ रुपैयाँ पुगेर १२ रुपैयाँ महँगिएको हो। चिचिन्डोको भाउ ७०.५९ प्रतिशत बढेको हो। त्यस्तै, साताअघि ४५ रुपैयाँ औसत मूल्य रहेको भिन्डीको कालीमाटी बजारमा आइतबार ७५ रुपैयाँ औसत मूल्य निर्धारण भएको छ। भिन्डीमा प्रतिकिलो ३० रुपैयाँ (६६.६७ प्रतिशत) भाउ बढेको हो। व्यवसायीका अनुसार बेमौसमी उत्पादन र भारतबाट आयात हुने सीमित तरकारीमा मूल्य बढ्न थालेको हो। आन्तरिक उत्पादन पर्याप्त भएका केही तरकारीको भाउ भने घटेको छ।

भारतबाट आयात भएको गोलभेँडा, रातो आलु र सुकेको प्याजको भाउ पनि सामान्य वृद्धि भएको कालीमाटी बजारले जनाएको छ। २२ भदौमा ७४.७५ रुपैयाँ प्रतिकिलो रहेको भारतीय गोलभेँडाको शुक्रबार औसत मूल्य ७७ रुपैयाँ निर्धाण भएको थियो। त्यस्तै, २६.४० रुपैयाँ प्रतिकिलो औसत मूल्य रहेको भारतीय रातो आलुको ३७ रुपैयाँ मूल्य निर्धारण भएको थियो। भारतीय गोलभेँडा र आलुको औसत भाउ क्रमशः २.२५ रुपैयाँ र १०.६ रुपैयाँ प्रतिकिलो बढेको हो। त्यस्तै, सुकेको प्याजको भाउ एक रुपैयाँ बढेर प्रतिकिलो ३८ निर्धारण भएको छ। मुडेको रातो आलु पनि पाँच रुपैयाँ बढेको छ।

कालीमाटी बजारका सूचना अधिकारी विनय श्रेष्ठले भारतबाट आयातमा केही समस्या भएकाले मूल्यमा सामान्य अन्तर आएको जानकारी दिए। 'भन्सारमा भएको समस्याले भारतबाट आउने आलु र गोलभेँडामा केही कमी छ, त्यसैले भाउमा असर परेको हो,' उनले भने, 'अहिले आलुको भाउ बढ्ने सिजन पनि हो। आउँदा दिनमा अब आलुको भाउ उकालो लाग्छ।'

उनले कालीमाटी बजारमा सामान्य अवस्थाकै परिमाणमा तरकारी भित्रिन थालेको जानकारी दिए। 'शनिबार कालीमाटी बजारमा आठ सय ५० टन तरकारी भित्रिएको थियो।

■ महँगिएका तरकारीको औसत मूल्य

तरकारी	२२ भदौको मूल्य	२९ भदौको मूल्य	प्रतिकिलो वृद्धि
भारतीय गोलभेँडा	७४.७५	७७	२.२५
भारतीय आलु	२६.४०	३७	१०.६
मुडेको रातो आलु	४३.२०	४५.४०	२.२
हाइब्रिड सेतो मुला	४२	४४	२
लाम्चो भेन्टा	१६	१८	२
डल्लो भेन्टा	३३.७५	३८.७५	५
तुनेबोडी	९०	१०८	१८
मकै बोडी	७५	११०	३५
भटमास कोसा	९५	१००	५
लौका	५२	५५	३
परवल	४६	६९	२३
चिचिन्डो	१७	२९	१२
झिगुनी	६०	७५	१५
भिन्डी	४५	७५	३०
स्कुस	१७.५०	२०	२.५
हरियो प्याज	८२	९७.५०	१५.५
न्युरो	७५	८५	१०
सजीवन	२२०	२३५	१५
कागती	१३२	१५२	२०
अदुवा	१०६	११४	८
अकबरे खुर्सानी	२१४	२३८	२४

आइतबार दिउँसोसम्म चार सय ५० टन आइसकेको थियो। रातिसम्म करिब नौ सय टनसम्म आइपुग्ने व्यापारीले जानकारी दिएका छन्,' उनले भने, 'मागअनुसार नै तरकारी आइरहेको छ। अधिकांशको भाउ पनि स्थिर नै छ।'

कालीमाटी बजारका अनुसार बोडीको भाउ तुलनात्मक रूपले बढेको छ। एक साताभा तुनेबोडी १८ रुपैयाँ र मकैबोडी ३५ रुपैयाँ बढेको छ। त्यस्तै, परवल पनि प्रतिकिलो २३ रुपैयाँ महँगिएको छ। हरियो प्याज १५.५, न्युरो १०, सजीवन १५, कागती २०, अदुवा आठ र अकबरे खुर्सानी २४ रुपैयाँ प्रतिकिलो बढेको कालीमाटी बजारले जनाएको छ।

तरकारी तथा फलफूल व्यवसायी महासंघका निवर्तमान अध्यक्ष खोमप्रसाद घिमिरेले बेमौसमी तरकारीको भाउमा सामान्य वृद्धि भएको, तर अन्य तरकारीको भाउ घटेको जानकारी दिए। भारतीय आलु र गोलभेँडासमेत गत वर्षको दाँजोमा कम रहेको उनले बताए। 'केही सीमित हरियो तरकारीको भाउ बढेको छ। यद्यपि, ठुलो अन्तरले बढेको छैन,' उनले भने, 'अन्य तरकारीको भाउ भने स्थिर वा घट्दो क्रममा छ।'

उनले दसैं-तिहारसम्म तरकारीको भाउमा खासै असर नपर्ने पनि बताए। 'आन्तरिक उत्पादन राम्रो छ, त्यसैले चाडपर्वका वेला मूल्यमा अन्तर पर्दैन,' उनले भने, 'आलुको भाउ भने केही बढ्छ।' उनले तरकारी आपूर्तिमा पनि कुनै समस्या नरहेको बताए।

स्वदेशी आलु, गोलभेँडा र सागको भाउ घट्यो

मुलुकभित्रै उत्पादित आलु, प्याज, सागलगायतको भाउ भने घटेको छ। कालीमाटी बजारका अनुसार ठुलो गोलभेँडा ९.६ रुपैयाँ घटेर औसत मूल्य ५६ रुपैयाँ निर्धारण भएको छ। त्यस्तै, एक साताअघिको तुलनामा सानो गोलभेँडा १५ र टनेलको गोलभेँडाको २० रुपैयाँ प्रतिकिलोसम्म घटेको छ। कालीमाटीमा आइतबार सानो गोलभेँडा ७७ रुपैयाँ र टनेल गोलभेँडा ३८ रुपैयाँ प्रतिकिलो औसत मूल्य निर्धारण भएको थियो।

त्यस्तै, गाजर, बन्दा, काउली, रातो मुला, घिउ सिमी, टाटे सिमी, करेला, हरियो फर्सी, सलगम, पिँडालु, सबै प्रकारका साग, च्याउ, कुरिलो, ब्रोकाउली, तामा, काँक्रो, हरियो खुर्सानी, भेडे खुर्सानी, हरियो धनियाँलगायतको भाउ घटेको कालीमाटी बजारले जनाएको छ।

सुरक्षित र व्यवस्थित बनाउन उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन गरिने

नयाँ पत्रिका

सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन गर्ने निर्णय भएको छ। आइतबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा भएको सर्वपक्षीय बैठकमा यस्तो निर्णय भएको हो। 'वर्तमान परिस्थिति एवं चाडपर्वको समयमा यात्रुको यात्रा सुरक्षित र सहज बनाउन एवं प्राप्त गुनासोहरूको तत्काल सम्बोधन गरी यातायात व्यवस्थापनमा सहजीकरण गर्न यातायात व्यवस्था विभागका महानिर्देशकको संयोजकत्वमा नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा महाशाखा प्रमुख, काठमाडौं उप्त्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख, नेपाल यातायात व्यवसाय राष्ट्रिय महासंघका अध्यक्षलगायत सरोकारवालासहितको उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन गर्ने' बैठकको माइन्युटमा उल्लेख छ।

यस्तै, ट्राफिक प्रहरीका लागि अत्यावश्यक पर्ने सामग्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक सुरक्षा परिषद्लगायतबाट उपलब्ध गराउने निर्णय पनि भएको छ।

आन्दोलनका क्रममा लुटपाट गरिएका हतियारलगायतका सामग्री सवारीसाधनबाट ओसारपसार हुन नपाउने गरी तत्काल सूचना जारी गर्ने पनि बताइएको छ। बैठकले दसैं मान्न जाने विद्यार्थीलाई तत्काल सहज रूपमा घर पठाउन गाडीको व्यवस्था गर्ने निर्णय गरेको छ। अहिले आन्दोलनका कारण अधिकांश विद्यालय तथा कलेज बन्द भइसकेका छन्। काठमाडौंदेखि बाहिरिने यात्रुको संख्या बढिसकेको छ। घटस्थापना र फूलपातीबाट बाहिरिने यात्रुको अग्रिम टिकट बुकिङबारे केही दिनमा निर्णय गर्ने बताइएको छ।

'वर्तमान परिस्थिति एवं चाडपर्वका समयमा काठमाडौं उपत्यकाबाट बाहिर जाने यात्रुलाई सहजै गन्तव्य स्थलसम्म जान सक्ने गरी यातायातको व्यवस्थापन गर्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघलगायत सरोकारवाला सबैलाई अनुरोध गर्ने' माइन्युटमा भनिएको छ। यस्तै, आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक सवारीसाधन एवं कार्यालयहरूको यकिन गरी उचित क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय पनि भएको छ।

आजबाट चाडपर्वलक्षित सुपथ पसल



नयाँ पत्रिका

सरकारी स्वामित्वका दुई संस्थान खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले सोमबारबाट छुट मूल्यसहित सुपथ पसल सञ्चालनमा ल्याउने भएका छन्।

विगतमा जस्तो यसपटक सुपथ पसल उद्घाटनको औपचारिक कार्यक्रम नराखिएको, तर आ-आफ्नो आउटलेटबाट बिक्री थालिने खाद्य कम्पनीका सूचना अधिकारी माधव मिश्रले जानकारी दिए। 'पूर्वनिर्धारित समयअनुसार आजबाट सुपथ मूल्य पसल सञ्चालन हुँदै छ,' उनले भने, 'सुपथ पसलमा राखिएका विभिन्न खाद्यान्नमा छुट मूल्य उपलब्ध गराइएको छ।'

खाद्यले थापाथली, नख्खु, सूर्यविनायकलगायतमा कार्यालय रहेको स्थानबाटै सुपथ मूल्यमा खाद्य वस्तु उपलब्ध गराउने भएको छ। त्यस्तै, साल्ट ट्रेडिङले पनि कालीमाटी, कोटेश्वर (जटीबुटी), बनेपा, सतुंगललगायतका बिक्री केन्द्रबाट खाद्य सामग्री बिक्री गर्ने भएको छ। उपत्यकाबाहिर पनि कार्यालय र डिपो रहेको स्थानबाट छुट मूल्यमा उपभोक्ताले खाद्यान्न बिक्री गर्न सक्ने दुवै संस्थानले जनाएका छन्।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको निर्णयअनुसार सुपथ पसलबाट चामल, दाल, गहुँ, चिनी, गेडागुडी तथा चिउरा प्रतिकिलो पाँच रुपैयाँ र आँटा, पिठो, मैदा, खानेतेल प्रतिकिलो सात रुपैयाँ छुटमा उपलब्ध हुनेछ। खाद्य कम्पनीले कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापर प्रतिकिलो १० रुपैयाँ छुट दिएर बिक्री गर्ने जनाएको छ। नुन दुई रुपैयाँ र जिरा, धनियाँ, चियापत्ती र जिउँदो खसी-बोका तथा च्यांग्रा प्रतिकिलो १० रुपैयाँ छुटमा उपलब्ध गराउने निर्णय भएको छ।

सुपथ पसलमा छुट दिइने खाद्यान्नको विवरण

खाद्य वस्तु	छुट मूल्य
चामल, दाल, गहुँ, चिनी, गेडागुडी तथा चिउरा,	५ रुपैयाँ
आँटा, पिठो, मैदा, खानेतेल	७ रुपैयाँ
कर्णालीका रैथाने उत्पादन मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापर	१० रुपैयाँ
जिरा, धनियाँ, चियापत्ती र जिउँदो खसी-बोका तथा च्यांग्रा	१० रुपैयाँ
नुन	२ रुपैयाँ

अर्थतन्त्र चलायमान बनाउन गभर्नरको सक्रियता

क्षतिको विवरण संकलन गर्न निजी क्षेत्र र बैंकरबिच छलफल, क्षति पुगेका बैंकहरूमा अवलोकन

नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा प्रभावित बैंकिङ क्षेत्रमाथि गभर्नर प्राडा विश्वनाथ पौडेलले चासो देखाउन थालेका छन्। गभर्नर पौडेलले आइतबार राष्ट्रिय वाणिज्य बैंकको नयाँ बानेश्वर शाखाको अवलोकन गरेका छन्। यसअघि शुक्रबार प्रमुख औद्योगिक एवं व्यापारिक प्रतिष्ठानमाथि विध्वंस भएपछि राष्ट्र बैंकले निजी क्षेत्रका प्रतिनिधि र बैंकरहरूसँग छलफल गरेका थिए। आन्दोलनपछि केन्द्रीय बैंकसँग निजी क्षेत्र र बैंकरबिच संवाद टुटेजस्तो अवस्था रहेकाले त्यसलाई कायम राख्न खोजिएको केन्द्रीय बैंकका प्रवक्ता किरण पण्डितले बताए। 'सबैतिर चुपचाप बसेको जस्तो अवस्था थियो। सम्पर्क पुनर्स्थापित गर्ने प्रयास पनि हो। आन्दोलनका क्रममा निजी क्षेत्रमा असर परेको छ। त्यसको अन्ततः असर बैंकिङ क्षेत्रमा पनि पर्न सक्छ। सरोकारवाला पक्षको क्षतिबारे के-कस्तो आकलन छ भन्ने जानकारी पनि लिइएको छ। अहिले सामान्य आकलनको विवरण दिनुभएको छ,' उनले भने।

छलफलमा उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले गभर्नर पौडेलले पछिल्लो आन्दोलन र गतिविधिबाट परेको असरका विषयमा जानकारी लिएको बताए। 'उद्योग व्यवसायमा के-कस्तो असर पऱ्यो ? राष्ट्र बैंकले कसरी मद्दत गर्न सक्छ भन्ने कुरा सोध्नुभयो,' उनले भने। बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले हाल देखिएका समस्या र असरहरूका बारेमा अवगत गराएको बताए। 'क्षतिको यकिन गरेर राष्ट्र बैंकले गर्न सक्ने सहजीकरणका लागि केही दिनमै सुझाव दिने बतायौं। गभर्नरले हतोत्साहित नहुनु, मनोबल राखेर अघि बढ्नुपर्छ, राष्ट्र बैंक सहयोग गर्न तयार छ भन्नुभयो,' कोइरालाले भने।



■ बिमा प्राधिकरण पनि छलफलमा : साना दाबी तत्कालै भुक्तानी गर्न सक्ने

नेपाल बिमा प्राधिकरणले आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिबाट बिमा क्षेत्रमा परेको प्रभावका सम्बन्धमा आइतबार निर्जीवन बिमा कम्पनी र पुनर्बिमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूसँग छलफल गरेको छ। छलफलमा निर्जीवन बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबीमध्ये सानो दाबी रकम बिमकले तत्कालै भुक्तानी गर्न सक्ने, त्यसभन्दा माथिको बिमा दाबी भुक्तानीको हकमा नियमबमोजिम पुनर्बिमकले पेस्कीस्वरूप अग्रिम रूपमा रकम दिनुपर्ने र तरलता व्यवस्थापनमा पुनर्बिमकले सहजीकरण गर्नुपर्ने विचार व्यक्त गरे।

साथै, उनीहरूले आन्दोलनका क्रममा पूर्ण रूपमा क्षति भएका भौतिक सम्पत्तिको बिमा दाबी भुक्तानीका सन्दर्भमा विशेष परिस्थितिका कारण सर्भे प्रतिवेदन प्राप्त गर्न नसकिने र वडा कार्यालय तथा प्रहरी कार्यालयहरू क्षतिग्रस्त भएका कारण सिफारिससमेत प्राप्त गर्न कठिन हुने भएकाले न्यूनतम कागजातका आधारमा दाबी भुक्तानीको व्यवस्था गर्नुपर्नेलगायतका धारणा राखे।

यसैगरी, पुनर्बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले बिमकले पुनर्बिमाका लागि प्रस्ताव गर्दा तथ्यांक विश्वसनीय हुनुपर्ने, दाबी भुक्तानीका सन्दर्भमा गर्न सकिने सहयोग गर्न पुनर्बिमकहरू तयार रहेकोलगायतका धारणा राखे।

छलफलमा नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले हालको गैरप्राकृतिक विपत्का भएका क्षतिको बिमा दाबी भुक्तानीलाई सरल एवं सहज बनाउन प्राधिकरणले बिमा नियमावली, ०८१ मा भएको व्यवस्थाअनुरूप बिमा दाबी भुक्तानीसम्बन्धी संक्षिप्त कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था भएकाले सो सम्बन्धमा तीन दिनभित्र राय-सुझावहरू दिन बिमक तथा पुनर्बिमकका प्रमुख कार्यकारी अधिकृतहरूलाई अनुरोध गरे।

कार्यकारी निर्देशक सुवेदीले बिमा गरेपछि बिमा दाबी पाइन्छ भन्नेमा सर्वसाधारण आश्वस्त हुने गरी काम गर्न र बिमा दाबीसम्बन्धी तथ्यांक संकलन तथा दाबी भुक्तानीमा सहजीकरण गर्न फोकल पर्सन तोकेर सार्वजनिक रूपमा जानकारी दिन बिमकलाई निर्देशन दिए। कार्यकारी निर्देशक सुवेदीले बिमकले आफूले बिमा गरेका भौतिक तथा अन्य सम्पत्तिमा भएको क्षतिका बारेमा जानकारी पाएमा त्यसबारे यथाशीघ्र बिमितलाई जानकारी दिएर दाबी भुक्तानी प्रक्रिया अगाडि बढाउन पहल गर्नसमेत निर्देशन दिए।

बिमा सर्भेयरहरूसँग पनि छलफल

यसैगरी, नेपाल बिमा प्राधिकरणले हालको गैरप्राकृतिक विपत्को अवस्थामा बिमा दाबी भुक्तानीलाई छिटो-छरितो बनाउने सम्बन्धमा बिमा सर्भेयरको भूमिकाका सम्बन्धमा आइतबार नै बिमा सर्भेयर संघ, नेपालसँग छलफल गरेको छ। छलफलमा बिमा सर्भेयर संघका पदाधिकारीले हालको विषम अवस्थालाई ध्यानमा राखी न्यूनतम कागजातका आधारका सर्भे प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्ने, सर्भेयरहरूले समानुपातिक रूपमा काम पाउनुपर्ने, क्षति भएका स्थानमा बिमा सर्भेयरले सहजै प्रवेश पाउने व्यवस्था गर्नुपर्ने, सर्भेयरहरूलाई बढी जिम्मेवार बनाउनुपर्नेलगायतका धारणा राखे।

निजी क्षेत्रमाथि भएको ध्वंसात्मक गतिविधिले लगानीकर्ता त्रसित : निर्माण व्यवसायी

आगजनी तथा लुटपाटमा संलग्नलाई तत्काल कारबाही गर्नुपर्ने, निर्माणाधीन संरचनामा भएको क्षतिको सम्बन्धित कम्पनीलाई सम्झौताबमोजिम राहत तथा सुविधा दिनुपर्ने महासंघको माग

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघ (एफक्यान)ले उद्योग-व्यवसायमाथि भएको ध्वंसात्मक गतिविधिले सिंगो निजी क्षेत्र नै त्रसित भएको बताएको छ। जेन-जी आन्दोलनका क्रममा निजी क्षेत्रको मनोबल गिर्ने गरी र राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन रूपमा गम्भीर असर पर्ने गरी गरिएका त्यस्ता क्रियाकलापप्रति महासंघले भर्त्सना गरेको छ। यस्ता गतिविधिले नेपालको पूर्वाधारलगायतका क्षेत्रमा लगानी गरेका स्वदेश तथा विदेशका तमाम उद्योगी-व्यवसायीसहितको निजी क्षेत्र त्रसित रहेको महासंघको निचोड छ। 'आन्दोलनका क्रममा जेन्जी पुस्ताको मागविपरीत सार्वजनिक तथा निजी सम्पत्तिसहित ऐतिहासिक धरोहरहरूमा भएको व्यापक आक्रमण, आगजनी, तोडफोड तथा लुटपाटका घटनाबाट महासंघ अत्यन्त दुःखी एवं मर्माहत भएको छ,' महासंघको विज्ञप्तिमा उल्लेख छ।

आक्रमण, आगजनी, तोडफोड तथा लुटपाटमा संलग्नलाई तत्काल कानुनअनुसार कारबाही गर्नुपर्ने बताउँदै महासंघले आन्दोलनका क्रममा निर्माणाधीन संरचनामा भएको क्षतिको सम्बन्धित निर्माण कम्पनीलाई सम्झौताबमोजिम राहत तथा सुविधा दिन पनि आग्रह गरेको छ। साथै, अहिलेको विषम परिस्थितिमा निजी क्षेत्रलाई सुरक्षित वातावरणमा व्यवसाय सञ्चालन गर्न दिनु राज्यको पहिलो दायित्व भएकाले त्यसतर्फ पहलकदमी लिन भनिएको छ।

साथसाथै महासंघले पूर्वाधार विकास तथा पुनर्निर्माण कार्यलाई सहज हुने गरी नीतिगत व्यवस्था गरी यस्ता कार्यलाई तीव्रता दिन जवाफदेहितासहितका व्यावहारिक ऐन-कानुन एवं नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्ने महासंघको माग छ। 'पुँजीगत खर्चमा वृद्धि गरी अर्थतन्त्र चलायमान बनाउन र संकटग्रस्त अवस्थामा रहेको निर्माण उद्योगसहित सिङ्गो निजी क्षेत्रको मनोबल नगिर्ने गरी आर्थिक स्थायित्वलाई उच्च प्राथमिकतामा राखी अविलम्ब ठोस आर्थिक रणनीतिसहित अघि बढ्न महासंघ सरकारसमक्ष अपिल गर्दछ,' विज्ञप्तिमा भनिएको छ। राष्ट्रले भोगिरहेको यस अकल्पनीय क्षतिपश्चात्को पुनर्निर्माणमा सहयोग गर्न अझ प्रतिबद्ध भएर लाग्ने पनि महासंघको भनाइ छ।


लगानी तथा पेसा-व्यवसाय गर्ने वातावरण सिर्जना गरियोस् : सिबिफिन

काठमाडौं/ बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले निजी क्षेत्रले मुलुकभित्रै लगानी तथा पेसा-व्यवसाय गर्न पाउने नीति एवं वातारण सिर्जना गरिदिन सरोकारवालासँग माग गरेको छ। सिबिफिनले एक विज्ञप्ति जारी गर्दै पछिल्लो आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमण र क्षतिबाट विक्षिप्त निजी क्षेत्रलाई शान्ति-सुरक्षाको प्रत्याभूति गर्न पनि माग गरेको छ। 'मुलुकभित्रै लगानी गर्ने, पेसा, व्यवसाय एवं रोजगार गर्न पाउने उपयुक्त नीति एवं वातावरणको सिर्जना गरी समग्र निजी क्षेत्रमा आशा, ऊर्जा एवं उत्साह भर्ने नवगठित सरकारले कुनै कसर बाँकी नराख्नेमा सिबिफिन विश्वस्त रहेको छ,' विज्ञप्तिमा भनिएको छ।

मानवीय एवं भौतिक क्षतिका बाबजुद पनि देश नयाँ चरणमा प्रवेश गरेसँगै सरकारसँग हातेमालो गरी समुन्नत राष्ट्र निर्माणको अभियानमा सँगसँगै अगाडि बढ्न सधैं तयार रहेको सिबिफिनको भनाइ छ। त्यसैगरी बैंक तथा वित्तीय संस्थालाई आफ्ना से वा सहजै सुरु गर्ने कार्यमा सहयोग गर्न पनि सिबिफिनको आग्रह छ। अर्थतन्त्रका आधारस्तम्भ र दिगो आर्थिक विकासका संवाहकका रूपमा रहेका यी संस्थाको सहज सेवा सञ्चालनका लागि पनि सिबिफिनले आग्रह गरेको छ।

साथै, आन्दोलनका क्रममा ज्यान गुमाउनेहरूप्रति दुःख प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। 'महाभूकम्प, कोरोनाकालको जर्जर अवस्थाबाट तंग्रिँदै र अर्थतन्त्रले गति लिँदै थियो। यही क्रममा नयाँ नेपालको सपना बोकेका युवाले आह्वान गरेको आन्दोलनमा मानवीय तथा भौतिक क्षति हुन पुग्यो। देशैभर सार्वजनिक, सरकारी एवं निजी सम्पत्तिमा भएको अपूरणीय क्षतिप्रति सिबिफिन गहिरो दुःख प्रकट गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

एनसेलका काठमाडौंसहित चार सहरका कार्यालयमा गम्भीर क्षति



काठमाडौं/ जेन-जी आन्दोलनका क्रममा एनसेलको मुख्य कार्यालयसहित देशका चार सहरमा रहेका कार्यालयमा गम्भीर क्षति पुगेको छ। कम्पनीका अनुसार काठमाडौंस्थित मुख्य कार्यालय 'एनसेल आइकम'सहित महेन्द्रनगर, धनगढी र पोखरास्थित क्षेत्रीय कार्यालयमा गम्भीर क्षति पुगेको हो। यो ध्वंसात्मक घटनाले भौतिक क्षतिका साथसाथै कर्मचारीको सुरक्षा र सेवा निरन्तरतामा पनि गम्भीर जोखिम उत्पन्न गराएको कम्पनीको भनाइ छ।

'एनसेल सधैंभैं देश र आमजनमानसलाई दूरसञ्चार सेवामा निरन्तर पहुँच सुनिश्चित राख्ने आफ्नो मूल उद्देश्यमा अडिग रह्यो,' एनसेलले भनेको छ, 'संकटको समयमा हामीले तीन दिनसम्म निःशुल्क लोकल भ्वाइस कल, एसएमएस र इन्टरनेट सेवा उपलब्ध गरायौं। तर, हामीमाथि भएको यस्तो आक्रमणले दुःखी बनाएको छ।'

सरकारको नेतृत्व गरेकी नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई बधाई दिँदै कम्पनीले देशका युवाहरूको अगुवाइमा गरिएको आन्दोलनले ल्याएको परिवर्तनलाई स्वागत गरेको जनाएको छ। यो परिवर्तनले सबै नेपालीका लागि एकता, शान्ति र समृद्धि ल्याउने आशा रहेको कम्पनीको भनाइ छ। साथै, अन्दोलनका क्रममा ज्यान गुमाएकाहरूको आत्माको चिरशान्तिको कामना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ।

२० वर्षदेखि एनसेलले सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा नेपालको रूपान्तरण यात्रामा साथ दिँदै, रोजगारी सिर्जना, आर्थिक वृद्धिलाई गति प्रदान गर्दै र डिजिटल नेपाल निर्माणको भिजनमा योगदान पुऱ्याउँदै आएको छ।

निगमले ९ असोजदेखि चीनको ग्वाङझाउमा सीधा उडान गर्ने



काठमाडौं/ नेपाल वायुसेवा निगमले चीनको ग्वाङझाउमा सीधा उडान गर्ने भएको छ। निगमले आगामी ९ असोज (२५ सेप्टेम्बर)देखि चीनको ग्वाङझाउमा सीधा उडान गर्न लागेको हो।

निगमले आइतबार एक सूचना जारी गर्दै नयाँ गन्तव्य ग्वाङझाउमा उडान सुरु गर्न लागेको जनाएको छ। यसका लागि निगमले अग्रिम टिकट बुकिङसमेत खुलाएको जनाएको छ। यो उडानले नेपाल-चीन यात्रा गर्ने यात्रुका लागि विकल्प दिनेछ। हाल चिनियाँ एयरलाइन्स चाइना साउर्दनले काठमाडौं-ग्वाङझाउ सीधा उडान गर्दै आएको छ।

हाल निगमले नारिता (जापान), क्वालालम्पुर (मलेसिया), हङकङ, दोहा (कतार) र दुबई (युएई), दमाम (साउदी) र बैंकक (थाइल्यान्ड)लगायत गन्तव्यमा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ। त्यसैगरी, छिमेकी देश भारतका तीन गन्तव्य मुम्बई, बेंगलोर र दिल्लीमा समेत निगमको उडान हुँदै आएको छ। निगमले उत्तरतर्फको छिमेकी देश चीनमा समेत उडान विस्तार गरेको हो।

अमेरिकन चेम्बर अफ कमर्सले नेपालमा आर्थिक सुधारका लागि सहकार्य गर्ने

काठमाडौं/ अमेरिकन चेम्बर अफ कमर्स नेपाल (एमच्याम नेपाल)ले नेपालमा शान्ति, स्थिरता र आर्थिक सुधारका लागि सहकार्य गर्ने भएको छ। २३-२४ भदौमा भएको जेन-जी आन्दोलन र त्यसको बलमा बनेको अन्तरिम सरकारसँग मिलेर एमच्यामले आर्थिक सुधारमा सहकार्य गर्न आफू तयार रहेको जनाएको हो। दिगो आर्थिक प्रगति र नेपाली जनताको हितका लागि प्रतिबद्ध रहेको दोहोऱ्याउँदै एमच्यामले अहिलेको सरकारसँग मिलेर आर्थिक संरचना सबल बनाउन तथा आवश्यक सुधारका कदमलाई समर्थन गर्ने प्रतिबद्धतासमेत जनाएको छ।

कानुन र व्यवस्था पुनर्स्थापना, सम्पत्तिको थप क्षति रोकथाम र स्थायित्वका लागि सामूहिक कदम आवश्यक रहेको तथा पारदर्शी र जवाफदेही संस्था निर्माण तथा सुशासन सुनिश्चित गर्नु, सार्वजनिक विश्वास जगाउनु र दीर्घकालीन लगानी आकर्षित गर्नु जरुरी रहेको एमच्यामको ठहर छ।

एमच्यामले नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई बधाईसमेत दिएको छ। एमच्यामले नेपालको लोकतान्त्रिक र आर्थिक यात्राको यो महत्त्वपूर्ण चरणमा प्रधानमन्त्री कार्कीको नेतृत्वमा मुलुक स्थिरतासँगै दिगो आर्थिक वृद्धिको दिशामा अघि बढ्ने विश्वास पनि व्यक्त गरेको छ। 'हामी स्थिरता, समावेशी वृद्धि र साझा समृद्धि प्रवर्द्धनका लागि अन्तरिम सरकारसँग नजिकको सहकार्य गर्न इच्छुक छौं,' एमच्यामले भनेको छ।

साथै, जेन-जी आन्दोलनमा ज्यान गुमाएकाप्रति समवेदना प्रकट गर्दै संगठनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। 'शान्त र स्थिर नेपाल आर्थिक विकास र साझा प्रगतिका लागि आधारशिला हो,' एमच्यामको भनाइ छ। त्यसैगरी एमच्याम नेपालले नेपालको दीर्घकालीन स्थिरता, सुधार कार्यक्रम र समृद्धिको यात्रामा निरन्तर संवाद र सहकार्य गर्ने प्रतिबद्धता पनि जनाएको छ।

महालक्ष्मी विकासको पोखराबाहेक सबै शाखा पूर्ण रूपमा सञ्चालन

काठमाडौं/ महालक्ष्मी विकास बैंकको पोखरा शाखाबाहेक अन्य सम्पूर्ण शाखा पूर्ण रूपमा सञ्चालनमा आएका छन्। बैंकले लेकसाइड, पोखरा शाखाबाहेक अन्य सम्पूर्ण एक सय दुई शाखा कार्यालयका साथै सम्पूर्णमा डिजिटल सेवा सुरक्षित रूपमा सञ्चालन भइरहेको जनाएको छ।

बैंकले लेकसाइड शाखा रहेको भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको र उक्त शाखा कार्यालयबाट प्रवाह हुने बैंकिङ सेवा नजिकको शाखा कार्यालयमार्फत लिन सकिने जानकारी गराएको छ। 'यस विषम परिस्थितिको समयमा घटेका विभिन्न दुःखद घटनामा भएको जिउधनको क्षतिले महालक्ष्मी विकास बैंकलाई अत्यन्तै मर्माहत बनाएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौं। साथै, उपचारार्थ रहेका सम्पूर्ण घाइते व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं,' बैंकले भनेको छ।

उक्त घटनामा सरकारी, सार्वजनिक र निजी सम्पत्तिमा भएको क्षतिप्रति बैंकले दुःख प्रकट गरेको छ। साथै, सुरु भइसकेको सरकार गठनको प्रक्रिया चाँडै टुंगिने तथा त्यसले मुलुकको असामान्य अवस्थालाई शीघ्र सामान्य बनाउँदै शान्ति, सुशासन, निष्पक्ष व्यावसायिक वातावरण, आर्थिक स्थायित्व र सुरक्षाको प्रत्याभूति गर्ने दिशामा सफल हुने विश्वास बैंकले लिएको छ।

बुटवल उवासंघद्वारा तोडफोड तथा आगजनीको अवलोकन

बुटवल/ बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले जेन-जी आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भएका सरकारी कार्यालय तथा निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानको स्थलगत अवलोकन गरेको छ। संघका अध्यक्ष हरिप्रसाद अर्याल नेतृत्वको टोलीले बुटवल तथा आसपासका क्षेत्रमा तोडफोड तथा आगजनी गरिएका व्यावसायिक प्रतिष्ठानहरूमा स्थलगत अवलोकन गरेको हो।

अर्यालको नेतृत्वमा निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजू, संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, कोषाध्यक्ष वसन्तप्रसाद ढकाल, सचिव प्रतीक पोखरेल, सहकोषाध्यक्ष धनकुमारी खनालसहित कार्यसमिति सदस्यसमेतको टोलीले अवलोकनका क्रममा उद्योगी-व्यवसायीलाई सान्त्वना दिएको छ।

सरकारी कार्यालय तथा निजी व्यावसायिक प्रतिष्ठानको स्थलगत अवलोकनपछि संघका अध्यक्ष अर्यालले ठुलो लगानी भएका होटेल तथा व्यावसायिक प्रतिष्ठानमा भएको क्षतिले मनै विक्षिप्त भएको बताए। घटनाको वस्तुस्थिति हेर्दा जेन-जी समूहका युवा विद्यार्थीले गरेको आन्दोलनमा अराजक तत्त्वको घुसपैठ भएको प्रस्ट भएको उनले बताए। सरकारी कार्यालय र व्यावसायिक प्रतिष्ठान तथा व्यक्तिगत सम्पत्तिमा तोडफोड गर्नेलाई पहिचान गरेर कारबाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ।

अध्यक्ष अर्यालले तोडफोड तथा आगजनी गरिएका सरकारी कार्यालय, उद्योग तथा व्यावसायिक प्रतिष्ठानको बिमा दाबी भुक्तानीमा आवश्यक प्रक्रिया पूरा गर्न कुरामा सम्बन्धित सरकारी निकाय र सम्बन्धित बिमाप्रदायक संस्थाले पनि विलम्ब नगरी बिमा भुक्तानी गरिदिन आग्रह गरे।

सिम्रिक एयरमा आक्रमण गर्नेलाई कारबाही गर्न संघको माग

काठमाडौं/ जेन-जी आन्दोलनका क्रममा अराजक समूहले गरेको सिम्रिक एयरमाथि आक्रमण गरेको भन्दै आक्रणमा संलग्नलाई कारबाही गर्न वायुसेवा सञ्चालक संघ नेपालले माग गरेको छ। संघले आइतबार विज्ञप्ति जारी गर्दै 'आन्दोलनका क्रममा केही अराजक तथा उच्छृंखल मनोवृत्ति भएका व्यक्तिले संघका निवर्तमान अध्यक्ष क्याप्टेन रामेश्वर थापाको निजी निवास तथा उनको कम्पनी सिम्रिक एयरमा आक्रमण गरी भौतिक क्षति पुऱ्याएको प्रति गम्भीर ध्यानाकर्षण भएको' जनाएको हो।

'पर्यटकीय सिजन पनि सुरु भइसकेको तथा बडादसैं, तिहार तथा छठ पर्व नजिकिँदै गइरहेको परिप्रेक्ष्यमा वायुसेवा कम्पनीहरू अधिकतम मात्रामा स्वदेशी तथा विदेशी यात्रुलाई सेवा प्रदान गर्न तयारी अवस्थामा रहेका वेलामा सदस्य वायुसेवा कम्पनीमाथि भएको आक्रमणले व्यवसाय नै धरापमा पर्न जाने देखिन्छ,' संघका अध्यक्ष मनोज कार्कीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस्ता घृणित कार्य गर्ने-गराउने जोसुकै भए पनि उचित छानबिन गरी सत्यतथ्य पत्ता लगाई दोषीमाथि कडाभन्दा कडा कारबाही गर्नका लागि सम्बन्धित निकायलाई यो संघ हार्दिक अपिल गर्दछ।'

कुकुर हराएको सूचना



मिति २०८२ साल भदौ २४ गते मंगलबारका दिन आन्दोलनका क्रममा चौधरी निवास, सरस्वती सदन ठमेलमा भएको आगजनीको बेला **'बेन्जी'** नाम गरेको खैरो रङको **'पग'** प्रजातिको कुकुर हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले देहायको सम्पर्कमा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दै सम्मानसहित रू २५ हजार उपलब्ध गराउने व्यहोरा निवेदन गर्दछौं।

राजकुमार अधिकारी
सम्पर्क: ०१-५३२१२६०/५३४८६५८
मोबाइल : ९८५१०६६४६०

Qatar मा रोजगार Company : COMO FMS
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/११ चलानी नं. ६०२३८४९० LT No.: 324433

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Air Condition Tech	16	0	सम्बन्धित क्षेत्रमा	1200	४६,३९१।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	नि:शुल्क	२ वर्ष
२.	Skilled Building Worker	8	0		1000	३८,६६०।-							
३.	Workers Female	0	18		1000	३८,६६०।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने ? कामदार आफैले | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने ? रोजगारदाता कम्पनीले | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने ? रोजगारदाता कम्पनीले | रोजगारमा पीजमा बुझे /नबुझे र कसले व्यहोर्ने ? हुने रोजगारदाता कम्पनीले | हवाई टिकट कसले दिने र कति लाग्ने ? रोजगारदाता कम्पनीले | भिषा शुल्क कसले दिने रकति लाग्ने ? रोजगारदाता कम्पनीले | सामाजिक सुरक्षा कोष (एसएसएफ) रु. २,५९६।- कामदार आफैले | कल्याणकारी कोष रु. १,४००।- कामदार आफैले | अभिमुखीकरण शुल्क रु. ७,००।- कामदार आफैले | सेवा शुल्क रु.१०,०००।-

अन्तरवार्ता २०८२ असोज ६ गते (22 Sept., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन कार्यालय
लहान, सिरहा

Invitation for Electronic Online Bids

प्रथम पटक सुचना प्रकाशन मिति : २०८२/०५/३०

राष्ट्रिय पशु प्रजनन कार्यालय, लहानद्वारा आ.व. २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेख भए अनुसारको कार्यक्रमहरुको लागि विद्युतिय बोलपत्र आव्हान गरिएको छ।

ठेक्का नं.	विवरण	इकाई	परिमाण	धरौटी रकम रू	दरभाउपत्र खरिद रु
NLBOLAHAN/NCB/G/04/2082-83	Supply and Delivery of Liquid Nitrogen	लिटर	५०,०००	१,१०,०००	३,०००
NLBOLAHAN/NCB/G/05/2082-83	Supply and Delivery and Installation of Hydraulic Dummy Cow for Semen Collection	सेट	१	९०,०००	३,०००

विद्युतिय बोलपत्र खरिद, पेश तथा बोलपत्र खोल्ने विवरण

ठेक्का नं.	विवरण	विद्युतिय बोलपत्र पेश मिति	विद्युतिय बोलपत्र पेश समय	विद्युतिय बोलपत्र खोलिने मिति	विद्युतिय बोलपत्र खोलिने समय	कैफियत
NLBOLAHAN/NCB/G/04/2082-83	Supply and Delivery of Liquid Nitrogen	२०८२/०६/२९ गते सम्म	१२:०० बजे सम्म	२०८२/०६/२९ गते सम्म	२:०० बजे सम्म	
NLBOLAHAN/NCB/G/05/2082-83	Supply and Delivery and Installation of Hydraulic Dummy Cow for Semen Collection	२०८२/०६/२९ गते सम्म	१२:०० बजे सम्म	२०८२/०६/२९ गते सम्म	२:०० बजे सम्म	

बोलपत्र खरिद बापतको रकम जम्मा गर्नको लागि	बोलपत्रदाताहरुको लागि धरौटी रकम नगद जम्मा गर्न इच्छुक
बैंक - राष्ट्रिय वाणिज्य बैक, सिरहा खाता नं. १००२०००१०००० राजश्व शिर्षक नं. १४२२९ कार्यालय कोड : ३१२०२९६०१	बैंक - राष्ट्रिय वाणिज्य बैक, सिरहा खाता नं. २१३०१००१०२०३०००० खाताको नाम : को.ले.नि.का. सिरहा कार्यालय कोड : ३१२०२९६०१

योग्यता पुगेका बोलपत्रदाताहरुले PPMO वेबसाइट **www.bolpatra.gov.np/egp** वा राष्ट्रिय पशु प्रजनन कार्यालय लहान (फोन नं. ०३३-५६३२७३, मोबइल नं. ९८५६०८४९५२, इमेल **nlbolahan@gmail.com** मा सम्पर्क गर्न सकिनेछ।)

नोट : यस सुचनामा रहेको बाहेकको शर्तहरु बोलपत्र डक्युनमेन्टमा लेखिए बमोजिम हुने छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED
रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल, फोन नं. : ०२३-५२०६४२
इमेलः solarpower@jhapaenergy.com.np वेबसाइटः www.jhapaenergy.com.np

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला अवधि थप गरिएको सम्बन्धी सूचना

झापा इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,०१,९०,०००/- बराबरको रु.१००/- अंकित दरको ३८,०१,९०० कित्ता मध्ये १०% अर्थात् रु.३,८०,१९,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,८०,१९० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएको र जारी पूँजीको १५% अर्थात् रु.५,७०,२८,५००/- रकम बराबरको रु.१००/- अंकित दरको ५,७०,२८५ कित्ता साधारण शेयरको १०% अर्थात् ५७,०२९ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात् २८,५१४ कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरु र २% अर्थात् ११,४०६ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी रहेको ४,७३,३३६ कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८२/०५/२० गते देखि मिति २०८२/०५/२४ गते (छिटोमा) सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएको र सर्वसाधारण लगानीकर्ताहरुबाट माग भन्दा बढी साधारण शेयरहरु खरिदका लागि आवेदन प्राप्त भएको हुनाले मिति २०८२/०५/२४ गते बैंकिङ्ग समय पश्चात् निष्काशन तथा बिक्री बन्द गर्ने बारेको सूचना समेत प्रकाशित गरि सकिएकोमा देशमा सृजाना भएको विषम परिस्थितिको कारणले गर्दा १ (एक) दिन अर्थात **मिति २०८२/०५/३० गते बैकिङ्ग समय सम्म** आवेदन बुझाउने समय थप गरिएको व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०	दरखास्त दिन पाउने अधिकतम कित्ता : ५,०००

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

क्र.सं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	श्री हिमालयन क्यापिटल लिमिटेड, का.म.न.पा. वडा नं.२८, कमलादी, काठमाण्डौं, वेबसाइट : www.himalayancapital.com
२.	श्री झापा इनर्जी लिमिटेड, विर्तामोड वडा नं. ४, झापा, वेबसाइट : www.jhapaenergy.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेबसाइटः www.sebon.gov.np

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी आवेदन दिन सकिनेछ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ भाद्र ११ गतेको "नयाँपत्रिका"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइट www.jhapaenergy.com.np नेपाल धितोपत्र बोडको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.himalayancapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

निष्काशन तथा बिक्री प्रबन्धकः

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वबसाइटः www.himalayancapital.com

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०

नयाँ पत्रिका

■ आन्दोलनको प्रभाव

खेलकुदका सबै गतिविधि ठप्प



आन्दोलनका कारण नियमित आयोजना भइरहेका खेल स्थगित मात्र भएनन्, घोषित आगामी प्रतियोगिता पनि अनिश्चित बनेका छन्

दशरथ रंगशालाको मूलगेटमा ताला लगाइएको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

जेन-जी आन्दोलनले सरकारी तथा निजी क्षेत्र ठप्प बनेका छन्। आन्दोलनको प्रभाव खेलकुद क्षेत्रमा समेत परेको छ। गत साता सोमबार र मंगलबारको जेन-जीको आन्दोलनका कारण सबै घरेलु प्रतियोगिता स्थगित भएका छन्। प्रतियोगिता गर्ने तयारीमा रहेका केही खेल कहिले गर्ने भनेर संघले निर्णय लिन सकेका छैनन्। खेलकुद मन्त्रालय रिक्त रहँदा मंसिरमा हुने भनिएको दसौं राष्ट्रिय खेलकुदका विषयमा अन्योल बढेको छ। १ असोजदेखि सुरु हुने भनिएको राष्ट्रिय महिला लिग प्रतियोगिता अनिश्चितभैं बनेको छ।

आइतबारदेखि खेलकुदको प्रमुख निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कार्यालय खुलेको छ। खेल संघमध्ये सबैभन्दा चलायमान बनेको अखिल नेपाल फुटबल संघ (एन्फा)ले भने २५ भदौदेखि कार्यालय खुलाएको थियो। एन्फाले कार्यालय खुलेको दिनै यू-१७ टोलीलाई सातदोबाटोस्थित एन्फा मुख्यालयमा बिदाई गऱ्यो। जेन-जीको प्रदर्शनबाट असुरक्षित महसुस गरेको एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राई अहिलेसम्म सम्पर्कमै नरहेको एन्फा स्रोतले बताएको छ। यसैबिच नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्का जेन-जी पुस्ताको पक्षमा समर्थन गर्दै सामाजिक सञ्जालमा सक्रिय देखिएका छन्।

एन्फा यू-१६ लिग प्रभावित

एन्फाले आयोजना गरेको एन्फा यू-१६ लिग प्रभावित बनेको छ। सहिद स्मारक 'ए' डिभिजनका १४ क्लब सहभागी भएको युथ लिगका सात चरणका खेल बाँकी छन्। अब, बाँकी खेल कहिले हुने टुंगो छैन। एन्फाले वर्तमान परिस्थितिका कारण यू-१६ लिगका सम्बन्धमा चासो राखेको छैन। लिगको १८ चरणको खेल सम्पन्न हुँदा नेपाल पुलिस क्लब २ अंकको अग्रता बनाउँदै शीर्ष स्थानमा छ। मच्छिन्द्र क्लब ३९ अंकसहित दोस्रो स्थानमा छ। एकै खेल जित्न नसकेको सातदोबाटो युथ क्लब पुछारमा छ।

एन्फाले सहिद स्मारक 'ए' डिभिजन लिग आयोजना गर्न गत सोमबार बैठक आह्वान गरेको थियो। एन्फा अध्यक्ष र महासचिवसहित अन्य पदाधिकारी सम्पर्कमा नआउँदा बैठक भएन। नेम्वाङ एन्फाको नेतृत्वमा आएको चौथो वर्षमा प्रवेश गर्दा मात्र एकपटक डिभिजन लिगको साइकल पूरा भएको छ।

नेपाल र बंगलादेशबिचको खेल रद्द

२२ महिनापछि दशरथ रंगशालामा फर्किएको नेपाली राष्ट्रिय फुटबल टोलीले बंगलादेशसँग २२ भदौमा पहिलो मैत्रीपूर्ण खेल खेल्यो। पहिलो खेल गोलरहित बराबरी खेलेको थियो। निर्णायक तथा उपाधि भिडन्तको दोस्रो खेल २४ भदौमा हुने तालिका थियो। फिफा विन्डोमा आयोजना भएको यो खेलले वरीयतामा समेत प्रभाव पार्ने थियो। २३ भदौमा जेन-जीको आन्दोलको पहिलो दिनै १९ जनाको मृत्युपछि एन्फाले दोस्रो मैत्रीपूर्ण खेल नहुने निर्णय गऱ्यो। काठमाडौंमा रहेका बंगलादेशी फुटबल टोली तीन दिनपछि मात्र घर फर्कियो। उनीहरू बंगलादेशकै सेनाको हवाईजहाजबाट घर फर्किएका थिए।

काभा महिला भलिबलसहित साधारणसभा स्थगित

नेपाल भलिबल संघ (एनभिए)ले १५ देखि २२ नोभेम्बरसम्म पहिलोपटक काभा महिला भलिबल लिग आउटडोरमा गर्ने तयारी गरेको थियो। दर्शकको मागअनुसार काठमाडौंको टुँडिखेलमा खेल गर्ने योजनामा थियो। संघले देशको घटनाक्रमअनुसार प्रतियोगिता स्थगित गरेको छ। शनिबार सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा)ले भर्चुअल बैठक बस्दै यो निर्णय गरेको हो। राष्ट्रिय खेलकुद परिषद्भित्र रहेको कभर्ड हल पुनर्निर्माण भए पनि दर्शक क्षमता एक हजार मात्र रहेको छ। यसकारण संघले टुँडिखेलमा गर्ने निर्णय गरेको थियो। जेन-जीको आन्दोलनकै कारण ३० भदौमा पोखरामै हुने तय भएको संघको साधारणसभा स्थगित भएको छ।

नाइट रन स्थगित

३ असोजमा तय गरिएको नेपालगन्ज १० नाइट रन स्थगित भएको छ। देशको विषम परिस्थितिका कारण अर्को सूचना नभएसम्मका लागि नाइट रन स्थगित गरिएको संस्थापक टिएस ठकुरीले जानकारी दिए। विश्व दौडको साझा संस्था एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)को पूर्णकालीन सदस्यता लिएपछि आधिकारिक रूपमा नाइट रनको दोस्रो संस्करण गर्न लागिएको थियो। यो प्रतियोगिताको विजेतालाई थाइल्यान्डको बाङ्सेनमा हुने दौडमा सहभागी गराउने तयारी थियो। नाइट रन स्थगित गरे पनि आयोजकले २८ असोजमा गौघाट ग्रिन रन र ६ मंसिरमा हुने नेपालगन्ज म्याराथनको तयारीमा जुटेको ठकुरीले बताएका छन्।

अन्तिम चरणको तयारीमै रोकियो स्पोर्टस् अवार्ड

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेफ)ले हरेक वर्ष आयोजना गर्ने पल्सर स्पोर्टस् अवार्ड पनि आन्दोलनका कारण स्थगित भयो। अवार्ड पहिलोपटक काठमाडौंबाहिर पोखरामा आयोजना गर्ने तयारी अन्तिम चरणमा पुगेको थियो। २४ भदौमा अवार्ड समारोहस्थल आगजनीमा पऱ्यो। देशको परिस्थितिका कारण तत्कालै अवार्ड स्थगित गरिएको मञ्चका महासचिव अञ्जन खड्काले बताए।

महिला भलिबल लिगको नयाँ मिति तोकिने

दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिगका बाँकी खेलको नयाँ मिति घोषणा गरिने भएको छ। इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको लिग २४ भदौमा रोकिएको थियो। लिगकी प्रमुख कार्यकारी अधिकृत स्नेभी चापागाईंले आइतबार लिगका बाँकी खेल सुचारु गर्न नयाँ मिति तोकिने जानकारी दिएकी छिन्।

लिगका १६ मध्ये नौ खेल सम्पन्न भएका थिए। सात खेल बाँकी रहेकाले अंकतालिका हेरेर नयाँ मिति घोषणा गर्ने उनले बताइन्। 'नेपाल भलिबल संघ, सहभागी ६ फ्रेन्चाइज टोली र प्रायोजकसँग मिलेर नयाँ मिति घोषणा गर्छौं,' चापागाईंले भनिन्, 'नयाँ मिति तय गर्दा सुरक्षालाई प्राथमिकता दिइनेछ।' लिगमा सहभागी ६ टोलीले समान तीन खेल खेलेका छन्। नियमअनुसार सहभागीले एकआपसमा पाँच खेल खेल्नुपर्नेछ। अंकतालिकामा पहिलो र दोस्रो स्थानमा रहेका टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।

पहिलो संस्करणको उपविजेता ललितपुर क्विन्स र साबिक विजेता कर्णाली यसबिसले समान ९ अंक बटुलेका छन्।

नेपाल र वेस्ट इन्डिजबिचको सिरिजको नाम 'युनिटी कप'

नेपालले २८, २९ र ३० सेप्टेम्बरमा वेस्ट इन्डिजविरुद्ध शारजहाँ रंगशालामा प्रतिस्पर्धा गर्नेछ



नयाँ पत्रिका

नेपाल र वेस्ट इन्डिजबिचको ऐतिहासिक टी-२० आई सिरिजको नाम 'युनिटी कप' हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार सामाजिक सञ्जालबाट सिरिजको नाम युनिटी कप हुने जनाएको छ। यस सिरिज नेपालले भोगेको अप्रत्याशित परिस्थिति र परिणामका कारण ज्यान गुमाएकाप्रति समर्पित रहने क्यानका प्रवक्ता छुम्बी लामाले बताए। 'हामी खेलकुदको शक्तिमा विश्वास गर्छौं। जसले हृदयलाई एकताबद्ध र राष्ट्रलाई प्रेरित गर्छ। युनिटी कप भनेको सबैलाई एकसाथ ल्याउन, बलियो बन्धन निर्माण गर्न जोस र सद् भावका साथ निको पार्ने र पुनर्जीवित गर्ने हाम्रो आह्वान हो,' लामाले भने।

नेपालले पहिलोपटक टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग ऐतिहासिक रूपमा टी-२० आई सिरिज खेल्न लागेको हो। दुईपटकको टी-२० विश्वकप विजेता वेस्ट इन्डिजले नेपालविरुद्ध शारजहाँ रंगशालामा प्रतिस्पर्धा गर्नेछ। 'हामी एक भएर उभिएका छौं। पहिलेभन्दा ठुलो, राम्रो र बलियो भएर बाहिर निस्कनेछौं। हामी यो शृंखला गत हप्ता अप्रत्याशित परिस्थिति र परिणामका कारण ज्यान गुमाएका सबै जीवनहरूको सम्मानमा समर्पित गर्दछौं,' क्यानका प्रवक्ता लामाले भने। नेपालले २८, २९ र ३० सेप्टेम्बरमा वेस्ट इन्डिजविरुद्ध प्रतिस्पर्धा गर्नेछ। नेपालले यस सिरिजलाई ओमानमा हुने आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटको तयारीका रूपमा लिएको छ। यसअघि नेपालले अस्ट्रेलियामा स्थानीय टोलीसँग अभ्यास खेल खेलेको थियो।

रियल म्याड्रिड अपराजित



एजेन्सी

रियल म्याड्रिडले स्पेनिस ला लिगामा अपराजित यात्रा कायम राखेको छ। रियलले शनिबार राति लिगको चौथो खेलमा रियल सोसिडाडलाई २-१ ले हरायो। सोसिडाडको घरेलु मैदानमा रियल म्याड्रिडलाई जित दिलाउन केलियन एम्बाप्पे र अर्दा गुलरले समान एक गोल गरेका थिए। सोसिडाडका लागि मिकेल ओयारजबाईले गोल फर्काए पनि टिमको हार टार्न सकेनन्। चौथो जितसँगै रियल म्याड्रिडले ला लिगामा शीर्ष स्थानमा १२ अंक बटुलेको छ।

समान खेलबाट २ अंक बटुलेको सोसिडाड १७औं स्थानमा छ। सोसिडाडले जित निकाल्न सकेको छैन। खेलको १२औं मिनेटमा एम्बाप्पेले रियललाई १-० को अग्रता दिलाए। खेलको ३२औं मिनेटमा डिन हुइसेनले रातो कार्ड पाए। त्यसपछि रियल म्याड्रिडले १० खेलाडीमा रहँदै सोसिडाडविरुद्ध प्रतिस्पर्धा गरेको थियो। खेलको ४४औं मिनेटमा गुलरले रियल म्याड्रिडलाई २-० को अग्रता दिलाए। खेलको ५६औं मिनेटमा सोसिडाडका मिकेलले २-१ का लागि गोल गरे। बायर्न म्युनिखले जर्मन बुन्डेस लिगामा ह्याम्बर्गमाथि ५-० को फराकिलो जित निकालेको छ। ह्यारी केनको दुई गोलको सहयोगमा बायर्नले लिगमा लगातार तेस्रो जित हात पारेको हो।

■ साफ यू-१७ च्याम्पियनसिप आजदेखि

नेपालको पहिलो लक्ष्य सेमिफाइनल



नेपाली टोली

गोलरक्षक

पेम्बा नुर्बु भोटे, राम बोहरा र विशेष बानियाँ

डिफेन्डर

कप्तान प्रशान्त मोक्तान, दीपेन कार्की, धीरज रावल, आदित्य रानामगर, भुवन कामी, अनमोल कार्की, मौसम रोकाया र अनोज खड्का

मिडफिल्डर

प्रशान्त मेन्याङ्बो, राम थामी, कृष्ट भण्डारी, प्रतिश थापामगर, भूपेश लामा, नसिब हेन्जन, सुशन मगर, सुजन स्याङ्तान

स्ट्राइकर

समीर कुमार, दिग्विजय शाही, निशकुमार श्रेष्ठ, रोहित श्रेष्ठ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

साफ यू-१७ च्याम्पियनसिप श्रीलंकाको कोलम्बोमा सोमबारदेखि सुरु हुँदै छ। च्याम्पियनसिपमा नेपालसँगै श्रीलंका, भारत, माल्दिभ्स, बंगलादेश र पाकिस्तानले सहभागिता जनाइरहेका छन्। समूह 'ए'मा रहेको नेपालले आयोजक श्रीलंकासँग पहिलो दिन प्रतिस्पर्धा गर्नेछ। नेपालले दोस्रो खेलमा बंगलादेशको सामना गर्नेछ। समूह 'बी'मा भारत माल्दिभ्स, पाकिस्तान र भुटान छन्। हेरक समूहमा एक-अर्कासँग प्रतिस्पर्धा गरेपछि शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन्।

दक्षिण एसियाली फुटबल संघले अहिलेसम्म विभिन्न उमेर समूह गरी नौपटक च्याम्पियनसिप आयोजना गरिसकेको छ। जसमा नेपाल चारपटक उपविजेता बनेको छ। सहभागी सबै राष्ट्रका उपाधि जित्ने लक्ष्य भए पनि नेपालको प्रारम्भिक योजना सेमिफाइनलमा स्थान बनाउने र त्यसपछि मात्र उपाधितर्फ केन्द्रित हुने प्रशिक्षक सञ्जित सिंहले बताएका छन्। साफ यू-१७ च्याम्पियनसिपको पूर्वसन्ध्यामा आइतबार आयोजित पत्रकार सम्मेलनमा प्रशिक्षक सिंहले प्रतियोगितामा बिस्तारै अगाडि बढ्ने बताए।

'हाम्रो पहिलो लक्ष्य उपाधि होइन। सुरुमा सेमिफाइनलमा स्थान बनाउने हो। त्यसपछि मात्र उपाधिको दाबेदारी प्रस्तुत गर्ने हो,' सिंहले भने, 'च्याम्पियनसिपका लागि नेपाली टोली शारीरिक र मानसिक रूपमा तयार रहेको छ।' च्याम्पियनसिपका लागि भनेर नेपाली युवा खेलाडीले प्रशिक्षणको अवसर कम पाएको उनको भनाइ छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले मोरङमा डेढ महिनाजति खेलाडीलाई प्रशिक्षणमा राखेको थियो। सोही प्रशिक्षणबाट यू-१७ राष्ट्रिय टोली बनेको हो।

छोटो अवधिको प्रशिक्षण भए पनि खेलाडीले क्लोज क्याम्पमा उत्कृष्ट प्रदर्शन गरेको प्रशिक्षक सिंहले बताए। 'प्रतियोगिताका लागि प्रशिक्षणको समय कम पायौं। जति प्रशिक्षण समय रह्यो त्यसमा युवा खेलाडीले राम्रो गरे,' उनले भने, 'हामी शारीरिक र मानसिक रूपमा तयार छौं।' एन्फाले जिल्ला, प्रदेश हुँदै केन्द्रीय छनोटबाट अन्तिम २३ सदस्यीय टोली तयार पारेको हो। एन्फाले सुरुमा सयजनाबाट दोस्रो चरणमा ४५ जनालाई बन्द प्रशिक्षणमा राखेको थियो। त्यसपछि खेलाडीको प्रदर्शनका आधारमा दुई चरणमा गरी २३ सदस्यीय टोली बनाएको प्रशिक्षक सिंहले भने।

विपक्षी सबै बलियो

नेपालका प्रशिक्षक सिंहले आफ्नो समूहका प्रतिद्वन्द्वी श्रीलंका र बंगलादेश बलियो भएको बताए। पछिल्लो केही समय उमेर समूहमा दुवै राष्ट्रले राम्रो प्रगति गरेको उनको भनाइ छ। 'समूहमा दुवै टोली राम्रा छन्।

उनीहरूलाई कमजोर मानेका छैनौं,' सिंहले भने, 'राम्रो नतिजा ल्याउन प्रतिस्पर्धा गर्छौं।' समूह चरणका प्रतिद्वन्द्वी नै बलियो भएकाले सुरुमा उपाधितर्फ केन्द्रित नभएको उनले प्रस्ट पारेका छन्। 'पहिले समूह चरण पार गर्नुपर्छ। त्यसपछि सेमिफाइनल खेल्ने हो। अहिले फाइनलबारे सोचेकै छैनौं,' उनले भने, 'सुरुमा हाम्रो ध्यान नै सेमिफाइनल पुग्ने हो। त्यसपछि मात्र अर्को योजना बन्छ।'

अनुभवी युवा खेलाडी

च्याम्पियनसिपमा नेपालको कप्तानी प्रशान्त मोक्तानले गर्नेछन्। डिफेन्स पोसेसनबाट खेल्ने मोक्तानसँग उमेर समूहका अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको अनुभव छ। उनी पहिलोपटक यू-१७ टोलीका कप्तान बनेका हुन्। अहिलेको यू-१७ टोलीमा छनोट भएका खेलाडीमध्ये मोक्तान सबैभन्दा अनुभवी खेलाडी हुन्। उनले सन् २०२५ मा भारतमा सम्पन्न साफ यू-१९ च्याम्पियनसिप खेलेका थिए। यसैगरी उनले साफ यू-१६ च्याम्पियनसिप, २०२३ र साफ यू-१७ च्याम्पियनसिप, २०२४ खेलेका थिए। दुवै प्रतियोगिता भारतमा भएको थियो।

कोलम्बोमा आइतबार आयोजित प्रिपोस्ट म्याचमा कप्तान मोक्तानले राम्रो प्रदर्शन गर्ने बताए। 'राम्रो तयारी गरेका छौं। प्रत्येक खेलमा प्रशिक्षकको रणनीतिअनुसार खेल्छौं,' उनले भने, 'अझ राम्रो पक्ष भनेको यो टोलीका खेलाडीले अन्तर्राष्ट्रिय एक्सपोजर पाएका छन्।' गत वर्ष नेपाल पुलिस क्लबले ललित स्मृति यू-१८ लिग उपाधि जित्दा उनी प्रमुख खेलाडी थिए।

■ बंगलादेशमाथि श्रीलंकाको सानदार जित

एजेन्सी/ एसिया कप टी-२० क्रिकेट प्रतियोगितामा श्रीलंकाले बंगलादेशमाथि ६ विकेटको सानदार जित निकालेको छ। अबुधाबीमा बंगलादेशले समूह 'बी'को खेलमा पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर १३९ रन बनाएको थियो। प्रत्युत्तरमा श्रीलंकाले १४.४ ओभरमा चार विकेटको नोक्सानीमा १४० रन जोड्यो। श्रीलंकाले निर्धारित ओभरभन्दा ३२ बलअघि नै जित निकालेको हो।

श्रीलंकाको जितमा ओपनर पथुम निसांकाले ३४ बलमा ६ चौका र एक छक्का प्रहार गरी ५० रनको योगदान दिए। तेस्रो क्रममा ब्याटिङ गरेका कमिल मिस्नराले नटआउट रहँदै ३२ बलमा ४६ रन जोडे। उनले चार चौका र दुई छक्का प्रहार गरेका थिए। बंगलादेशी बलरले २१ अतिरिक्त रन दिए। यसअघि ब्याटिङ गरेको बंगलादेशको इनिङ्समा जाकेर अली र समिम हुसेनले नटआउट योगदान गरे।

अलीले ३४ बलमा दुई चौकाको सहयोगमा ४१ रन जोडे। हुसेनले ३४ बलमा तीन चौका र एक छक्का प्रहार गरी ४२ रन बटुले। बंगलादेशले दुवै ओपनर शून्यमा गुमाएको थियो। कप्तान लिटन दासले २८ रन बनाए।



इन्जुरी समयमा सलाहले जिताए लिभरपुललाई

एजेन्सी

मोहमद सलाहले अन्तिम इन्जुरी समयको पाँचौं मिनेटमा गरेको पेनाल्टी गोलको सहयोगमा इंग्लिस प्रिमियर लिगको साबिक विजेता लिभरपुलले आइतबार बर्नलीमाथि १-० को जित निकालेको छ। लिभरपुलविरुद्ध अंक खोस्न लगभग निश्चित देखिएको बर्नलीले इन्जुरी समयमा सामान्य गल्ती गर्दा अंक गुमायो। जेरेमिनले डिबक्सभित्र ह्यान्ड गरेपछि लिभरपुलले पेनाल्टी पाएको हो। सलाहले कुनै गल्ती नगरी गोल गरे। लिगमा चार खेल समाप्त हुँदा लिभरपुलले शतप्रतिशत नतिजा निकालेको छ।

१२ अंक जोडेको लिभरपुल शीर्ष स्थानमा छ। दोस्रो स्थानमा रहेको आर्सनलले चार खेलबाट ९ अंक जोडेको छ। आर्सनलले एक खेल गुमाएको छ। यसैगरी टोटनह्यामले चार खेलमा ९ अंक जोडेको छ। गोलअन्तरमा टोटनह्याम तेस्रो स्थानमा छ। ९ अंक बटुलेको बर्नमाउथ चौथो स्थानमा छ। यस सिजन १२५ मिलियन पाउन्डमा लिभरपुलमा अनुबन्ध भएका एलेसान्डर इसाकले बर्नलीविरुद्ध प्रतिस्पर्धा गर्न पाएनन्। बर्नलीले लिभरपुलविरुद्ध बलियो डिफेन्स रणनीति बनाएको थियो। जसकारण लिभरपुलले खेलको अन्तिम समयमा प्राप्त एक मात्र पेनाल्टीमा गोल गरेको हो। घरेलु टोली बर्नलीका गोलरक्षक मार्टिनले केही उत्कृष्ट बचाउ गर्दा लिभरपुल निराश बनेको थियो। गोलरक्षक मार्टिनले डोमिनिक स्जोबोसा तथा फेडेरिकोका राम्रा गोल प्रयासलाई विफल पारेका थिए।

१० खेलाडीमा सीमित बर्नली

लिभरपुललाई कडा टक्कर दिएको बर्नली खेलको अन्तिम ६ मिनेट दश खेलाडीमा सीमित भएको थियो। खेलको ८४औं मिनेटमा लेसेल गोचुकाउ दोस्रो पहँेलो कार्ड व्यहोर्दै बाहिरिएका थिए। उनले फलारिन विट्जलाई फल गरेपछि रेफ्री माइकल ओलिभरले रातो कार्ड देखाए। यसअघि लेसेसले एलेक्सिस अलिस्टरमाथि फल गर्दा चेतावनीस्वरूप पहँेलो कार्ड पाएका थिए। त्यसपछि बर्नलीले १० खेलाडीमा प्रतिस्पर्धा गऱ्यो। यद्यपि, साबिक विजेता टोलीले त्यसको फाइदा लिन सकेन। लिभरपुलले अघिल्लो तीन खेलमा ८०-९० मिनेटभित्र गोल गरेको थियो। यसपटक बर्नलीविरुद्ध पनि यस्तै प्रदर्शन गर्ने अपेक्षा थियो।

अन्तिम समयमा भाग्यमानी लिभरपुल

यस सिजनमा शतप्रतिशत नतिजा निकालेको लिभरपुलले अन्तिम समयमैतिर गोल गरेको देखिन्छ। घरबाहिर दोस्रोपटक जित निकाल्ने क्रममा इन्जुरी समयमै विजयी गोल गरेको छ। यसअघि न्युकासलविरुद्ध जित निकाल्दा खेलकै इन्जुरी समयमै गोल गरेको थियो। नयाँ सिजनमा खर्चिलो क्लब बनेको लिभरपुलको खेल रणनीतिमा अझै कमजोरी भएको प्रशिक्षक अर्नेले बताए। 'लगातार चार खेलमा जित निकाले पनि हाम्रो रणनीति अझै मिलेको छैन,' उनले भने, 'फिनिसिङ लाइनअप बलियो भए पनि सहज गोल निस्किरहेको छैन।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com